# अध्याय : एक

# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **"इलाम जिल्लाका विद्यालयहरूमा कक्षा-दशमा व्याकरण शिक्षण गर्दा अपनाइएका क्रियाकलापहरूको अध्ययन"** रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोध त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय श्री सकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङ अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा.शि. ५९८ पत्रको प्रयोजनका लागि तयार पारिएको हो ।

## १.३ शोध परिचय

अधिकांश नेपालीहरूको मातृभाषाका रूपमा रहेको 'नेपाली भाषा' माध्यम भाषाको साथै विभिन्न भाषाभाषी बीचको सम्प्रेषणको साझा माध्यम समेत बन्न सफल भएको छ । "नेपालको अन्तरिम संविधान २०६३" मा नेपाली भाषालाई माध्यम भाषा तथा सरकारी कामकाजको भाषाको रूपमा स्पष्ट उल्लेख भएबाट पनि नेपाली भाषालाई महत्त्वपूर्ण रूपमा हेरिएको छ ।

भाषाशिक्षणको पूर्वीय परम्परा वा पाश्चात्य परम्परा दुवैतिर व्याकरण शिक्षणलाई नै भाषाशिक्षण मानिन्थ्यो । भाषावैज्ञानिकहरू व्याकरणलाई भाषा विज्ञानको एक महत्त्वपूर्ण एवम् मूलभूत अङ्गका रूपमा स्विकार्दछन् । यसरी भाषा र व्याकरण भाषाशिक्षणमा एक अर्काका परिपूरक बनेका छन् । यसरी हेर्दा नेपाली भाषाको प्रयोगमा एकरूपता ल्याउनका लागि व्याकरणमा पनि एकरूपता हुन आवश्यक छ । हालसम्मको अनुसन्धान अनुसार नेपाली भाषाको व्याकारण लेख्ने प्रथम वैयाकरण अङ्ग्रेजी विद्वान 'जे.ए. टन' हुन् । सन् १८२० मा उनले "ग्रामर अफ द नेपाली ल्याङ्वेज" लेखेका थिए । शैक्षिक व्याकरणसँग सम्बन्धित विभिन्न समस्याहरूलाई मध्यनजर गरी नेपाली विद्वानहरूबाट पनि नेपाली व्याकरणका क्षेत्रमा विभिन्न प्रयासहरू भएको पाइन्छ । नेपाली विद्वानहरूमा पण्डित हेमराजको वि.सं. १९६९ मा प्रकाशित 'चन्द्रिका' व्याकरण नेपाली भाषाको प्रयोगमा

एकरूपता ल्याउने प्रयास भएको व्याकरण हो । यस व्याकरणलाई शैक्षिक प्रयोगका दृष्टिले व्यवस्थित रूपमा लेखिएको आधिकारिक व्याकरण मानिन्छ ।

व्याकरणले भाषालाई नियमित बनाइ शुद्ध वा अशुद्ध भनी वर्णन गर्छ । भाषिक ज्ञान र सीप विकासका लागि व्याकरण शिक्षण गर्नु अति जरुरी छ । व्याकरणले भाषिक संरचनामा आएको अपूर्णतालाई पूर्ण बनाउने साथै भाषाको मानकरूप, स्तरीय रूप, भाषिका, थेगो, अस्वीकृत रूप आदि समेतलाई छुट्याई दिने काम गर्छ । यसरी नेपाली भाषा विषयको पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू परिपूर्ति गर्नका लागि उपयुक्त शिक्षण विधि र क्रियाकलापहरूको प्रयोग गरी प्रभावकारी ढङ्गले व्याकरण शिक्षण गर्नु जरुरी छ । यसै सन्दर्भमा वर्तमान माध्यमिक तहको कक्षा १० को पाठ्यक्रमले निर्दिष्ट गरेका व्याकरण शिक्षणका उद्देश्यहरूलाई पूरा गर्नका लागि पाठ्यपुस्तकमा प्रयुक्त व्याकरण शिक्षण क्रियाकलाप कसरी गरिदै आएको छ त्यसको बारेमा खोज, अध्ययन हुनु नितान्त आवश्यक छ ।

## १.४ समस्याकथन

भाषा ज्ञान आर्जनको माध्यम हो । कथ्य भाषालाई लेख्य रूपमा सुरक्षित गर्दा लेखनका नियमहरूलाई पछ्याउन पर्ने हुन्छ । भाषा लेखनका क्रममा अभिव्यक्तिलाई बनाउने नियम नै व्याकरण हो । भाषाबिना व्याकरणको अस्तित्त्व हुँदैन भने व्याकरण विनाको भाषा पनि हुन सक्तैन त्यसकारण भाषा र व्याकरणको सम्बन्ध ज्यादै नजिक रहेको हुन्छ । नेपाल बहुभाषिक देश भएकाले हाम्रा कक्षाकोठामा विभिन्न भाषा र संस्कृति भएका बालबालिका आउने गरेका छन् । यस परिस्थितिमा राष्ट्रभाषा नेपालीको प्रयोगमा एकरूपता ल्याउनका लागि व्याकरण शिक्षणका क्रियाकलापमा पनि निश्चित नियमका आधारमा एकरूपता ल्याउनु अनिवार्य देखिन्छ ।

नेपाली भाषाशिक्षणको सन्दर्भमा “प्राथमिक पाठ्यक्रम २०४९” ले प्राथमिक तहमा नेपाली भाषापाठ्यपुस्तक भित्र कार्यमूलक व्याकरण अभ्यास समावेश गरेको छ । जसबाट पाठ्यपुस्तकमा समाविष्ट पाठहरूको अभ्याससँगै व्याकरणको प्रयोग विद्यार्थीहरूमा हुनगई पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य पूरा हुन्छ ।

त्यसै गरी निम्न माध्यमिक तहमा व्याकरणलाई अलग्गै राखेर कोरा नियममात्र सिकाउनुभन्दा व्याकरणलाई भाषासँगै एकीकृत गरी सिकाउनु राम्रो हुने भएकाले सोही

अनुरूपको भाषा पाठ्यक्रममा परिवर्तन हुँदै जानु जरुरी छ । व्याकरण शिक्षणबाट नै भाषिक प्रयोगमा हुने त्रुटीहरूको निराकरण गर्न सकिन्छ ।

माध्यमिक तहका पाठ्यपुस्तकमा समाविष्ट व्याकरण तत्त्वहरूको सैद्धान्तिक ज्ञानमा बढीजोड दिनु भन्दा पाठमा प्रयुक्त शब्द, वाक्य आदि भाषिक एकाइहरू भित्र भाषाका व्यवस्था खोज्ने र बुझ्ने अभ्यास गराउनु सान्दर्भिक हुन्छ । भाषिक परिष्कारका लागि व्याकरणको सैद्धान्तिक एवं व्यवहारिक ज्ञान दिनु आवश्यक हुन्छ । हाम्रो जस्तो भाषिक विविधता भएको मुलुकमा राष्ट्रभाषा नेपालीको मानक रूपको प्रयोग सिकाउनका लागि व्याकरण शिक्षण अनिवार्य एवं अपरिहार्य छ ।

भाषाको शुद्ध र मानक रूपको प्रयोग गर्ने क्षमताको अभिवृद्धिका लागि नेपाली भाषाका साथसाथै व्याकरण शिक्षण गरिएको हो । व्याकरण शिक्षणको प्रमुख प्रयोजन विद्यार्थीहरूलाई आफ्नो भाषामा अन्तर्निहित व्याकरण तत्त्वहरूको निरीक्षण, परीक्षण तथा विश्लेषण गर्ने क्षमताको विकास गराउनु हो । यसरी नेपालमा विद्यालय तहको पाठ्यक्रममा समय समयमा परिवर्तन हुँदै नयाँ पाठ्यक्रम र सो पाठ्यक्रम अनुरूपको पाठ्यपुस्तकहरू लागु हुँदै आएका छन् । सामुदायिक (सरकारी) तथा निजी विद्यालयहरूमा कक्षा-१० मा नेपाली भाषाशिक्षण गर्ने शिक्षकहरूले व्याकरण शिक्षणमा के कस्ता शिक्षण सिकाइ क्रियाकलापहरू अपनाउने गरेका छन् ? सो को अध्ययन यो शेध कार्यको प्रमुख समस्या हो । यहाँ उक्त समस्यासँग सम्बन्धित केही समस्याहरूलाई बुँदागत रूपमा उल्लेख गरिएको छ ।

क. कक्षा १० मा व्याकरण शिक्षण गर्दा के कस्ता शिक्षण विधि तथा क्रियाकलापहरू अपनाइएको छ ?

ख. व्याकरणशिक्षण गर्दा शिक्षकहरूले अपनाउने शिक्षण सिकाइ क्रियाकलापबीच के कति समानता र भिन्नता पाइन्छन् ?

ग. सामुदायिक तथा निजी (संस्थागत) विद्यालयहरूमा व्याकरण शिक्षणको प्रयोजन अनुसारका उपयुक्त शिक्षण क्रियाकलापहरू प्रयोग भएका छन् छैनन् ?

घ. तालिम प्राप्त र अप्राप्त शिक्षकहरूबीचमा व्याकरण शिक्षण गर्दा क्रियाकलापमा के कस्ता भिन्नताहरू पाइन्छन् ?

ङ. व्याकरण शिक्षणलाई प्रभावकारी एवं समयानुकुल बनाउन के-के सुझाव हुन सक्छन् ?

## १.५ शोधको उद्देश्य

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

क) शिक्षकले व्याकरण शिक्षण गर्दा अपनाउने उपयुक्त क्रियाकलापहरूको प्रभावकारिताको लेखाजोखा गर्नु ।

ख) व्याकरण शिक्षण गर्दा अपनाइने उपयुक्त विधि तथा क्रियाकलापहरू पहिल्याउनु ।

ग) तालिम प्राप्त र अप्राप्त भाषा शिक्षकहरूले व्याकरण शिक्षण गर्दा अपनाउने क्रियाकलापहरूको भिन्नता पहिचान गर्नु ।

घ) सामुदायिक र संस्थागत (निजी) विद्यालयहरूमा व्याकरण शिक्षण गर्दा पाइने फरक पत्ता लगाउनु ।

## १.६ अध्ययनको महत्त्व

भाषिक सीपका माध्यमबाट भाषाका लिखित तथा मौखिक दुवै पक्षलाई सजिलै आर्जन गर्न सकिन्छ । भाषिक सीपमा दक्षता हासिल गर्न व्याकरण शिक्षणका क्रियाकलापमा प्रभावकारिता ल्याउनु आवश्यक हुन्छ । विद्यार्थीको भाषिक पूर्वज्ञानको आधारमा पाठ्य विषयलाई रूचिपूर्ण ढङ्गले शिक्षण गरी अपेक्षित उद्देश्य पूरा गर्नको लागि उपयुक्त शिक्षण क्रियाकलापको प्रयोग गर्नु पर्ने हुन्छ । यसरी नेपाली भाषा शिक्षणमा अपनाइने शिक्षण क्रियाकलापले विद्यार्थीको व्यवहारिक ज्ञानको अभिवृद्धि गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने हुँदा नेपाली भाषा शिक्षकहरूले के कस्ता शिक्षण क्रियाकलापहरू अपनाउने गरेका छन् भन्ने कुराको अध्ययन हुनु आवश्यक छ । यसरी गरिएको यस अध्ययनबाट विद्यालय तहमा व्याकरण शिक्षण गर्दा के-कस्ता क्रियाकलापहरूको उपयोग गरिन्छ भन्ने कुराको स्पष्टता एवं उपयोग गरिएका कृयाकलापहरूको बारेमा पृष्ठपोषण प्राप्त हुनुको साथै भावी शैक्षणिक योजना निर्माणमा समेत सहयोग पुग्ने हुन्छ ।

वास्तवमा व्याकरण शिक्षणले विद्यार्थीहरूलाई स्तरीय, मानक र शुद्ध गरी भाषाको शब्द, अर्थ तथा अभिव्यक्ति सीप विकासमा अग्रसर बनाउन सक्छ कि सकदैन एवं विद्यार्थीहरू आफूले पढेका भाषाको भाषिक संरचना र व्याकरणात्मक तत्त्वको प्रयोग गर्न सक्षम छन् कि छैनन् भन्ने कुरा यस अध्ययनको महत्त्वपूर्ण पक्ष रहेको छ । यसर्थ विद्यालय तहमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षक, अध्ययन गर्ने अध्येता तथा नेपाली भाषा र व्याकरणसँग

सरोकार राख्ने जो सुकैलाई यस अध्ययनले केही हदसम्म सहयोग पुऱ्याउने छ । भविष्यमा नेपाली भाषा र व्यकरण अध्ययन गरी भावी शैक्षणिक रणनीति तयार गर्न समेत व्याकरण शिक्षणमा अपनाइने विधि तथा क्रियाकलापको अध्ययन स्वभाविक रूपमा औचित्यपूर्ण उपयोगी एवं महत्त्वपूर्ण हुने देखिन्छ ।

## १.७ अध्ययनको सीमाङ्कन

प्रस्तुत शोधकार्यको अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छ ।

क) इलाम जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत गरी जम्मा १० वटा विद्यालयमा प्रस्तुत अध्ययन समिति रहेको छ ।

ख) इलाम जिल्लाका ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयमा कक्षा-१० मा व्याकरण शिक्षण गर्ने १० जना शिक्षकहरूलाई मात्र प्रस्तुत अध्ययनमा समावेश गरिएको छ ।

ग) माध्यमिक तहको कक्षा-१० मा व्याकरण शिक्षण गर्ने शिक्षकले शिक्षण गर्दा अपनाउने शिक्षण क्रियाकलापको अध्ययनमा प्रस्तुत शोधपत्र समिति रहेको छ ।

घ) कक्षा १० मा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त सूचनाहरूको विश्लेषणमा प्रस्तुत अध्ययन सीमित रहेको छ ।

## १.८ पूर्वकार्यको समीक्षा

कुनै पनि अध्ययन गर्नु भन्दा पहिले त्यस विषयसँग सम्बन्धित अध्ययन अनुसन्धानहरूको सिंहावलोकन गर्नु आवश्यक हुन्छ । जसले गर्दा एउटै विषयसँग सम्बन्धित अनुसन्धानमा अनावश्यक पुनरावृत्ति नहुने, नयाँ अध्ययनको सैद्धान्तिक आधार प्राप्त हुने, अनावश्यक काममा अलमल नहुने, अध्ययनको क्रममा प्राप्त तथ्य तथ्याङ्क एवं जानकारीहरूको विश्लेषण गर्ने आधार तयार हुने जस्ता महत्त्वपूर्ण उपलब्धिहरू प्राप्त गर्न सकिन्छ ।

व्याकरण शिक्षणले भाषिक सीप विकासमा ज्यादै महत्त्वपूर्ण स्थान राख्ने हुनाले यस क्षेत्रमा यसभन्दा अगाडि के कस्ता अध्ययन अनुसन्धान भए ? पूर्व अध्ययनबाट के कस्ता निष्कर्ष र सुझाव प्राप्त भए ? वर्तमान अवस्थामा सो क्षेत्रमा के कस्ता समस्याहरू छन् ? भन्ने

कुराको विश्लेषण गरी नयाँ कार्यको थालनी गर्नु उपयुक्त हुने ठानी यो अध्ययन गरिएको हो ।

नेपाली भाषा शिक्षणको सन्दर्भमा व्याकरण शिक्षण सम्बन्धी केही सैद्धान्तिक तथा व्यवहारिक खोज अध्ययन अनुसन्धानहरू भएको पाइन्छ, यहाँ तिनै अध्ययनहरूलाई पूर्वकार्यको रूपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

अधिकारी (२०६१), ले 'नेपाली भाषा शिक्षण' पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूका बारेमा चर्चा गर्ने क्रममा व्याकरण शिक्षणको बारेमा चर्चा गरिएको छ । जसमा व्याकरण तत्त्वलाई भाषाको प्रयोग पक्षसँग सम्बद्ध गराएर सिकाउने कुरा माध्यमिक तहका कक्षाहरूमा निकै उपयोगी हुने देखिन्छ । किनभने उक्त तहका कक्षाहरूमा नेपाली भाषा प्रयोग सम्बन्धी आवश्यक पूर्वानुभव भइसकेको हुनुका साथै उनीहरूमा भाषा प्रयोग शुद्ध र स्तरीय हुनुपर्छ भन्ने दृष्टिकोण र व्याकरणात्मक धारणा बुझ्ने बौद्धिक क्षमता समेत केही न केही रूपमा विकास हुनेकुरा उल्लेख छ ।

शर्मा र पौडेल (२०६०), ले 'नेपाली भाषा र साहित्य शिक्षण' पुस्तकमा व्याकरण शिक्षणलाई प्रयोगसचेततातर्फ नै मूलतः केन्द्रित गरिएको छ । आगमनात्मक एवम् प्रत्यक्ष र सन्दर्भ परक विधि अपनाएर सरल र रोचक ढङ्गले अथवा व्यावहारिक ढङ्गले व्याकरणत्मक क्षमता र नियमको जानकारी तथा सीप विकासलाई माध्यमिक तहको व्याकरण-शिक्षणको उद्देश्य बनाइनु पर्ने कुरा उल्लेख गरेको पाइन्छ ।

नेपाली भाषा शिक्षण अन्तर्गतको 'सक्षमतामा आधारित निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक तालिम' (२०६३), (एक महिने-प्रथम मोड्युल) नामक पुस्तकमा व्याकरण शिक्षणका लागि विभिन्न विधि तथा क्रियाकलापहरूको प्रयोग गर्न सकिने कुराको चर्चा गरिएको छ । नियमबाट सिकाउने, उदाहरणबाट सिकाउने, भाषा पाठ्यपुस्तकबाट सिकाउने, भाषा संसर्गको रूपमा व्याकरण सिकाउने आदि प्रचलित विधि तथा शिक्षकले आवश्यक्ता अनुसार अन्य विधि तथा क्रियाकलापहरूको प्रयोग गरेर व्याकरण शिक्षण गर्नुपर्ने कुरामा जोड दिदै खेल, खोज, कथाकथन जस्ता क्रियाकलापहरू सञ्चालन हुनुपर्ने कुरालाई महत्त्वपूर्ण रूपमा अगाडि सारिएको छ ।

ढुङ्गेल र दहाल (२०६३), ले 'नेपाली भाषा शिक्षा' पुस्तकमा व्याकरणलाई भाषाको नियम हो भन्दै भाषिक ज्ञानलाई उपयुक्त स्तरण गर्न, शैलीगत विचलन हटाउन, शिष्ट भाषाको

प्रयोग गर्न सक्ने बनाउन, तर्कशक्ति र सिर्जनात्मक क्षमता विकास गर्न व्याकरणको आवश्यकत्ता दर्शाउँदै प्रायोगिक भाषा शिक्षणमा जोड दिएको पाइन्छ ।

घिमिरे (२०५५), ले 'निम्न माध्यमिक तह नेपाली भाषा पाठ्यपुस्तकमा प्रयुक्त व्याकरणका नमुना अभ्यासहरूको अध्ययन' गरेका छन् । आफ्नो शोधग्रन्थमा उनले व्याकरणका अभ्यासहरूको सैद्धान्तिक परिचय, वाक्यतत्त्व सम्बन्धी अभ्यासहरूको विश्लेषण, वर्णविन्यास र शब्दभण्डार सम्बन्धी अभ्यासहरूको विश्लेषण गरेका छन् । उनले कतिपय अभ्यासहरूमा पाठ्यक्रमले अपेक्षा गरेका व्याकरणका अभ्यासलाई स्थान नदिइएको, प्रश्न पत्र निर्माणमा वैज्ञानिकता नभएको जस्ता निष्कर्ष प्रस्तुत गरेका छन् ।

गिरी (२०५८), ले 'वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण विधाको विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधपत्र प्रस्तुत गरेको पाइन्छ । उक्त शोधपत्र पुस्तकालयीय अध्ययन विधिमा आधारित छ । वर्तमान माध्यमिक तहका नेपाली भाषाका पाठ्यक्रम र पाठ्यपुस्तकका आधारमा अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको पाइन्छ  जसबाट पाठ्यक्रम र पाठ्यपुस्तकमा व्याकरणिक पाठ्यवस्तुको स्तरण हेर्दा एकरूपता नभएको अवस्था उल्लेख छ । भाषा पाठ्यपुस्तकमा व्याकरण विधा उचित किसिमले नराखिएको र माध्यमिक तहको पाठ्यक्रमले निम्न माध्यमिक र उच्च माध्यमिक तहका पाठ्यक्रमसँग सम्बन्ध जोड्ने काम मात्र गरेको उल्लेख छ ।

थापा (२०५९), ले 'कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूमा लेख्य चिन्ह प्रयोग क्षमताको अध्ययन' गरेको पाइन्छ । प्रस्तुत अध्ययनमा नुवाकोट जिल्लामा अवस्थित ६ वटा विद्यालयको १०० जना विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिएर विद्यार्थीहरूको लेख्य चिन्ह प्रयोग क्षमताको मूल्याङ्कन गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्य कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको लेख्य चिन्ह प्रयोग क्षमता पहिल्याउनु रहेको छ । यस अध्ययनको निष्कर्षमा सार्वजनिक विद्यालयका विद्यार्थीहरू भन्दा निजी विद्यालयका विद्यार्थीहरूको लेख्य चिन्ह प्रयोग क्षमता राम्रो भएको तथा नेपाली मातृभाषी विद्यार्थीको भन्दा अन्य मातृभाषा भएका विद्यार्थीहरूको लेख्य चिन्ह प्रयोगमा बढी नै गल्ती भएको निष्कर्ष निकालिएको छ । यसले पनि अध्येतालाई सहयोग पुग्ने नै छ ।

सुवेदी (२०५९), ले 'कक्षा ९ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन' गरेकी छन् । उक्त शोध अध्ययनमा व्याकरण शिक्षणको सन्दर्भमा शिक्षकले

कक्षामा प्रयोग गरेका शिक्षण विधिहरू, तालिम प्राप्त र अप्राप्त शिक्षकहरूको शिक्षण सिकाइमा पाइने भिन्नता आदिका बारेमा उल्लेख भएको पाइन्छ । व्याकरण शिक्षणलाई प्रभावकारी र अझ व्यवहारिक बनाउने यो शोध कार्यको मूल उद्देश्य रहेको पाइन्छ ।

यसरी माथि उल्लेख गरिएका विभिन्न कृतिहरू तथा शोधग्रन्थहरूमा व्याकरणको सैद्धान्तिक एवम् व्यवहारिक दुवै पक्षमा व्याकरणका विभिन्न तत्त्वहरू, शिक्षणमा प्रयोग हुने विभिन्न पुराना तथा आधुनिक विधि तथा क्रियाकलापहरूको बारेमा अध्ययन अनुसन्धानहरू भएका देखिन्छन् । प्रस्तुत शोधपत्र यी उल्लिखेत अध्ययन अनुसन्धानहरू भन्दा फरक रहेर गरिएको छ । व्याकरण शिक्षणसँग सम्बन्धित क्रियाकलापमा केन्द्रित रहेर यो अध्ययन अनुसन्धानको कार्य गर्ने काम भएको छ ।

## १.९ अध्ययन विधि

अध्ययन अनुसन्धान एक औपचारिक एवम् व्यवस्थित कार्य भएकाले यसमा विषयसँग सम्बन्धित खास विधिहरूको उपयोग गर्नु जरुरी हुन्छ । प्रस्तुत शोधकार्यका लागि निम्नानुसारको अध्ययन प्रक्रिया अवलम्वन गरिएको छ ।

अ) **प्रश्नावली निर्माण:**

प्रश्नावली निर्माण निम्न तरिकाबाट गरिएको छ:

*क)* **प्रश्नावली:** प्रश्नावलीको माध्यमबाट व्याकरण शिक्षण सिकाई क्रियाकलापको क्रममा शिक्षकले कक्षामा शिक्षण गर्दा शिक्षण क्रियाकलासँग सम्बन्धित विभिन्न पक्षहरूको प्रयोग के कसरी गरेका छन् भन्ने कुरा शिक्षकहरूबाट नै प्रतिक्रिया लिने कार्य गरी प्रश्नावली व्यक्तिगत रूपमा शिक्षकहरूलाई भराइएको छ ।

*ख)* **कक्षा अवलोकन फाराम:** शिक्षकले कक्षामा व्याकरण शिक्षण गर्दा शिक्षण क्रियाकलापसँग सम्बन्धित विभिन्न पक्षहरूको प्रयोग के कसरी गरेका छन् सो सम्बन्धी सूचना सङ्कलन गर्नका लागि एक कक्षा अवलोकन फारामको निर्माण गरिएको छ ।

**आ) तथ्याङ्कको व्याख्या तथा विश्लेषण**

इलाम जिल्लाका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्ने जम्मा १० जना शिक्षकहरूबाट प्राप्त सूचनालाई निम्न चार पक्षमा विभाजन गरी विश्लेषण गरिएको छ ।

१. **शैक्षणिक योजनाः** (यस अन्तर्गत बार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठ्ययोजना)

२. **शैक्षिक सामग्रीः** (यस अन्तर्गत दैनिक प्रयोगमा आउने र पाठसँग सम्बन्धित शैक्षिक सामग्रीहरू)

३. **शिक्षण सिकाई क्रियाकलापः** (व्याकरण शिक्षण गर्दा कक्षामा प्रयोग गरिएका सम्पूर्ण क्रियाकलापहरू)

४. **व्यकरण शिक्षणका विधिहरूः** (यस अन्तर्गत आगमन, निगमन, भाषा पाठ्यपुस्तक तथा भाषासंसर्ग विधि)

उपरोक्त पक्षहरूको आधारमा र शोधकार्यमा प्रत्यक्ष सहयोग पुग्ने खालका सूचना तथा तथ्याङ्कहरूलाई उपयुक्त अंशको रूपमा निर्धारण गरी व्याख्या विश्लेषण गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

अध्यायः एक : शोध परिचयः

अध्यायः दुई : सोधको सैद्धान्तिक परिचय

अध्यायः तीन : प्रश्नावलीबाट प्राप्त तथ्यहरूको व्याख्या तथा विश्लेषण

अध्यायः चार : कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूको व्याख्या तथा विश्लेषण

अध्यायः पाँच : तुलनात्मक विश्लेषण

अध्यायः छ : निष्कर्ष र सुझाव

*सन्दर्भग्रन्थसूची*

*परिशिष्ट*

# अध्याय :दुई

# सैद्धान्तिक परिचय

## २.१ व्याकरणको परिचय

भाषा विचार विनिमयको प्रमुख साधन हो । भाषा मानवीय अनुभव र विचारको अभिव्यक्ति पनि हो । त्यसैले अनुभव र विचारलाई जति प्रभावकारी रूपमा व्यक्त गर्न सक्यो उति नै अरुका लागि प्रभावपूर्ण हुनजान्छ । शुद्ध, परिष्कृत, सौन्दर्यपूर्ण अभिव्यक्तिले अरुलाइ सहजै प्रभावित तुल्याउँछ । वास्तवमा सुस्पष्ट, परिष्कृत र लालित्यमय अभिव्यक्तिका लागि शुद्ध स्तरीय र मानक भाषाको प्रयोग हुनु आवश्यक छ । भाषाको प्रयोग मूलतः कथ्य र लेख्य रूपमा हुन्छ । कथ्य भाषालाई लेख्य रूपमा सुरक्षित गर्दा लेखनका नियमहरूलाई पछ्याउनु पर्ने हुन्छ । भाषा लेखनका क्रममा अभिव्यक्तिलाई बनाउने नियम नै व्याकरण हो । व्याकरणमा विभिन्न नियमहरू हुन्छन् र तिनै नियमका शुद्ध आधारमा भाषाको शुद्धीकरण गरिन्छ । व्याकरण वर्ण, शव्द र वाक्यसँग सम्बन्धित हन्छ । लिखित भाषा विचलित र अव्यवस्थित हुने भएकाले यसलाई व्यवस्थित बनाउन व्याकरणको आवश्यकता हुनु अनिवार्य हुन्छ ।

कुनै पनि भाषाको रूपगत तथा वाक्यगत संरचनाको वर्णन वा विश्लेषणलाई नै व्याकरण भनिन्छ । भाषाका संरचनात्मक विशेषताहरूको वर्णन गर्ने हुनाले व्याकरण भाषाका तत्त्वहरूसँग सम्बन्धित हुन्छ । व्याकरणले भाषाका मूल वक्ताका अभिव्याक्तिमा अन्तर्निहित संरचनालाई सुव्यवस्थित ढङ्गले वर्णन गर्छ । व्याकरण भाषा सिकाउने क्रममा सिकिँदै जाने भाषिक व्यवस्था हो । यही भाषिक व्यवस्थाको जानकारी गराउन र भाषिक संरचनामा भएको अपूर्णतालाई पूर्णबनाउने काम व्याकरणले गर्ने भएकाले भाषाका चार वटै सीप विकासका लागि पनि व्याकरण शिक्षण गर्नु अति आवश्यक देखिन्छ । भाषानिष्ठ नियम नै व्याकरण भएकाले कुनै पनि भाषाको व्यवहारमा एकरूपता स्थापित गरी मानकीकरण गर्नमा सम्बन्धित भाषाका व्याकरणको सहयोग अपरिहार्य हुने हुँदा व्याकरण सैद्धान्तिक नभइ भाषाको  समसामयिक प्रयोग र त्यसका प्रवृत्ति एवम् विशेषताहरूको प्रतिनिधित्व गर्न सक्ने हुनुपर्छ ।

## २.२ व्याकरण शिक्षणको आवश्यकता

भाषा शिक्षणमा व्याकरणको महत्त्वपूर्ण भूमिका रहन्छ । भाषाको स्तरीय शिक्षण प्रयोगको विकासका लागि व्याकरण शिक्षण हुनु अति आवश्यक छ । व्याकरण भाषाको अन्तर्निहित व्यवस्था भएकाले यसको शिक्षणले शिक्षार्थीलाई भाषा प्रयोगको व्यवस्थागत पक्षप्रति सचेत गराउन भाषामा भएका नियम र नियमितता ठम्याउन तथा आफ्ना प्रयोग र अरुबाट भएका प्रयोगमा आउने व्याकरणात्मक नियमबाट भएका विचलनहरू ठम्याउने सचेतता विकासमा सहयोग पुग्ने भएकोले समेत भाषा शिक्षणको सन्दर्भमा व्याकरण शिक्षण अति आवश्यक छ ।

भाषा शिक्षण गर्नु भनेको भाषिक विषयवस्तु बोध गर्ने तथा व्यक्त गर्ने माधयमको शिक्षण हो । भाषा शिक्षण गर्नु भनेको ज्ञानको शिक्षण नभई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप विकास गर्नु भएकाले यीनै भाषिक सीप विकासमा टेवा पुग्ने उद्देश्य अनुरूप माध्यमिक तहमा व्याकरण शिक्षणलाई अनिवार्य नेपाली भाषा शिक्षणमा समावेश गरी शिक्षण गरिन्छ । माध्यमिक पाठ्यक्रम- २०६४ अनुसार माध्यमिक तहमा व्याकरणलाई नियमहरूमा केन्द्रित गरी परिभाषा र उदाहरणद्वारा पुस्ट्याईं गर्ने परम्परालाई त्यागी विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रैबाट नियमको खोजी गर्ने परिपाटीको विकास गर्नुका साथै विद्यार्थीहरूको आफ्नो भाषा प्रयोगमा व्याकरणको व्यवस्था खोज्न लगाउने र त्यसमा परिष्कार ल्याउन व्याकरणात्मक सुझको उपयोग गर्नु आवश्यक ठानिएको छ । यसरी भाषा सिकाइमा शिक्षार्थीहरूका कठिनाइहरू पहिल्याउने र तिनको समाधान गर्ने पक्षसँग व्याकरण शिक्षण सम्बन्धित रहेको छ । यसको साथै वर्तमान पाठ्क्रमले नेपाली विषयलाई माध्यमिक तहको कक्षा १० मा १०० पूर्णाङ्कको अनिवार्य विषयको रूपमा राखि यसको पाठ्यभार प्रतिहप्ता ५ पिरियड तोकिएको छ । समय सापेक्ष विषयवस्तु व्याकरण र सिर्जनात्मक सीप अभिबृद्धि गर्न सक्ने विषयवस्तु पाठ्यक्रममा समेटिए अनुसार विद्यार्थीलाई समय सापेक्ष नवीन धारणाको ज्ञान गराउँदै भाषिक दक्षतामा कुशल बनाउने कार्यमा भाषा पाठ्यपुस्तकको महत्त्वपूर्ण भूमिका रहेको छ । यसरी व्याकरण पक्ष समावेश गर्दा आगमनात्मक विधि अपनाउन सकिने गरी धारणा, प्रयोग र परिभाषाको क्रम निर्धारण गरिएको पाइन्छ । भाषातत्त्व अर्थात व्याकरणलाई सैद्धान्तिक रूपमा छुट्टै नराखि विषयवस्तु सँगसँगै व्याकरण सिकाउन खोजिएको छ । यसर्थ माध्यमिकतहको पाठ्यक्रमको आधारमा व्याकरण शिक्षणको मुख्य आवश्यक्तालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- भाषाको प्रयोगमा भाषिक अनुशासन कायम राख्न,
- भाषा सिकाइमा आउने कठिनाइलाई निराकरण गर्न तथा सिकाइलाई सुगम बनाउन ।
- विद्यार्थीको भाषिक ज्ञानलाई उपयुक्त रूपमा व्यवस्थित गर्न ।
- भाषिक अभ्यासहरू औपचारिक एवं अनौपचारिक रूपमा गराउन ।
- शिष्ट भाषाको प्रयोग गरी भाषिक व्यवहार गर्न ।
- पहिलो भाषामा प्राप्त गरिसकेको व्याकरणसँग दोस्रो भाषाको व्याकरणको तुलनात्मक अनुभव गर्न ।
- विद्यार्थीहरूमा तार्किक एवम् सिर्जनात्मक क्षमता अभिबृद्धि गर्न ।
- भाषाका चारै सीपको विकास गर्न ।

## २.३ व्याकरण शिक्षणको प्रयोजन

भाषा र व्याकरण एक अर्काका अन्तरसम्बन्धित विषय हुन् । भाषा शिक्षणका सन्दर्भमा व्याकरण शिक्षणको महत्त्वपूर्ण स्थान हुन्छ । भाषाका चारओटै सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ)लाई शुद्ध र व्यवस्थित रूपमा सिक्नका लागि व्याकरणले सुझ प्रदान गरेको हुन्छ । व्याकरणलाई भाषाको शासक र भाषालाई शासितका रूपमा स्वीकार गर्न सकिन्छ । व्याकरण शिक्षणको प्रमुख प्रयोजन विद्यार्थीलाई सैद्धान्तिक ज्ञान सिकाउनु नभई सिकाइका क्रममा आइपर्ने समस्याहरूलाई निराकरण गर्नु, सिकाइलाई सरल बनाउनु, भाषा प्रयोगको शुद्धता र उपयुक्तता प्रति सचेतता प्रदान गर्नु व्याकरणका नियमलाई भाषाको प्रयोगसँग सम्बन्धित गराएर बुझ्ने क्षमताको विकास गर्नु, भाषाको प्रयोगमा आएका समस्यालाई विद्यार्थी स्वयम्ले हल गर्न सक्ने बनाउनु, व्याकरणिक सुझका साथ-साथै विद्यार्थीहरूलाई भाषा सिकाउनु आदि रहेको पाइन्छ । नेपाली भाषा र व्याकरण शिक्षणका सन्दर्भमा परम्परागत र आधुनिक मान्यता रहेको पाइन्छ । परम्परागत मान्यताले भाषालाई शुद्ध र स्पष्ट रूपमा लेख्न र बोल्न सिकाउने विषय नै व्याकरण हो भन्दछ । यस धारणाले व्याकरणको औपचारिक शिक्षणमा जोड दिएको छ । परम्परागत मान्यताअनुसार व्याकरणको औपचारिक शिक्षण विना भाषा शुद्धसँग बोल्न र लेख्न नसकिने हुनाले कुनैपनि भाषाका वक्ताले शुद्ध भाषाको प्रयोगका लागि व्याकरण जान्नु आवश्यक मनिएको छ । आधुनिक

मान्यताअनुसार भाषा सँगसँगै व्याकरण स्वतः सिकिन्छ । व्याकरण भाषासँग अन्तर्निहीत हुन्छ । व्याकरणलाई भाषिक सीप विकास गर्ने अभिन्न अङ्ग बनाएर भाषा सम्बद्ध उपयोगी साधनका रूपमा हेरिनु पर्दछ भन्ने मान्यता रहेको छ ।

व्याकरण अन्य विधाका तुलनामा बढी सैद्धान्तिक र नियमबद्ध हुने गर्दछ जसको कारण सिकाइ निरसिलो हुन पुग्दछ । व्याकरण शिक्षण गर्दा उपयुक्त शिक्षण विधिका साथसाथै विद्यार्थीको रूचि, चाहना, क्षमता, उमेर, स्तर, सांस्कृतिक तथा पारिवारिक विभिन्नतालाई ख्याल गर्नु पर्ने हुन्छ । व्याकरण शिक्षणको निरसता हटाउन शिक्षकले सकेसम्म रोचक ढङ्गले शिक्षण गर्ने प्रयास गर्नुपर्दछ । यसको लागि शिक्षकले व्याकरण शिक्षणको प्रयोजन बुझ्नु अनिवार्य हुन्छ । विद्यार्थीहरूमा पनि व्याकरणिक नियमहरू बुझ्नको लागि आवश्यक भाषिक तथा व्याकरणिक पृष्ठभूमिको विकास भएको हुनुपर्दछ । विद्यार्थीहरूलाई भाषिक व्यवस्थाको ज्ञान दिने, भाषिक व्यस्थाप्रति सचेत गराउने, भाषिक नियम र विशेषता पत्ता लगाउने, शुद्ध भाषिक रूपको प्रयोग गर्ने भाषा-भाषा बीचको भाषिक संरचना थाहा पाउने, भाषाको स्थानीय र मानक भेदबीचको संरचना छुट्याई मानक रूप प्रयोग गर्न सक्षम बनाउने जस्ता प्रयोजनका लागि व्याकरण शिक्षण गरिदै आएको पाइन्छ । यसरी हेर्दा व्याकरणले भाषाका शुद्ध अशुद्ध शिष्ट-अशिष्ट सही गलत उपयक्त-अनुपयुक्त मानक-अमानक रूपको प्रयोग गर्ने सचेतता प्रदान गर्दछ ।

माध्यमिक तह पार गर्ने अवस्थामा पुगेका कक्षा दशका विद्यार्थीहरूमा व्याकरणका आधारभुत नियमहरू बुझ्ने र त्यसलाई सही प्रयोग गर्ने भाषिक पृष्ठभूमिको विकास भइसकेको हुन्छ । व्याकरण शिक्षण गर्दा विद्यार्थीहरूको स्तर क्षमता, रूचि, चाहना, आवश्यकता र उनीहरूको भाषिक पृष्ठभूमिलाई ख्याल गरेर उपयुक्त शिक्षण विधिको प्रयोग गर्नुपर्दछ । व्याकरण शिक्षण सैद्धान्तिक नभई व्यवहारिक हुनु आवश्यक छ । भाषा सिकाइका क्रममा भाषिक त्रुटिको सुधार गर्न व्याकरणको सैद्धान्तिक ज्ञान मात्र अपर्याप्त हुन्छ । भाषाको उपयुक्त प्रयोग कहाँ र कुन प्रसङ्गमा गरिन्छ र हुन्छ भन्ने कुरा भाषाको प्रसङ्गपूर्ण प्रयोगको अभ्यासमा नै बढी भर पर्दछ । भाषाको सन्दर्भपूर्ण र उपयुक्त प्रयोग गर्न सक्ने विद्यार्थीलाई उसको आफ्नो भाषाको व्याकरण ठम्याउन सजिलो हुन्छ । भाषाको उपयुक्त प्रयोगप्रतिको सचेतता र विश्लेषण गर्ने क्षमता विकासका लागि व्याकरण शिक्षण आवश्यक र अपेक्षित ठानिन्छ । व्याकरण शिक्षणको प्रयोजन पनि विद्यार्थीहरूलाई आफ्नो भाषा भित्र रहेको व्याकरणगत पक्षहरूको व्याख्या र विश्लेषण गर्ने क्षमता विकास गर्नु हो । व्याकरण शिक्षणले

विद्यार्थीहरूलाई शुद्ध, स्पष्ट, उपयुक्त र परिष्कृत भाषा प्रयोग गर्ने क्षमताको विकास गराउँछ। खासगरी माध्यमिक तहसम्म व्याकरणका सूक्ष्म नियमतर्फ नगई सजिलै छुट्याउन सकिने र ठुलो बौद्धिक कसरत गर्नुनपर्ने किसिमले व्याकरणात्मक नियम र संरचनात्मक क्षमता विकास गराउनु उपयुक्त मानिन्छ । यसरी हेर्दा व्याकरण शिक्षणले शिक्षार्थीहरूलाई सैद्धान्तिक ज्ञान दिने नभई,शुद्ध ,स्पष्ट सान्दर्भिक तथा परिष्कृत भाषा प्रयोग गर्ने क्षमताको विकास गराउँछ । व्याकरण भाषासँग अन्तरसम्बन्धित हुने भएकाले यसलाई भाषिक सीप विकासका लागि उपयोगमा ल्याउने महत्त्वपूर्ण साधनको रूपमा पनी हेरिएको पाइन्छ ।

## २.४ व्याकरण शिक्षणका क्रियाकलापहरू

भाषा मानवीयविचार आदान प्रदान गर्ने सशक्त माध्यम भएकाले यसको शिक्षण सिकाइमा विशेष ध्यान पु-याएर विद्यार्थीहरूलाई प्रभावकारी ढङ्गले आफ्ना विचारहरू दिन र अरुका विचारहरू लिन सक्ने बनाउनुपर्दछ । माध्यमिक तहमा नेपाली भाषा शिक्षणको क्रममा व्याकरण शिक्षणका क्रियाकलापहरू सञ्चालन गर्दा भाषिक सीप विकासमा नै बढी जोड दिने पर्ने हुन्छ । जसमा पनि माध्यमिक तहमा पढाइ र लेखाइ सीपमा दक्ष वनाउने किसिमका व्याकरण शिक्षणका क्रियाकलापहरू बढी सञ्चालन गर्नु राम्रो हुन्छ ।

भाषा शिक्षणका कार्यकलापहरूको मूल अपेक्षा लक्ष्य भाषाका आवश्यक कोशीय शव्दहरूलाई व्याकरण सम्मत वाक्य ढाँचामा विद्यार्थीहरूले धारणात्मक वा अभिव्यक्तिगत दृष्टिले संयोजन गर्न सिकून् भन्ने रहन्छ भने व्याकरण शिक्षण शुद्ध वाक्यहरू उत्पन्न गर्ने क्षमताको विकास गर्ने उदेश्यमा संलग्न रहन्छ । व्याकरण शिक्षण गर्नुको उद्देश्य विद्यार्थीहरूलाई भाषाको शुद्ध प्रयोग प्रति अभिप्रेरित गर्नु हो । व्याकरण शिक्षणका क्रियाकलाप गर्दा व्याकरणलाई नियमहरू केन्द्रित गरी परीभाषा र उदाहरणद्वारा प्रष्ट पार्ने परम्परालाई विद्यार्थीहरूमा उदाहरण र प्रयोगका आधारमा सम्बद्ध पाठभित्रवाटै नियमको खोजी गर्ने उत्सुकता जगाइ दिनु उपयुक्त हुन्छ । विद्यार्थीहरूकै आफ्नो भाषा प्रयोगमा व्याकरणको व्यवस्था खोज्ने क्रियाकलाप गराउनु प्रभावकारी हुने भएकोले व्याकरण शिक्षणका क्रियाकलाप गर्दा व्याकरणका आधारभूत तत्व बुझी तिनको उपयुक्त प्रयोग गर्न व्याकरणलाई पाठसँग एकीकृत गरी शिक्षण गर्नु उपयुक्त हुन्छ ।

व्याकरण शिक्षणका मुख्य क्रियाकलापहरूलाई निम्नानुसार सञ्चालन गर्न सकिन्छ ।

(क) श्रुतिलेखन ।

(ख) अनुलेखन ।

(ग) हिज्जे प्रतियोगिता ।

(घ) स्वतन्त्र लेखन।

(ङ) छलफल संवाद र अन्तरक्रिया ।

(च) प्रश्नोत्तर ।

(छ) लेखन शुद्धीकरण अभ्यास ।

(ज) अभ्यास र पुनरावृत्ति ।

(झ) आधिकारिक व्याकरण तथा शव्दकोशको प्रयोग ।

यसरी व्याकरणका विभिन्न पक्षहरूको शिक्षण क्रियाकलापमा विद्यार्थीहरूलाई सक्रिय सहभागीता गराई उनीहरूले गरेका त्रुटीहरूलाई शिक्षकले निरकरण गरिदिने प्रक्रिया अवलम्वन गर्दा व्याकरण शिक्षण प्रभावकारी हुन जान्छ ।-

## २.५ व्याकरण शिक्षणका प्रमुख विधिहरू

### २.५.१ आगमन विधि

आगमन विधि उन्नाइसौं शताब्दीमा देखापरेर बीसौं शताब्दीमा पूर्ण विकसित भएको पछिल्लो र आधुनिक विधि हो । भाषा र व्याकरणको औपचारिक शिक्षणमा कम महत्त्व दिने यस विधिले भाषा प्रयोगका आधारमा सिकिन्छ भन्ने मान्यतालाई अपनाएको पाइन्छ । वर्णनात्मक भाषाविज्ञान निकट रहेको आगमन विधिले व्यवहारवादी मनोविज्ञानले निर्देश गरेका सिकाइका नियम तथा सुत्र र बालमनोविज्ञानका अवधारणालाई पछ्याउने काम गरेको छ । आगमन विधिले बढी भन्दा बढी विद्यार्थी केन्द्रित शिक्षण प्रक्रियालाई महत्त्व दिन्छ । यो विधि अवलम्बन गरी व्याकरण शिक्षण गर्नका लागि विद्यार्थीहरूको भाषिक पृष्ठभूमिको विकास भएको हुनुपर्दछ । भाषाका व्याकरणतत्त्व सिकाउनका लागि विभिन्न उदाहरण प्रस्तुत गर्ने, विद्यार्थीहरूलाई बढी सक्रिय गराउने, शिक्षणका सुत्रअनुसार सरलबाट जटिलको क्रममा शिक्षण गर्ने, बालमनोविज्ञानलाई आत्मसात गर्दै सिकाइ प्रक्रिया अगाडि बढाइने विधि नै आगमन विधि हो । व्याकरण भाषा सापेक्ष हुन्छ तर भाषा व्याकरण सापेक्ष हुँदैन भन्ने वास्तविकतालाई यस विधिले अङ्गिकार गरेको हुन्छ । आगमन विधि मुख्यगरी उदाहरणमा आधारित भएकोले बढी सरल, सुबोध, रोचक, सिकाइमा विद्यार्थी सहभागीता

अत्यधिक हुने,सिकाइ चिरस्थायी हुने, सिकाइको सीपपरक अभ्यासमा जोड दिने र उपयोगी हुन्छ । प्रशस्त उदाहरणको प्रस्तुतीकरण गर्नुपर्ने भएकोले यो विधि बढी अनुभवमा आधारित पनि रहेको छ । दिइएका उदाहरणका आधारमा व्याकणका तत्त्वहरू सिकाइने र त्यही उदाहरणकै आधारमा विद्यार्थीहरूलाई नियम पत्ता लगाउन लगाइन्छ । यस विधिको माध्यमबाट व्याकरण शिक्षण गर्दा तथ्य, प्रमाण एवं उदाहरणको प्रयोग हुनाले सिकाइ सरल सुबोध तथा रोचक हुनाको साथै विद्यार्थीको सिर्जनात्मक क्षमता पनि बढ्छ ।

आगमन विधिको मुख्य उद्देश्य सिकाइमा विद्यार्थीलाई बढी भन्दा बढी सहभागी गराई उनीहरूको सिर्जनात्मक क्षमता बढाउनु हो । यसबाट विद्यार्थीहरू आफैं व्याकरणका नियमले बनेका वाक्य बुझ्न, यसको सामान्यीकरण गर्न तथा व्याकरणको परिभाषा र नियम बताउन सक्षम हुन्छन्।यस विधिअनुसार सिकाइका नियम तथा सुत्रका आधारमा सिकाइ हुन्छ । शिक्षणका दृष्टिकोणले यस विधिअनुसार व्याकरण शिक्षण गर्दा समय धेरै लाग्ने, शिक्षकले पनि बढी नैं परिश्रम गर्नुपर्ने भएतापनि विद्यार्थीमा उत्सुकता, रोचकता बढ्ने र उनीहरूलाई सिकाइमा बढी नै सहभागी गराउन सकिन्छ।यसै हुनाले वर्तमान सन्दर्भमा पनि यस विधिलाई लोकप्रिय विधिका रूपमा लिएको पाइन्छ ।

### २.५.२ निगमन विधि

निगमन विधि व्याकरण शिक्षणको सबैभन्दा पुरानो शिक्षण विधि हो । सिद्धान्तलाई सिकाइको पहिलो दिशा मान्दै त्यसपछि प्रयोग पक्षमा जाने यो विधि परम्परागत शिक्षणका क्रममा निकै लोकप्रिय रहेको विधि हो । व्यारणको औपचारिक शिक्षणमा महत्त्व राख्ने निगमन विधिले भाषा र व्याकरण शिक्षणको आधुनिक कालमा पनि संज्ञानात्मक मनोवैज्ञानिक पक्षतिर झुकाव राखेको देखिन्छ । निगमन विधिअनुसार शिक्षण गर्दा सर्वप्रथम नियम वा सुत्र अनि त्यसका आधारमा उदाहरण र त्यसलाई पुष्टि गर्ने काम गरिन्छ । यो विधि सिकाइका सुत्रका आधारमा सरलबाट जटिल, ज्ञातबाट अज्ञात नभई जटिलबाट सरल र अज्ञातबाट ज्ञात तर्फ हुने भएकाले यसलाई अमनोवैज्ञानिक विधि पनि मानिन्छ । व्याकरणका नियमहरू कण्ठ गर्नुपर्ने, शिक्षक बढी सक्रिय हुने, कम दक्ष शिक्षकले पनि सिकाउन सक्ने, शिक्षण सामग्रीको प्रयोग न्युन हुने जस्ता सीमितताले गर्दा यो विधि तल्लो कक्षा र तहका विद्यार्थीहरूका लागि भने उपयुक्त मानिदैन । सुत्रका आधारमा भाषिक विशेषताको सामान्यीकरण गर्नुपर्ने भएकोले यो विधि बौद्धिक प्रकृतिको मानिन्छ । यसले विद्यार्थीको भाषिक पृष्ठभूमि तथा पूर्वज्ञानलाई कम महत्त्व दिन्छ ।

निगमन विधि धेरै पुरानो विधि भएकोले यसको सुरुवातको समय यकिन छैन । विश्व जगत्को पूर्वीय र पाश्चात्य दुवै क्षेत्रमा व्याकरणको रचना हुन थाले पश्चात यो विधिको सुरुवात भएको अनुमान गर्न सकिन्छ । पूर्वमा संस्कृत र पश्चिममा ग्रीक, ल्याटिन, अंग्रेजी, भाषाको शिक्षण क्रमसंगै निगमन विधिको प्रयोग अस्तित्त्वमा आएको पाइन्छ । शिक्षकको सक्रियता र कण्ठस्थीकरण प्रवृत्तिलाई प्रोत्साहन दिने यो विधि नेपालको सन्दर्भमा पनि वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनु भन्दा अगाडि सम्म बढी नै प्रचलित भएको पाइन्छ । वर्तमानमा पनि उच्च तहमा शिक्षण गर्दा यही विधिको बढी प्रयोग गरिएको पाइन्छ भने तल्ला कक्षाहरूमा पनि व्याकरण शिक्षणका क्रममा यही विधिलाई कुनै न कुनै रूपमा अपनाएको पाइन्छ ।

### २.५.३ भाषासंसर्ग विधि

भाषा र व्याकरणलाई अलग-अलग नगरी एक अर्काका परिपुरकका रूपमा शिक्षण गर्ने विधि भाषसंसर्ग विधि हो । यस विधिले व्याकरणको अलग्गै पाठ्यपुस्तक आवश्क ठान्दैन । व्याकरणलाई पाठ्यपुस्तकका पाठसँग सम्बन्धित गराएर व्याकरणात्मक धारणा विकास गर्न जोड दिने यस विधिले व्याकरणको औपचारिक शिक्षण विना नै भाषिक सीप हासिल गर्न सकिन्छ भन्ने दृष्टिकोण राख्दछ । व्याकरण शिक्षणको मुख्य उद्देश्य भाषालाई व्याकरणात्मक रूपमा त्रुटिरहित बनाउनु हो । भाषालाई व्याकरणगत रूपमा त्रुटिरहति बनाउन उपयुक्त भाषिक वातावरण हुनु जरुरी हुन्छ ।उपयुक्त भाषिक वातावरण पाएमा विद्यार्थीले गल्ती नगरी भाषा सिक्न सक्दछन् ।उनीहरूले भाषाका साथै उपयुक्त व्याकरणात्मक तत्वहरू समेत सिक्न, बुझ्न र प्रयोग गर्न सक्छन् । किनभने व्याकरण सिक्नु नै भाषालाई राम्रो बनाउनु हो । त्रुटिविनानै भाषा सिक्न सकेमा व्याकरणको औपचारिक शिक्षणको आवश्यकता पर्दैन । यस विधिका पक्षधरहरू स्तरीय,शुद्ध र उपयुक्त पाठ्यसामग्री निर्माण गरेर कक्षामा व्याकरणसम्मत भाषाको प्रयोग गर्नु पर्छ भन्ने कुरामा जोड दिन्छन् ।

भाषासांसर्ग विधिअनुसार भाषिक सीप विकासका लगि विभिन्न श्रव्य दृश्य माध्यमको उपयोग गर्न सकिन्छ र कक्षामा पनि भाषिक अनुसरण र अभ्यासलाई आवश्यक ठानिन्छ ।यसैगरी यस विधिले व्याकरणको शुद्ध स्तरीय र शिष्ट प्रयोगलाई बढी नै महत्त्व दिन्छ । यस विधिले भाषाको प्रसङ्ग अनुकूलको प्रयोगलाई मुख्य विषय ठान्दछ ।व्याकरणको औपचारिक शिक्षणले भने प्रसङ्ग अनुकूल भाषिक प्रयोगलाई वेवास्ता गर्न सक्छ ।यस विधिको प्रमुख मान्यता पनि भाषाको प्रयोग र अभ्यासबाट व्याकरण सिकिन्छ ,यसका लागि अलग्गै र

औपचारिक पुस्तक आवश्यक हुदैन भन्ने हो। पहिलो र दोस्रो भाषा सिक्नका लागि पनि सिकाइको प्रारम्भिक अवस्थामा यस विधिलाई महत्त्वपूर्ण मानिन्छ । यद्यपी यस विधिका केही सीमितताहरू पनि रहेका छन् । सिकारुको भाषाको विकास राम्रो हुन सक्छ तर सिकेको कुराको व्याख्या विश्लेशण गर्ने , स्मरण गर्ने र पूर्व ज्ञानको विकास भने सिकारुमा हुँदैन । यसका साथै भाषाको उपयुक्त ढङ्गले प्रयोग गर्ने, ज्ञान, सीप भएपनि व्याकरणगत रूपले अरु कसैले प्रयोग गरेको भाषाको व्याख्या विश्लेषण गर्न र बुझ्न भने कठिन हुन्छ ।

### २.५.४ भाषा पाठ्यपुस्तक विधि

व्याकरणलाई अलग्गै पाठ्यपुस्तकबाट नभई भाषापाठ्यपुस्तककै प्रयोग गरी शिक्षण गरिने विधि भाषापाठ्यपुस्तक विधि हो । यसले भाषाको प्रयोग भित्रबाटै व्याकरणको खोजी गर्ने कुरालाई मुख्य प्रयोजन ठान्दछ । वि.स.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनुभन्दा अगाडि व्याकरणलाई अलग्गै पाठ्यपुस्तकबाट शिक्षण गरिन्थ्यो भने त्यस पछि यसलाई भाषासँग अभिन्न बनाई भाषा पाठ्यपुस्तकका अभ्यासहरूमा नै व्याकरणात्मक तत्त्वहरू समावेश गरिएको छ ।यसले भाषा र व्याकरणको व्यवहारिक र प्रयोगात्मक पक्षमा जोड दिई बढी अभ्यासात्मक बनाउने अपेक्षा राखेको बुझिन्छ । भाषाबाट व्याकरणलाई अलग नगरी सिकाउनुको मुख्य प्रयोजन व्याकरण भाषाभित्रै छ अनि भाषा व्याकरण सम्बद्ध छ भन्ने नै हो ।त्यसैले व्याकरणको व्यवहारिक र प्रयोगात्मक ज्ञान, वृद्धि र विकासका लागि भाषापाठ्यपुस्तक विधि सान्दर्भिक र उपयुक्त मानिन्छ ।

व्याकरणको प्रयोगक्षेत्र भाषा हो । भाषा पाठ्यपुस्तक सम्बद्ध गराएर व्याकरण सिकाउँदा यो प्रयोगपरक हुन्छ ।यसले विद्यार्थीमा रूचि उत्पन्न गराउँछ अनि व्याकरणको प्रसङ्ग अनुकूलको प्रयोगले विद्यार्थीमा भाषिक सीपको विकास राम्रो हुन्छ ।भाषा पाठ्यपुस्तक विधिमा सर्वप्रथम विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा भएका अभ्यास र उदाहरणहरूमा नै अभ्यस्त गराइन्छ ।अभ्यासपछि नियमीकरण गर्ने क्रममा नियम सिकाइन्छ ।नियम पछि त्यसलाई स्पष्ट पार्ने काम गरिन्छ ।यस आधारमा विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा समाविष्ट व्याकरणिक पक्षको खोजी गर्न लगाइन्छ ।यसबाट भाषा पाठ्यपुस्तक विधि आगमन र प्रत्यक्ष विधि निकट रहेको स्पष्ट हुन्छ ।

यो विधि माध्यमिक तहमा बढी उपयोगी हुन्छ ।यस तहका विद्यार्थीहरूमा भाषा प्रयोगको पूर्वानुभव र व्याकरणात्मक धारणाको विकास क्रमिक रूपमा बृद्धि भइरहेको हुन्छ । वद्यार्थीहरूलाई सिकाउने र उनीहरूले सिक्ने कुराको निश्चिततामा पाठ्यपुस्तकले सहयोग

गर्दछ । भाषाको सिकाइ बढी सैद्धान्तिक हुन्छ । भाषाबाटै व्याकरण सिकाउने कुराले सैद्धान्तिक र प्रयोगात्मक दुवै पक्षको मिश्रण गरेको पाइन्छ । सिकाइका क्रममा व्याकरणका धारणाहरूलाई व्यवहारिक तथा प्रयोगात्मक रूपबाट सिकाउने कुरामा पाठ्यपुस्तकहरू अभिमुख हुनु यस भाषा पाठ्यपुस्तक विधिको केन्द्रीयता मान्न सकिन्छ ।

## २.६ कार्यमूलक व्याकरण

कार्यमूलक व्याकरण सिद्धान्तनिष्ठ भन्दा पनि भाषाका प्राकार्यमूलक र सम्प्रेषणमूलक कार्यका आधारमा व्याकरणसँग सम्बन्धित सुझ र सचेतताको विकास गर्ने दृष्टिकोण सँग निकै नजिक रहेको पाइन्छ । अर्को शब्दमा भन्नु पर्दा विद्यार्थीको भाषा प्रयोगमा नै व्याकरणको नियमको खोजी गरी भाषालाई शुद्धरूप दिँदै सिकाउन खोज्ने अवधारणा सँग सम्बन्धित मान्यता कार्यमूलक व्याकरणको रहेको छ । विद्यार्थीलाई व्याकरणका नियम, संरचना, परिभाषा तथा सिद्धान्त नसिकाई भाषाको शुद्ध प्रयोगमा अभ्यास गराउने कार्यलाई कार्यमूलक व्याकरणले आफ्नो मूख्य प्रयोजन ठान्दछ । बालबालिकाहरूलाई व्याकरण सिकाउँदा सैद्धान्तिक व्याकरणका पाठका सट्टामा तिनको प्रयोग हुनेगरी तयार गरिएको पाठहरूको अभ्यास गराउँदै भाषा शुद्ध रूपमा बोल्न, लेख्न र प्रयोग गर्न अभ्यास गराउनु अवश्य पनि बढी फलदायी हुन्छ । यसले विद्यार्थीहरूको शुद्ध किसिमको भाषा प्रयोग गराइलाई प्रत्यक्ष रूपमा सहयोग गर्दछ । परम्परावादी वैयाकरणहरू व्याकरणबाट नै भाषा सिकिन्छ भन्ने कुरालाई जोड दिँदै व्याकरण र भाषा शिक्षण एक आपसका पर्याय हुन् भन्ने मान्यता राख्दछन् तर यो आधुनिक पद्धतिको कार्यमूलक व्याकरणको मर्म विपरित मान्यता हो । आधुनिक वैयाकरणहरू भने भाषा नियमबाट नभई अभ्यास, प्रयोग र अनुकरणबाट सिकिन्छ भन्ने मान्यता राख्दछन् जुन कार्यमूलक व्याकरण निकट देखिन्छ ।

प्राथमिक पाठ्यक्रमले पनि प्राथमिक तहदेखि नै कार्यमूलक व्याकरणमा जोड दिएको छ । यसरी व्याकरणको प्रयोगबाट शुद्धभाषाको प्रयोग गर्ने, भाषिक व्यवहारलाई शुद्ध बनाउने, व्याकरणलाई प्रयोगपरक रूपमा उपयोग गर्ने दृष्टिकोणले यस तहदेखि नै कार्यमूलक व्याकरण बारेमा जानकारी दिने उद्देश्य राखिएको पाइन्छ । जसको फलस्वरूप निम्न माध्यमिक तथा माध्यमिक तहमा पनि कार्यमूलक व्याकरणको स्थान महत्त्वपूर्ण रहेको छ । नियम र सिद्धान्त नघोकाइ व्यावहारिक रूपमा शुद्ध  भाषिक प्रयोग गर्न सिकाउने उद्देश्य अनुरूप कार्यमूलक व्याकरण राखिएको हो । यसलाई प्राथमिक तहदेखि नै नेपाली भाषा

शिक्षणसँगै नेपाली भाषिक व्यवहारमा सक्षम रूपमा प्रयोग गर्दै लैजानु सम्बन्धित सबैको दायित्व हुन आउँछ । यसर्थ नेपाली भाषाका पाठ शिक्षण गर्दा पाठको प्रसङ्ग वा त्यहाँ प्रयोग भएको व्याकरणका पक्षहरूलाई ध्यान दिएर पाठसँग व्याकरणको धारणा दिनु कार्यमूलक व्याकरण हो । भाषिक सीप सिक्ने काम सँगसँगै व्याकरण सिक्ने पद्धति कार्यमूलक व्याकरण हो ।

## २.७ सारांश

यस परिच्छेदमा व्याकरणसँग सम्बद्ध विभिन्न सैद्धान्तिक पक्षहरूको चर्चा गरिएको छ । सैद्धान्तिक रूपमा भन्दा भाषालाई व्यवस्थित गरी मानक रूपमा प्रदान गर्न व्याकरणको आवश्यकता पर्छ । व्याकरणले भाषा भित्र रहेको व्यवस्था तथा नियम बुझ्न सहयोग गर्दछ । व्याकरण शिक्षण गर्नुको उद्देश्य विद्यार्थीहरूलाई भाषाको शुद्ध प्रयोगप्रति अभिप्रेरित गर्नु भएकोले विद्यार्थीहरूलाई भाषा प्रयोगमा व्यारणको व्यवस्था खोज्ने क्रियाकलाप गराउनु प्रभावकारी मानिन्छ ।

व्याकरण शिक्षणको प्रयोजन विद्यार्थीहरूलाई सैद्धान्तिक ज्ञान सिकाउनु नभई भाषा प्रयोगको शुद्धता, उपयुक्तता र एकरूपता ल्याउनका लागि हो । व्याकरण शिक्षण गर्नका लागि विभिन्न प्रकारका परम्परागत र आधुनिक विधिहरूको प्रयोग हुँदै आएको छ । आगमन, निगमन, भाषासंसर्ग र भाषा पाठ्यपुस्तक यी चार विधिहरूका साथै व्याकरण शिक्षणका लागि खोज तथा लेख विधि पनि प्रचलित छन् । आगमन विधिले बढी भन्दा बढी विद्यार्थी केन्द्रित शिक्षण प्रक्रियालाई महत्त्व दिने भएकोले यसलाई शिक्षणको आधुनिक र विद्यार्थी केन्द्रित विधि मानिन्छ । व्याकरणको औपचारिक शिक्षणमा महत्त्व दिने निगमन विधि व्याकरण शिक्षणको सबैभन्दा पुरानो र परम्परागत शिक्षणका क्रममा लोकप्रिय रहेको विधि हो । यसैगरी भाषा र व्याकरणलाई अलग-अलग नगरी एक अर्काका परिपूरकका रूपमा शिक्षण गर्ने भाषासंसर्ग विधि र व्याकरणलाई अलग्गै पाठ्यपुस्तकबाट नभई भाषा पाठ्यपुस्तककै प्रयोग गरी शिक्षण गर्ने भाषा पाठ्यपुस्तक विधि पनि व्याकरण शिक्षणका लागि प्रचलित विधिका रूपमा रहेका छन् । व्याकरण शिक्षणलाई रमाइलो र प्रभावकारी ढङ्गले शिक्षण गर्न खेल विधि पनि निकै चर्चामा आएको छ । विशेष गरेर प्राथमिक तहका कक्षाहरूमा व्याकरण शिक्षण गर्न खेल विधि उपयुक्त मानिन्छ भने माथिल्ला कक्षाहरूमा पनि उपयुक्त समय र वातावरण अनुसार प्रयोग भएमा यो विधि प्रभावकारी हुन्छ । यी माथि उल्लेखित प्रचलित विधि बाहेक व्याकरण शिक्षणका प्रसङ्गमा नवीन सोच र सिद्धान्तका साथ कार्यमूलक व्याकरण नेपाली व्याकरण शिक्षणमा भित्रिएको छ ।

# अध्याय : तीन

# व्याख्या तथा विश्लेषण

## ३.१ परिचय

यस शोधपत्रमा शोधको उद्देश्य अनुरूप इलाम जिल्लाका विद्यालयहरूमा कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले अपनाउने शिक्षण कार्यकलापहरूको अध्ययन गरिएको छ । यस क्रममा नमुना छनौटमा परेका १० जना शिक्षकहरूबाट आवश्यक तथ्याङ्कहरूको सङ्कलन गरी त्यस तथ्यलाई प्रतिशतका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । उक्त व्याख्या तथा विश्लेषणको विस्तृत विवरण निम्नानुसार तेस्रो र चौथौ अध्यायमा क्रमशः प्रस्तुत गरिएको छ ।

## ३.२ प्रश्नावलीबाट प्राप्त तथ्यहरूको व्याख्या तथा विश्लेषण

इलाम जिल्लाका विभिन्न विद्यालयहरूमा कक्षा १०मा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने १० जना शिक्षकहरूसँग तथ्याङ्क सङ्कलन गरिएको छ । ती शिक्षकमध्ये ५जना सरकारी र ५ जना निजी विद्यालयमा शिक्षण गर्ने शिक्षक रहेका छन् । सरकारी विद्यालयमा शिक्षण गर्ने सबै ५ जना स्थायी शिक्षक पदमा कार्यरत रहेका छन् भने निजी विद्यालयमा शिक्षण गर्ने सबै ५ जना शिक्षक अस्थायी रूपमा कार्यरत रहेका छन् । सरकारी विद्यालयमा शिक्षण गर्ने ५ जना शिक्षकमध्ये ५ जना पुरुष शिक्षक रहेका छन् । निजी विद्यालयमा शिक्षण गर्ने ५जना शिक्षकमध्ये ५ जना नै पुरुष शिक्षक रहेको पाइयो । अधिकांश शिक्षकहरूले कक्षा ८ देखि कक्षा १० सम्म शिक्षण गर्ने गरेको पाइयो । अध्ययनमा परेका उपर्युक्त १०जना शिक्षकको मातृभाषा नेपाली रहेको पाइयो । उपर्युक्त मध्ये ७०% शिक्षकहरू तालिम प्राप्त र ३०% शिक्षकहरू तालिम अप्राप्त रहेको पाइयो । तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक सङ्ख्या र प्रतिशतलाई तल तालिका १ मा देखाइएको छ :

**तालिका १**

**तालिम प्राप्त र अप्राप्त शिक्षक सङ्ख्या**

| क्र. स. | विद्यालय | शिक्षक सङ्ख्या | | जम्मा शिक्षक सङ्ख्या |
|---|---|---|---|---|
| | | तालिम प्राप्त | तालिम अप्राप्त | |
| १ | सरकारी विद्यालय | ५ | ० | ५ |
| २ | निजि विद्यालय | २ | ३ | ५ |
| | जम्मा | ७ | ३ | १० |
| | प्रतिशत | ७०% | ३०% | १००% |

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने १० जना शिक्षकहरूलाई भराइएको प्रश्नावलीबाट प्राप्त सूचनाहरूलाई ४ वटा पक्षमा विभाजन गरी व्याख्या तथा विश्लेषण गरिएको छ । जसमा (१) शैक्षणिक योजना : यस अन्तर्गत वार्षिक कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजना । (२) शैक्षिक सामग्री : यसअन्तर्गत दैनिक उपयोगमा आउने र पाठसँग सम्बन्धित अन्य शैक्षिक सामग्री । (३) शिक्षण सिकाइ क्रियाकलाप : यसअन्तर्गत व्याकरण शिक्षण गर्दा कक्षाभित्र गरिने सम्पूर्ण शिक्षण सिकाइ क्रियाकलाप र (४) व्याकरण शिक्षणका विधिहरू : यसअर्न्तत आगमन,निगमन,भाषापाठ्यपुस्तक तथा भाषासंसर्ग विधि तथा अन्य (खोज, खेल) विधिहरू रहेका छन् ।

## ३.३ कक्षा दशमा व्याकरण शिक्षणको उद्देश्य

कक्षा दशमा व्याकरण शिक्षण गर्नुको उद्देश्य व्यावहारिक ढङ्गले व्याकरणात्मक क्षमता र नियमको जानकारी तथा भाषिक सीप विकास, शुद्धता, व्याकरणका तत्त्वको पहिचान र त्यसको उपयुक्त प्रयोग गर्ने क्षमताको विकास गर्नु पर्ने हो भन्नेमा ८०% र भाषिक शुद्धताको विकास गर्नका लागि व्याकरण शिक्षण गरिन्छ भन्नेमा २०% शिक्षक रहेको पाइयो ।

## ३.४ व्याकरण शिक्षणको लागि पाठयोजना निर्माण

नेपाली भाषा शिक्षणको अध्ययापनमा संलग्न धेरै शिक्षकहरूले व्याकरणको शिक्षण गर्दा पाठयोजनाको निर्माण गर्ने गरेको प्रतिक्रिया दिएका छन् । केही शिक्षकहरूले विभिन्न कारणले पाठयोजना निर्माण गर्न नसकेको प्रतिक्रिया व्यक्त गरेका छन् । पाठयोजनाको निर्माणबाट के कस्ता फाइदाहरू हुन्छन् भन्ने प्रश्नको उत्तरमा शिक्षकहरूबाट निम्नलिखित कुरामा फाइदा हुने विचार व्यक्त गरिएको छ ।

**तालिका २**

**पाठयोजना निर्माणका फाइदाहरू**

| फाइदाहरू | अति धेरै | धेरै |
|---|---|---|
| (क) पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू समय भित्र पूरा हुन्छन् । | ५०% | ५०% |
| (ख) शिक्षण कार्य नियमित, योजनाबद्ध र प्रभावकारी हुन्छ । | ७०% | ३०% |
| (ग) शिक्षकलाई सही मार्ग निर्देश गर्छ । | ५०% | ५०% |
| (घ) पाठ्यक्रमको मर्म अनुसार क्रियाकलाप सञ्चालन हुन्छ । | ४०% | ६०% |

माथिको तालिकालाई विश्लेषण गर्दा पाठयोजनाले शिक्षण सिकाइ क्रियाकलापलाई अति धेरै फाइदा, नियमित ,व्यवस्थित र योजनाबद्ध गर्छ भन्ने सकारात्मक पक्षमा ५२.५०% शिक्षकहरूको मत प्राप्त भएको पाइयो भने के, कति, किन, कसरी सिकाउने भन्नेमा शिक्षकलाई पाठयोजना निर्माणबाट धेरै फाइदा हुन्छ भन्नेमा ४७.५०% शिक्षकहरूको सहमति रहेको पाइयो ।

## ३.५ शैक्षणिक योजना

शैक्षणिक योजनाले शिक्षण सिकाइ कार्यकलापलाई प्रभावकारी बनाउँछ । विना योजना गरिएको काम सफल हुदैन । शिक्षणका क्रममा पनि योजना निर्माण गर्नु आवश्यक हुन्छ । विना योजना कुनै पाठ्यवस्तु वा पाठ्यांश शिक्षण गर्नु र योजना बनाएर कुनै पाठ्यवस्तु वा पाठ्यांश शिक्षण गर्नुमा प्रशस्त भिन्नता हुन्छ । योजनाले प्रभावकारी शिक्षण विधिहरूको प्रयोग र सञ्चालनमा शिक्षकहरूलाई मार्गनिर्देश गरेको हुन्छ । शैक्षणिक योजनाभित्र वार्षिक

कार्ययोजना, एकाइ योजना र दैनिक पाठयोजना रहेका छन् । यस क्रममा प्रस्तुत शोधपत्रमा नमुना छनोट गरिएका विद्यालयमा नेपाली भाषा र व्याकरणशिक्षण गर्ने शिक्षकहरू मध्ये ४०% ले वार्षिक कार्ययोजनाको निर्माण गरी शिक्षण कार्यमा प्रयोग गरेको र ६०% शिक्षकहरूले वार्षिक कार्ययोजना निर्माण नगरेको पाइयो । समग्रमा सबै शिक्षकहरू योजना निर्माण गरी शिक्षण गरेमा शैक्षिक सत्रभित्र पाठ्यांशका पाठ्यवस्तु समयमानै शिक्षण गरी सिध्याउन, समय र पाठ्यवस्तुवीच सन्तुलन कायम हुने कुरामा भने सहमत रहेको पाइयो ।

## ३.६ शैक्षिक सामग्री

शैक्षिक सामग्री शिक्षण सिकाइलाई सहज, प्रभावकारी, दिगो, रोचक र उपयुक्त ढङ्गबाट अगाडि बढाउन प्रयोग गरिने सामग्री हो । शिक्षणका क्रममा उपयुक्त सन्दर्भमा शिक्षण सामग्रीको प्रयोग गरेको खण्डमा यसले सिकाइलाई बढी सरल र स्पष्ट पार्ने काम गर्दछ । शिक्षण सिकाइका क्रममा विद्यार्थीहरूको सहभागिता बढाउन र प्रभावकारी शिक्षण गर्नका लागि पाठ्यवस्तु अनुरूपका शिक्षण सामग्री अनिवार्य हुन्छन् । यहाँ कक्षा १० मा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूलाई भराइएको  प्रश्नावलीबाट प्राप्त शिक्षण सामग्रीसम्बन्धी प्रतिक्रिया र तथ्यलाई तल तालिका ३ मा प्रस्तुत गरिएको छ :

**तालिका ३**

**शैक्षिक सामग्रीको प्रयोग**

| क्र.सं. | शैक्षिक सामग्रीको प्रयोग | प्रतिशत |
|---|---|---|
| १ | दैनिक उपयोगमा आउने शैक्षिक सामग्रीको मात्र प्रयोग | २०% |
| २ | दैनिक उपयोगमा आउने बाहेकका शैक्षिक सामग्रीको प्रयोग | ८०% |

प्रश्नावलीबाट प्राप्त तथ्याङ्क अनुसार २०% शिक्षकले दैनिक उपयोगमा आउने शैक्षिक सामग्री पाठ्यपुस्तक, चक, डस्टर, कालो पाटी बाहेक अन्य कुनै पनि शैक्षिक सामग्रीको उपयोग गरेको पाइएन । ८०% शिक्षकले दैनिक उपयोगमा आउने शैक्षिक सामग्री बाहेक विभिन्न खालका चित्र, शब्द, अर्थपत्ती, वाक्यपत्ती, गोजीतालिका, कार्डहरू, फलाटिन पाटी, सन्दर्भ पाठ्यपुस्तक र चार्टहरूको प्रयोग गर्ने गरेको पाइयो ।

## ३.७ शिक्षण सिकाइ कार्यकलाप

शिक्षण सिकाइ कार्यकलाप शिक्षणका क्रममा कक्षाभित्र गरिने क्रियाकलापको समष्टि हो । व्यारकण शिक्षणलाई बढी प्रभावकारी बनाउन शिक्षकले विद्यार्थीको स्तर, रूचि, चाहना, आवश्यकता, क्षमता, उमेर, पूर्वभाषिक अनुभव, सांस्कृतिक पृष्ठभूमि, मातृभाषा र वैयक्तिक गुणलाई ख्याल गरी विभिन्न कार्यकलाप अपनाउनु पर्ने हुन्छ । यस क्रममा कक्षा दशमा व्याकरण शिक्षण गर्दा शिक्षकहरूबाट के-कस्ता कार्यकलापहरू अपनाउने गरिएको छ भन्ने कुरालाई सम्बन्धित शिक्षकहरूलाई भराइएको प्रश्नावली र कक्षा अवलोकन गरी प्राप्त भएको तथ्याङ्क र प्रतिक्रियाको व्याख्या तथा विश्लेषण यस उपखण्डमा गरिएको छ ।

### ३.७.१ शब्दवर्ग शिक्षणका कार्यकलाप

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले शब्दवर्ग शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्यलाई तल तालिका ४ मा देखाइएको छ : **तालिका ४**

**शब्दवर्ग शिक्षणका कार्यकलापहरू**

| | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| (क) | शब्दवर्गको वर्गीकरण र परिभाषा शिक्षकले बताइदिने | १०% | ३०% | ४०% | २०% |
| (ख) | शब्दवर्गका प्रशस्त उदाहरणहरू विद्यार्थी स्वयम्लाई भन्न लगाउने | ४०% | ५०% | १०% | ०% |
| (ग) | शब्दवर्गको वर्गीकरण गरी परिभाषा पनि विद्यार्थीहरूलाई भन्न लगाउने | २०% | २०% | ४०% | २०% |
| (घ) | उदाहरण वा अनुच्छेद पढ्न दिएर त्यसमा भएका सबैवर्गका शब्दहरू रेखाङ्कित गरी छुट्याउन विद्यार्थीहरूलाई नै लगाउने | ५०% | ४०% | १०% | ०% |
| (ङ) | शिक्षक आफैंले नै सबै समस्याहरू समाधान गरिदिने | ०% | ०% | ५०% | ५०% |

तालिका नं.४ मा उल्लेख भए अनुसार १०% शिक्षकले शब्दवर्गको वर्गीकरण र परिभाषा धेरैजसो भनीदिने ३०% शिक्षकले कहिलेकाही भनीदिने ४०% शिक्षकले ज्यादै कम भनिदिने र २०% शिक्षकले यो क्रियाकलाप सञ्चालन नगरेको पाइयो । ४०% शिक्षकले शब्दवर्गको प्रशस्त उदाहरणहरू विद्यार्थीहरूलाई धेरै जसो भन्न लगाउने ५०% शिक्षकले कहिलेकाहीँ लगाउने १०% शिक्षकले ज्यादैकम लगाउने गरेको पाइयो । २०% शिक्षकले शब्दवर्गको वर्गीकरण गरी परिभाषा विद्यार्थीहरूलाई भन्न धेरैजसो लगाउने २०% शिक्षकले कहिलेकाहीँ लगाउने ४०% शिक्षकले ज्यादै कम लगाउने र यो क्रियाकलाप २०% शिक्षकले नगरेको पनि पाइयो । यसैगरी उदाहरण वा अनुच्छेदहरू पढ्न दिएर त्यसमा भएका सबै वर्गका शब्दहरू रेखाङ्कित गरी विद्यार्थीहरूलाई नै छुट्याउन लगाउने कार्यमा ५०% शिक्षकले धेरैजसो गर्ने गरेको ४०% शिक्षकले कहिले-काहीँ १०% शिक्षकले यो कार्यकलापलाई ज्यादैकम सञ्चालन गर्नै गरेको पाइयो । अन्त्यमा शिक्षक आफैले सबै समस्याहरू समाधान गरिदिने सन्दर्भमा ज्यादै कम गर्नेमा ५०% र यो कार्यकलाप कक्षा शिक्षणमा नगर्नेमा ५०% शिक्षकहरू रहेको पाइयो ।

## ३.७.२ पदसङ्गति शिक्षणका कार्यकलापहरू

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीको उत्तरका आधारमा उनीहरूले पदसङ्गति शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्यहरूलााई तल तालिका ५ मा देखाइएको छ ।

## तालिका ५

## पदसङ्गति शिक्षणका कार्यकलापहरू

| क्र.सं. | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|---|
| क. | लिङ्ग, वचन, पुरुष रआदर नमिलेका वाक्यहरू शिक्षकले श्याम/सेतो पाटीमा लेखि दिएर विद्यार्थीहरूलाई ती वाक्य मिलाउन लगाउने । | ७०% | ३०% | ०% | ०% |
| ख. | विद्यार्थीहरूलाई पदसङ्गति नमिलेका र अभ्यासमा दिइएका वाक्यहरूमा प्रशस्त अभ्यास गराउने । | ८०% | २०% | ०% | ०% |
| ग. | पदसङ्गति मिलेका र नमिलेका वाक्यहरू मिसाएर दिने र विद्यार्थीलाई छुट्याउन लगाउने । | ५०% | ५०% | ०% | |
| घ. | पदसङगति के हो ? विद्यार्थीलाई नै परिभाषा भन्न लगाउने | ३०% | ६०% | १०% | ०% |
| ङ. | लिङ्ग, वचन, पुरुष, आदर मिलाएर विद्यार्थीहरूलाई कुनै विशिष्ट व्यक्तित्वका बारेमा अनुच्छेदहरू लेख्न लगाउने । | ३०% | ५०% | २०% | ०% |
| च. | शिक्षक आफैले पदसङ्गतिको परिभाषा र यसका नियम बताइदिने । | २०% | ६०% | २०% | ०% |

माथिको तालिकाको विश्लेषण गर्दा लिङ्ग, वचन, पुरुष र आदर नमिलेका वाक्यहरू श्याम/सेतो पाटीमा लेखेर विद्यार्थीलाई ती वाक्य मिलाउन लगाउने सन्दर्भको क्रियाकलापमा ७०% शिक्षकहरूले धेरैजसो यो कार्यकलाप गर्ने गरेको र ३०% शिक्षकहरूले कहिलेकाहीँ मात्र यो कार्यकलापबाट पदसङ्गतिको शिक्षण गर्ने प्रतिक्रिया दिएका छन् । यसैगरी विद्यार्थीहरूलाई पदसङ्गति नमिलेका र अभ्यासमा दिइएका वाक्यहरूमा प्रश्स्त अभ्यास गराउने शिक्षण कार्यकलापमा ८०% शिक्षकहरूले धेरैजसो र २०% शिक्षकहरूले कहिलेकाहीँ मात्र यो कार्यकलाप कक्षामा सञ्चालन गर्ने गरेको पाइएको छ । यसरी नै पदसङ्गति मिलेका र नमिलेका वाक्यहरू मिसाइदिएर विद्यार्थीहरूलाई नै छुट्याउन लगाउने

कार्यकलापमा ५०% शिक्षकहरूले धेरैजसो र ५०% शिक्षकहरूले कहिलेकाहीँ अवलम्बन गर्ने गरेको पाइयो । यसैगरी पदसङ्गति के हो ? विद्यार्थीलाई भन्न लगाउने कार्यकलापको सन्दर्भमा चर्चा गर्दा धेरैजसो ३०% शिक्षकहरूले मात्र यो प्रकारको कार्यकलापलाई अवलम्वन गरी शिक्षण गर्ने गरेको र ६०% शिक्षकहरूले भने कहिलेकाहीँ गर्ने गरेको प्रतिक्रिया दिएका छन् भने १०% शिक्षकहरूले ज्यादै कम यो कार्यकलाप सञ्चालन गर्ने गरेको पाइयो । यसै क्रममा लिङ्ग, वचन, पुरुष र आदर मिलाएर विद्यार्थीहरूलाई कुनै विशिष्ट व्यक्तित्वको बारेमा अनुच्छेद्धहरू लेख्न लगाउने कार्यकलापमा ३०% शिक्षकहरूले धेरैजसो ५०% शिक्षकहरूले कहिलेकाहीँ र २०% शिक्षकहरूले ज्यादै कम मात्रामा यो कार्यकलाप कक्षा शिक्षणको सन्दर्भमा सञ्चालन गरेको प्रतिक्रिया दिएका छन् । यसरी पदसङ्गति शिक्षण कार्यकलापको अन्त्यमा शिक्षक आफैले पदसङ्गतिको परिभाषा र नियमहरू बताउने सन्दर्भको कार्यकलपमा २०% शिक्षकहरूले मात्र धेरैजसो गर्ने गरेको पाइयो भने ६०% शिक्षकहरूले कहिलेकाहीँ मात्र यो कार्यकलापको अवलम्बन गर्ने गरेको पाइयो । २०% शिक्षकहरूले ज्यादै कम यस्तो कार्यकलाप सञ्चालन गर्ने गरेको पाइयो भने पदसङ्गति शिक्षणलाई प्रभावकारी ढङ्गले शिक्षण गर्न प्रश्नावलीमा समावेश गरिएका छ वटा कार्यकलापहरूमा कुनै पनि शिक्षकले गराएको छैन वा नगराएकोमा प्रतिक्रिया दिएको पाइएन ।

### ३.७.३ धातु शिक्षणका (मूल धातु, नाम धातु र प्रेरणार्थक धातु) कार्यकलापहरू

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा धातु शिक्षणकार्यका क्रममा मूल धातु, नाम धातु र प्रेरणार्थक धातु छुट्याउने सम्बन्धी कार्यकलाप सञ्चालन गर्दा अपनउँदै आएका कार्यकलापहरूको तथ्यलाई तल तालिका छ मा देखाइएको छ ।

**तालिका ६**

**धातुशिक्षण एवं मूल धातु, नाम धातु तथा प्रेरणार्थक धातु छुट्याउने शिक्षण कार्यकलाप**

| क्र.सं. | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गराएको छैन |
|---|---|---|---|---|---|
| (क) | क्रियापदहरू दिएर विद्यार्थीहरूलाई नै धातु पत्ता लगाउन लगाउने । | ८०% | २०% | ०% | ०% |
| (ख) | कालो/सेतो पाटीमा विभिन्न क्रियाहरू लेखेर विद्यार्थीहरूलाई मूल धातु, नाम धातु र प्रेरणार्थक धातु छुट्याउन लगाउने । | ९०% | १०% | ०% | ०% |
| (ग) | कुनैपाठको अनुच्छेदमा प्रयोग भएका क्रियापदहरूका धातु र प्रत्यय विद्यार्थीहरूलाई छुट्याउन लगाउने । | ५०% | ४०% | १०% | ०% |
| (घ) | मूल धातु, नाम धातु र प्रेरणार्थक धातुका विचको भिन्नतालाई शिक्षक स्वयम्ले उदाहरण समेत दिएर प्रष्टसँग बताई दिने । | ६०% | ४०% | ०% | ०% |

प्रस्तुत तालिका अनुसार ८०% शिक्षकहरूले क्रियापदहरू दिएर विद्यार्थीहरूलाई नै धातु पत्ता लगाउन लगाउने क्रियाकलाप धेरैजसो गर्ने गरेको र २०% शिक्षकहरूले कहिलेकाहीँ गर्ने गरेको पाइयो । यसैगरी ९०% शिक्षकहरूले वोर्डमा विभिन्न क्रियाहरू लेखेर विद्यार्थीहरूलाई मूल धातु, नाम धातु र प्रेरणार्थक धातु छुट्याउन लगाउने क्रियाकलाप धेरैजसो गर्ने गरेको पाइयो भने १०% शिक्षकहरूले भने कहिलेकाहीँ मात्र यो क्रियाकलाप सञ्चालन गरेको कुरा प्रश्नावलीको आधारमा स्पष्ट भएको छ ।  यसैगरी ५०% शिक्षकहरूले धेरैजसो कुनै पाठको अनुच्छेदमा प्रयोग भएका क्रियापदका धातु र प्रत्यय विद्यार्थीहरूलाई छुट्याउन लगाउने ४०% शिक्षकहरूले कहिलेकाहीँ मात्र छुट्याउन लगाउने र १०% शिक्षकहरूले ज्यादैकम मात्रामा यो क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो । अन्त्यमा ६०% शिक्षकहरूले धेरैजसो मूल धातु, नाम धातु र प्रेरणार्थक धातुका बीचको भिन्नतालाई शिक्षक स्वयम्ले उदाहरण समेत दिएर प्रष्टसँग बताइ दिएको ४०% ले यो क्रियाकलापलाई कहिलेकाहीँ मात्र

सञ्चालन गर्ने गरेको पाइएको छ । यसरी धातु शिक्षणका विभिन्न क्रियाकलापहरूमा ज्यादै कम गराइएको एउटा क्रियाकलाप मात्र पाइयो भने नगराउने गरिका कुनै पनि क्रियाकलापहरू पाइएन ।

## ३.७.४ वाक्य परिवर्तन अर्न्तगत काल र पक्ष शिक्षणका  कार्यकलापहरू

कक्षा दशमा नेपाली भाषा शिक्षण अन्तर्गत व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रशनावलीका आधारमा वाक्य परिवर्तन अन्तर्गतको काल र पक्ष शिक्षण गर्दा अपनाउँदै आएका क्रियाकलापहरूको तथ्याङ्कलाई तालिका ७ मा प्रष्ट पारिएको छ ।

**तालिका ७**

**वाक्य परिवर्तन काल र पक्ष शिक्षणका कार्यकलापहरू**

| कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|
| क. विद्यार्थीहरूलाई सबै काल र पक्ष जनाउने विभिन्न वाक्यहरू दिने र निर्देशनका आधारमा तिनीहरूको परिवर्तन गर्न लगाउने । | ६०% | ४०% | ०% | ०% |
| ख. विद्यार्थीहरूबाटै काल र पक्षका नियम खोज्न लगाउने । | ३०% | ६०% | १०% | ०% |
| ग. विद्यार्थीहरूलाई सबै काल र पक्षहरूका क्रियापदको प्रयोग गरी १/१ वटा अनुच्छेद लेख्न लगाउने । | ३०% | ६०% | १०% | ०% |
| घ. शिक्षक स्वयम्ले सबै काल तथा पक्षका उदाहरणहरू पाटीमा लेखिदिने र सबै काल पक्षको परिभाषा, नियम र संरचना बताइदिने । | १०% | ५०% | ४०% | ०% |

यसरी तालिका ७ मा प्रस्तुत गरिए अनुसार ६०% शिक्षकहरूले धेरैजसो विद्यार्थीहरूलाई सबैकाल र पक्ष जनाउने विभिन्न वाक्यहरू दिने र निर्देशनका आधारमा तिनीहरूको

परिवर्तन गर्न लगाउने कार्यकलाप सञ्चालन गरेको पाइयो भने ४०% शिक्षकहरूले कहिलेकाहीँ मात्र यो कार्यकलाप सञ्चालन गर्ने गरेको पाइयो । यसैगरी ३०% शिक्षकहरूले धेरैजसो विद्यार्थीहरूबाटै काल र पक्षका नियम खोज्न लगाउने क्रियाकलाप गरेको पाइयो भने ६०% शिक्षकहरूले यो क्रियाकलाप कहिलेकाहीँ सञ्चालन गर्ने गरेको र १०% शिक्षकहरूले ज्यादै कम मात्रामा यो क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो । यसैगरी ३०% शिक्षकहरूले विद्यार्थीहरूलाई सबै काल र पक्षहरूका क्रियापदको प्रयोग गरी १/१ वटा अनुच्छेद लेख्न लगाउने क्रियाकलाप धेरैजसो सञ्चालन गर्ने गरेको ६०% शिक्षकहरूले कहिलेकाहीँ मात्र र १०% शिक्षकहरूले ज्यादै कम मात्र यो क्रियाकलापमा विद्यार्थीहरूलाई संलग्न गराउने गरेको पाइयो । यसरी नै शिक्षक स्वयम्ले सबै काल तथा पक्षका उदाहरणहरू पाटीमा लेखि दिने सबै काल र पक्षको परिभाषा नियम र संरचना बताइदिने सन्दर्भको क्रियाकलाप १०% शिक्षहहरूले धेरैजसो सञ्चालन गर्ने गरेको ५०% ले कहिलेकाहीँ मात्र सञ्चालन गर्ने गरेको र ४०% शिक्षकहरूले ज्यादै कम मात्रामा यो क्रियाकलाप सञ्चालन गर्ने गरेको जवाफ प्रश्नावलीका आधारमा पाइयो । यसरी सबै शिक्षकहरूले उक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको भन्ने जवाफ भने प्राप्त भएन ।

यसरी वाक्य परिवर्तन अन्तर्गत काल र पक्ष शिक्षण गर्दा अन्य केही थप क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने सुझावहरू भने प्राप्त भएका छन् । तिनीहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ । जुन यसप्रकार छन् ।

(क) उदाहरण सहित काल र पक्षको परिभाषा, वर्गीकरण, समानता, असमानता आदिलाई छलफल, अभिनय, प्रश्नोत्तर र पुस्तकालयीय विधि आदिद्वारा अझ स्पष्ट हुने ।

ख) विभिन्न काल र पक्ष जनाउने चार्ट तयार गरी शिक्षण क्रियाकलाप सञ्चालन गर्नुपर्ने ।

ग) समय र त्यसको अवस्थाका बारेमा विद्यार्थीहरूलाई कक्षामा आगमन विधिद्वारा काल र पक्षका फरक-फरक कुराहरू पत्ता लगाउन लगाउने जस्ता कक्षा कार्यकलापहरू समेत सञ्चालन हुनुपर्ने कुरामा केही प्रश्नावलीमा शिक्षकहरूले सुझाव प्रस्तुत समेत गरेको पाइयो ।

### ३.७.५ वाच्य परिवर्तन अन्तर्गत कतृवाच्य, कर्मवाच्य र भाववाच्य शिक्षणका कार्यकलापहरू

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने नमुना छनोटमा परेका ५ वटा निजी र ५ वटा सरकारी विद्यालयका शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले वाच्य परिवर्तन अन्तर्गत कतृवाच्य, कर्मवाच्य र भाववाच्य शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्यलाई तल तालिका ८ मा देखाइएको छ :

**तालिका ८**

**वाच्य परिवर्तन अन्तर्गत कतृवाच्य, कर्मवाच्य र भाववाच्य शिक्षणका कार्यकलापहरू**

| क्र.स. | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| (क) | कतृवाच्य, कर्मवाच्य र भाववाच्यका वाक्यहरू अलग-अलग रूपमा समावेश गरी तालिका बनाएर शिक्षले देखाइ दिने र विद्यार्थीहरूलाई नै छुट्याउन लगाउने । | ८०% | १०% | १०% | ०% |
| (ख) | दिइएको निर्देशनका आधारमा विद्यार्थीहरूलाई नै वाच्य परिवर्तन गर्न लगाउने । | १००% | ०% | ०% | ०% |
| (ग) | उदाहरण सहीत कतृवाच्य, कर्मवाच्य र भाववाच्य बीचको अन्तर सम्बन्धको बारेमा शिक्षक स्वयम्ले बताएर प्रष्ट पारी दिने । | ३०% | ७०% | ०% | ०% |
| (घ) | शिक्षक स्वयम्ले वाच्य परिवर्तन सम्बन्धी नियम बताई दिने । | **१०%** | ८०% | १०% | ०% |
| (ङ) | कुनै पाठ वा अनुच्छेदबाट फरक-फरक वाच्य जनाउने क्रियापदहरू विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने । | ४०% | ३०% | ३०% | ०% |

प्रस्तुत तालिका अनुसार ८०% शिक्षहरूले कतृवाच्य, कर्मवाच्य र भाववाच्यका वाक्यहरू अलग-अलग रूपमा समावेश गरी तालिका बनाएर शिक्षकले देखाइ दिने र विद्यार्थीहरूलाई नै छुट्याउन लगाउने क्रियाकलाप धेरैजसो सञ्चालन गर्ने गरेको १०% शिक्षकले कहिलेकाहीँ मात्र गराउने गरेको र १०% शिक्षकले यो क्रियाकलाप ज्यादै कम मात्र सञ्चालन गर्ने गरेको पाइयो । यसैगरी दिइएको निर्देशनका आधारमा विद्यार्थीहरूलाई नै

वाच्य परिवर्तन गर्न लगाउने क्रियाकलाप सत् प्रतिशत शिक्षकहरूले धेरैजसो गराउने गरेको पाइयो । यसैगरी उदाहरण सहित कतृवाच्य, कर्मवाच्य र भाववाच्य बीचको अन्तर सम्बन्धको बारेमा शिक्षक स्वयम्ले बताएर प्रष्ट पार्ने क्रियाकलप ३०% शिक्षकहरूले धेरैजसो गराउने गरेको पाइयो भने ७०% शिक्षकहरूले उक्त क्रियाकलाप कहिलेकाहीँ गर्ने गरेको पाइयो । यसरी नै शिक्षक स्वयम्ले वाच्य परिवर्तन सम्बन्धी नियम बताइदिने क्रियाकलापमा धेरैजसो मा १०% कहिलेकाहीँमा ८०%र ज्यादै कम सञ्चालन गरेकोमा १०%ले मात्र गरेको पाइयो । अन्त्यमा कुनै पाठ वा अनुच्छेदबाट फरक-फरक वाच्य जनाउने क्रियापदहरू विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने क्रियाकलाप धेरै जसो ४०% शिक्षकहरूले गर्ने गरेको कहिलेकाहीँ ३०% शिक्षकहरूले उक्त क्रियाकलाप गरेको पाइयो भने ३०% शिक्षकहरूले ज्यादै कम उक्त क्रियाकलाप गरेको पाइयो ।

यसरी प्रश्नावलीको आधारमा गराएको छैन वा गरिदैन भन्ने जवाफ नमुना छनौटमा परेका शिक्षकहरूबाट प्राप्त नभएको समेत पाइयो ।

### ३.७.६ भाव, प्रेरणार्थक र करण-अकरणका आधारमा वाक्य परिवर्तन सम्बन्धी शिक्षण कार्यकलाप

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकले भरेको प्रश्नावलीका आधारमा उनीहरूले भाव, प्रेरणार्थक र करण-अकरणका आधारमा वाक्य परिवर्तन सम्बन्धी शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्यलाई तालिका-९ मा प्रस्तुत गविरएको छ ।

## तालिका -९

### भाव प्रेरणार्थक र करण अकरणका आधारमा वाक्यपरिवर्तन शिक्षणका कार्यकलापहरू

| कार्यकलापहरू | धेरैजसो | कहिलेकाही | ज्यादैकम | गराएको छैन |
|---|---|---|---|---|
| क. दिइएको निर्देशनका आधारमा विभिन्न प्रकारका वाक्यहरू दिएर विद्यार्थीहरूलाई वाक्य परिवर्तन गर्न लगाउने । | १००% | ०% | ०% | ०% |
| ख. विद्यार्थीहरूलाई भाव, प्रेरणार्थक करण-अकरण आदि वाक्य परिवर्तन गर्ने तरिका र नियम एवं उदाहरण भन्न लगाउने । | ६०% | ४०% | ०% | ०% |
| ग. वाक्य परिर्तन सम्बन्धी नियमहरू शिक्षक स्वयम्ले उदाहरण समेत बताइदिने । | ४०% | ६०% | ०% | ०% |
| घ. विभिन्न प्रकारका वाक्यहरू सङ्कलन गरी तालिका निर्माण गरेर शिक्षक स्वयम्ले वाक्य परिवर्तन गरेर देखाइदिने । | १०% | ६०% | ३०% | ०% |

तलिका ९ अनुसार सत्प्रतिशत शिक्षकहरूले दिइएको निर्देशनका आधारमा विभिन्न प्रकारका वाक्यहरू दिएर विद्यार्थीहरूलाई वाक्य परिवर्तन गर्न लगाउने सम्बन्धी क्रियाकलाप कक्षामा धेरैजसो गर्ने गरेको पाइयो भने विद्यार्थीहरूलाई नै भाव, प्रेरणार्थक, करण-अकरण आदि वाक्य परिवर्तन गर्ने तरिका र नियम एवं उदाहरण भन्न लगाउने क्रियाकलाप ६०% शिक्षकहरूले धेरैजसो गराउने गरेको र ४०% शिक्षकहरूले कहिलेकाहीँ मात्र उक्त क्रियाकलाप सञ्चालन गर्ने गरेको पाइयो । वाक्य परिवर्तन सम्बन्धी नियमहरू तथा उदाहरण समेत शिक्षक स्वयम्ले बताइदिने क्रियाकलापको सन्दर्भमा ४०% शिक्षकहरूले धेरैजसो गर्ने गरेको र ६०% शिक्षकहरूले कहिलेकाहीँ मात्र यो क्रियाकलापलाई कक्षामा प्रयोग गर्ने गरेको अवस्था शिक्षकहरूले भरेको प्रश्नावलीमा स्पष्ट रूपमा आएको छ ।

यसैगरी विभिन्न प्रकारका वाक्यहरू सङ्कलन गरी तालिका निर्माण गरेर शिक्षक स्वयम्ले वाक्य परिवर्तन गरेर देखाइदिने क्रियाकलाप १०% शिक्षकहरूले धेरैजसो गर्ने गरेको ६०% शिक्षकहरूले कहिलेकाहीँ गर्ने गरेको र ३०% शिक्षकहरूले ज्यादै कम मात्रामा भएपनि यो क्रियाकलापलाई कक्षा कार्यकलापमा प्रयोग गरेको पाइयो । नमुना छनौटमा परेका कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण अध्यापन गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीमा प्राप्त प्रतिक्रियाका आधारमा उल्लेख गरिएका क्रियाकलापहरू नगराएको अवस्था भने पाइएन ।

### ३.७.७ कारक र विभक्तिको पहिचान र प्रयोग सम्बन्धी शिक्षणका कार्यकलापहरू

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीको आधारमा उनीहरूले कारक र विभक्तिको पहिचान र प्रयोग सम्बन्धी शिक्षण गर्दा अपनाउँदै आएका क्रियाकलापहरूको तथ्यलाई तालिका १०मा प्रस्तुत गरिएको छ ।

**तालिका १०**

**कारक र विभक्तिको पहिचान र प्रयोग सम्बन्धी शिक्षणका कार्यकलापहरू**

| क.स. | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गराएको छैन |
|---|---|---|---|---|---|
| क. | सबै प्रकारका कारक र त्यस अनुसारका विभक्ति चिन्हको प्रयोग गर्दा तालिका बनाइ विद्यार्थीहरूलाई कारक र विभक्ति छुट्याउन लगाउने । | ५०% | ४०% | १०% | ०% |
| ख. | सबै प्रकारका कारकको प्रशस्त उदाहरण दिने र विद्यार्थीहरूलाई त्यस्तै उदाहरण खोजेर लेख्न लगाउने । | ७०% | ३०% | ०% | ०% |
| ग. | कारक र विभक्तिमा भएको भिन्नता विद्यार्थीहरूलाई खोज्न लगाउने । | ६०% | ४०% | ०% | ०% |
| घ. | सबैप्रकारका कारक र विभक्तिको प्रयोग गर्दै कुनै विषय शीर्षकमा अनुच्छेद लेख्न लगाउने । | २०% | ७०% | १०% | ०% |
| ङ. | कारक र विभक्ति सम्बन्धी सम्पूर्ण समस्याहरूको समाधान शिक्षक आफैले गरीदिने । | २०% | २०% | ४०% | २०% |
| च. | कारक र विभक्तिको परिभाषा एवम् तिनीहरूमा भएको भिन्नतालाई शिक्षक स्वयम्ले बताइदिने । | ४०% | ६०% | ०% | ०% |

तालिका १० अनुसार ५०% शिक्षकले सबै प्रकारका कारक र त्यस अनुसारका विभक्ति चिह्नको प्रयोग गर्दा तालिका बनाइ विद्यार्थीहरूलाई कारक र विभक्ति छुट्याउन धेरैजसो लगाउने गरेको ४०% शिक्षकले कहिलेकाहीँ र १०% शिक्षकले यो क्रियाकलाप ज्यादै कम गराउने गरेको पाइयो । ७०% शिक्षकहरूले सबैप्रकारका कारकको प्रशस्त उदाहरण दिने र विद्यार्थीहरूलाई त्यस्तै उदाहरण खोजेर लेख्न लगाउने क्रियाकलाप धेरैजसो सञ्चालन गर्नेगरेको र ३०% शिक्षकहरूले उक्त क्रियाकलाप कहिलेकाहीँ सञ्चालन गर्नेगरेको पाइयो । ६०% शिक्षकले कारक र विभक्तिमा भएको भिन्नता विद्यार्थीहरूलाई खोज्न धेरैजसो लगाउने ४०% शिक्षकले कहिलेकाहीँ लगाउने गरेको पाइयो । २०% शिक्षकहरूले सबै प्रकारका कारक र विभक्तिको प्रयोग गर्दै कुनै विषय वा शीर्षकमा धेरै जसो अनुच्छेद लेख्न लगाउने ७०% शिक्षकहरूले कहिलेकाहीँ मात्र यो क्रियाकलाप सञ्चालन गराउने गरेको र १०% शिक्षकहरूले यो क्रियाकलाप ज्यादै कम सञ्चालन गर्ने गरेको प्रश्नावलीमा प्रतिक्रिया व्यक्त गरेका छन् । २०% शिक्षकहरूले कारक र विभक्ति सम्बन्धी सम्पूर्ण समस्याहरूको समाधान धेरैजसो शिक्षक आफैले गरी दिने २०% शिक्षकहरूले यो कार्यकलाप कहिलेकाहीँ मात्र गरीदिने गरेको प्रतिक्रिया प्राप्त भयो भने ४०% प्रतिशत शिक्षकहरूले ज्यादैकम र २०% शिक्षकहरूले यो कार्यकलाप नगराउने गरेको प्रतिक्रिया दिएका छन् । यसैगरी ४०% शिक्षकहरूले कारक र विभक्तिको परिभाषा एवम् तिनीहरूमा भएको भिन्नतालाई धेरैजसो शिक्षक स्वयम्ले बताइदिने, ६०% शिक्षकहरूले उक्त क्रियाकलाप कहिलेकाहीँ मात्र सञ्चालन गर्ने कुरा प्रश्नावलीमा प्रतिक्रिया दिएका छन् भने यो क्रियकलाप नगर्ने कुरामा कसैको प्रतिक्रिया प्राप्त भएको छैन ।

## तालिका : ११

### वाक्यका प्रकारको पहिचान र प्रयोग एवम् वाक्य संश्लेषण शिक्षणका कार्यकलापहरू

| क.सं. | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क. | विभिन्न प्रकारका वाक्यहरूको तालिका बनाई शिक्षकले कक्षामा प्रस्तुत गर्ने र विद्यार्थीहरूलाई सरल, संयुक्त र मिश्र वाक्य छुट्याउन लगाउने । | ७०% | ३०% | ०% | ०% |
| ख. | कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई नै सरल, संयुक्त र मिश्र वाक्य छुट्याउन लगाउने । | ४०% | ५०% | १०% | ०% |
| ग. | दिइएको निर्देशनको आधारमा विद्यार्थीहरूलाई नै वाक्य परिवर्तन एवम् वाक्य संश्लेषण गर्न लगाउने । | ८०% | २०% | ०% | ०% |
| घ. | सरल, मिश्र र संयुक्त वाक्य निर्माण एवम् वाक्य संश्लेषण गर्ने नियम तथा तरिका शिक्षकले बताइदिने र उदाहरण समेत देखाइदिने । | ५०% | ५०% | ०% | ०% |
| ङ. | धेरै वाक्यहरू दिएर वाक्य संश्लेषण गर्न लगाउने । | ५०% | ४०% | १०% | ०% |
| च. | सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यहरू प्रयोगगरी विद्यार्थीहरूलाई कुनै विषयवस्तुमा अनुच्छेद लेख्न लगाउने । | २०% | ६०% | २०% | ०% |

### ३.७.८ वाक्यका प्रकारको पहिचान र प्रयोग एवम् वाक्य संश्लेषण शिक्षणका कार्यकलापहरू

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले वाक्यका प्रकारको पहिचान र प्रयोग तथा वाक्य संश्लेषण शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्यलाई माथि तालिका ११ मा देखाएको छ ।

तालिका ११ अनुसार ७०% शिक्षकहरूले विभिन्न प्रकारका वाक्यहरूको तालिका बनाई शिक्षकले कक्षामा प्रस्तुत गर्ने र विद्यार्थीहरूलाई सरल, संयुक्त र मिश्र वाक्य छुट्याउन धेरैजसो लगाउने गरेको र ३०% ले कहिलेकाहीँ मात्र लगाउने गरेको पाइयो । ४०% शिक्षकहरूले कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई नै सरल, संयुक्त र मिश्र वाक्य छुट्याउन धेरैजसो लगाउने गरेको ५०% शिक्षकहरूले कहिलेकाहीँ मात्र उक्त क्रियाकलाप गराउने गरेको पाइयो भने १०% शिक्षकले ज्यादै कम मात्रामा उक्त क्रियाकलाप सञ्चालन गरेको तालिकाबाट स्पष्ट भएको छ । ८०% शिक्षकहरूले दिइएको निर्देशनका आधारमा विद्यार्थीहरूलाई नै वाक्य परिवर्तन एवम् वाक्य संश्लेषण धेरैजसो गर्न लगाउने २०% शिक्षकले कहिलेकाहीँ गर्न लगाउने गरेको पाइयो । ५०% शिक्षकहरूले सरल, मिश्र र संयुक्त वाक्य निर्माण एवम् वाक्य संश्लेषण गर्ने नियम तथा तरिका शिक्षकले बताउने र उदाहरण समेत धेरैजसो देखाइ दिने गरेको, ५०% शिक्षकहरूले उक्त क्रियाकलाप कहिलेकाहीँ मात्र सञ्चालन गर्ने गरेको पाइयो । ५०% शिक्षकहरूले धेरै वाक्यहरू दिएर वाक्य संश्लेषण गर्न धेरैजसो लगाउने गरेको, ४०% ले कहिले काहीँ गर्ने र १०% ले ज्यादै कम यो कार्यकलाप सञ्चालन गर्ने गरेको पाइयो । यसैगरी २०% शिक्षकहरूले मात्र सरल, मिश्र र संयुक्त तीनै किसिमका वाक्यहरू प्रयोग गरी विद्यार्थीहरूलाई कुनै विषयवस्तुमा धेरैजसो अनुच्छेद लेख्न लगाउने क्रियाकलाप गर्ने गरेको, ६०% शिक्षकहरूले कहिलेकाहीँ र २०% शिक्षकहरूले उक्त क्रियाकलाप ज्यादै कम मात्रामा सञ्चालन गर्ने गरेको तालिका ११ द्वारा स्पष्ट पारिएको छ ।

### ३.७.९ शब्द निर्माण प्रक्रिया शिक्षणका कार्यकलापहरू

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले शब्द निर्माण प्रक्रिया शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्यलाई तालिका १२ मा देखाइएको छ ।

## तालिका १२

### शब्द निर्माण प्रक्रिया शिक्षणका कार्यकलापहरू

| क.स. | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिएकोछैन |
|---|---|---|---|---|---|
| क. | कुनै अनुच्छेद दिएर त्यस अनुच्छेदमा विद्यार्थीहरूलाई उपसर्ग, प्रत्यय र समास प्रक्रियाद्वारा बनेका शब्दहरू टिपोट गरी तिनको निर्माण प्रक्रिया देखाउन लगाउने । | ६०% | ३०% | १०% | ०% |
| ख. | प्रसस्त प्रत्यय, उपसर्ग तथा समस्त शब्दहरू दिएर विद्यार्थीहरूलाई शब्दनिर्माण तथा समास भए विग्रह र विग्रह भए समास बनाउन लगाउने । | ८०% | २०% | ०% | ०% |
| ग. | कालो/सेतो पाटीमा धेरै शब्दहरू लेखिदिएर विद्यार्थीहरूलाई ती शब्दहरूको मूलरूप पहिचान गरी त्यसबाट उपसर्ग वा प्रत्यय छुट्याउन लगनउने । | ७०% | ३०% | ०% | ०% |
| घ. | शिक्षक आफैले कृदन्त, तद्धितान्त, व्युत्पन्न र समस्त शब्द बन्ने प्रक्रियाका बारेमा स्पष्ट बताइदिने । | ५०% | ५०% | ०% | ०% |
| ङ. | कृदन्त, तद्धितान्त, व्युत्पन्न र समास प्रक्रियाद्वारा बनेका समस्त शब्दहरूको तालिका निर्माण गरी शब्द निर्माण प्रक्रिया शिक्षक स्वयम्ले कक्षामा ल्याएर देखाइदिने । | ४०% | ५०% | १०% | ०% |

तालिका १२ अनुसार ६०% शिक्षकहरूले धेरैजसो कुनै अनुच्छेद दिएर त्यस अनुच्छेदमा विद्यार्गीहरूलाई उपसर्ग प्रत्यय र समास प्रक्रियाद्वारा बनेका शब्दहरू टिपोट गरी तिनको निर्माण प्रक्रिया देखाउन लगाउने गरेको ३०% शिक्षकहरूले कहिलेकाहीँ र १०% शिक्षकहरूले यो क्रियाकलाप ज्यादैकम सञ्चालन गर्नेगरेको पाइयो । ८०% शिक्षकहरूले प्रसस्त प्रत्यय, उपसर्ग तथा समस्त शब्दहरू दिएर विद्यार्थीहरूलाई शब्द निर्माण तथा समास भए विग्रह र विग्रह भए समास बनाउन लगाउने क्रियाकलाप धेरैजसो गराउने

गरेको २०% ले उक्त क्रियाकलाप कहिलेकाहीँ मात्र गराउने गरेको पाइयो । ७०% शिक्षकहरूले कालो/सेतो पाटीमा धेरै शब्दहरू लेखिदिएर विद्यार्थीहरूलाई ती शब्दहरूको मूलरूप पहिचान गरी त्यसबाट उपसर्ग वा प्रत्यय छुट्याउने कार्य धेरैजसो गर्ने गरेको, ३०% शिक्षकहरूले उक्त कार्यकलाप कहिलेकाहीँ गर्नेगरेको पाइयो ।

५०% शिक्षकहरूले धेरैजसो शिक्षक आफैंले कृदन्त, तद्धितान्त, व्युत्पन्न र समस्त शब्द बन्ने प्रक्रियाका बारेमा स्पष्ट बताइदिने क्रियाकलाप सञ्चालन गर्ने गरेको, ५०% शिक्षकहरूले उक्त क्रियाकलाप कहिलेकाहीँ गर्ने गराउने गरेको पाइयो । यसैगरी ४०% शिक्षकहरूले कृदन्त, तद्धितान्त, व्युत्पन्न र समास प्रक्रियाद्वारा बनेका समस्त शब्दहरूको तालिका निर्माण गरी शब्द निर्माण प्रक्रिया शिक्षक स्वयम्ले कक्षामा ल्याएर धेरैजसो देखाउने गरेको, ५०% शिक्षकहरूले कहिलेकाहीँ मात्र उक्त कार्यकलाप सञ्चालन गर्ने गरेको र १०% शिक्षकहरूले ज्यादै कम यो कार्यकलाप गर्ने गरेको तालिकामा स्पष्ट पारिएको छ । प्रश्नावलीमा दिएका क्रियाकलापहरू नगराएकोमा भने सून्य प्रतिशत उत्तर प्राप्त भयो ।

## ३.८. वर्णविन्यासको प्रयोग शिक्षणका कार्यकलापहरू

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले वर्णविन्यासको प्रयोग सम्बन्धी शिक्षण गर्दा अपनाउँदै आएका कार्यकलापहरूको तथ्यलाई तालिका १३ मा देखाइएको छ ।

### तालिका १३

### वर्णविन्यासको प्रयोग शिक्षणका कार्यकलापहरू

| क्र.स. | कार्यकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादैकम | गरिदैन |
|---|---|---|---|---|---|
| क. | वर्णविन्यास र यसको प्रयोग, आवश्यकता तथा नियम सम्बन्धमा कक्षामा विद्यार्थीसँग प्रश्नोत्तर गर्ने । | ५०% | ५०% | ०% | ०% |
| ख. | विद्यार्थीहरूलाई श्रुतिलेखन तथा अनुलेखन गराउने । | ९०% | १०% | ०% | ०% |
| ग. | विद्यार्थीहरूलाई वर्णविन्यासका दृष्टिले कठिन लागेका अनुच्छेद तथा पाठका अंश तोकी सार्न लगाउने । | ४०% | ५०% | १०% | ०% |
| घ. | पदयोग र पदवियोग, लेख्य चिह्नको सही प्रयोग अशुद्धलाई शुद्धगर्ने, शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोग बारे कक्षामा छलफल गराउने । | ४०% | ६०% | ०% | ०% |
| ङ. | शिक्षक स्वयम्ले वर्ण विन्यास र यसको प्रयोग सम्बन्धी सम्पूर्ण नियमहरू बताइदिने । | ४०% | ५०% | १०% | ०% |
| च. | शिक्षक आफैंले वर्णविन्यास सम्बन्धी सम्पूर्ण समस्याहरूको समाधान गरिदिने । | १०% | ३०% | ५०% | १०% |

तालिका १३ अनुसार ५०% शिक्षकहरूले वर्णविन्यास र यसको प्रयोग, आवश्यकता तथा नियम सम्बन्धमा कक्षामा विद्यार्थीसँग धेरैजसो प्रश्नोत्तर गर्नेगराउने गरेको, ५०% शिक्षकहरूले कहिलेकाहीँ मात्र यो क्रियाकलाप अपनाउने गरेको पाइयो । ९०% शिक्षकहरूले विद्यार्थीहरूलाई श्रुतिलेखन तथा अनुलेखन धेरैजसो गराउने गरेको र १०% शिक्षकहरूले उक्त कार्यकलाप कहिलेकाहीँ मात्र गर्ने गरेको पाइयो । ४०% शिक्षकहरूले धेरैजसो विद्यार्थीहरूलाई वर्णविन्यासका दृष्टिले कठिन लागेका अनुच्छेद तथा पाठका अंश तोकी सार्न लगाउने कार्यकलाप सञ्चालन गरेको, ५०% शिक्षकहरूले कहिलेकाहीँ मात्र र १०% शिक्षकहरूले यो कार्यकलाप ज्यादै कम सञ्चालन गर्ने गराउने गरेको पाइयो । ४०% शिक्षकहरूले पदयोग र पदवियोग, लेख्य चिह्नको सही प्रयोग अशुद्धलाई शुद्ध गर्ने शिरबिन्दु

र चन्द्रबिन्दुको प्रयोग बारे धेरैजसो कक्षामा छलफल गराउने गरेको, ६०% शिक्षकले कहिलेकाहीँ मात्र उक्त क्रियाकलाप सञ्चालन गर्नेगराउने गरेको पाइयो । ४०% शिक्षकहरूले आफैंले वर्णविन्यास र यसको प्रयोग सम्बन्धी सम्पूर्ण नियमहरू धेरैजसो बताइदिने गरेको, ५०% शिक्षकहरूले उक्त क्रियाकलापहरू कहिलेकाहीँ मात्र गराउने गरेको पाइयो भने १०% शिक्षकहरूले ज्यादै कम यो कार्यकलाप सञ्चालन गर्ने गरेको पाइयो । यसैगरी १०% शिक्षकहरूले वर्णविन्यास सम्बन्धी सम्पूर्ण समस्याहरूको धेरैजसो समाधान गरिदिने, ३०% शिक्षकहरूले यो क्रियाकलापलाई कहिलेकाहीँ गर्नेगरेको, ५०% शिक्षकहरूले ज्यादै कम मात्रामा यो क्रियाकलाप गर्ने गरेको र १०% शिक्षकहरूले समाधान नगरीदिने गरेको प्रश्नावलीको आधारमा तालिकाले प्रष्ट पार्ने काम गरेको छ ।

### ३.८.१ समग्रमा व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरू

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने इलाम जिल्लाका नमुना छनौटमा परेका १० वटा विद्यालयका १० जना शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा शिक्षकहरूबाट प्राप्त प्रतिक्रियालाई विश्लेषण गरी उनीहरूले अपनाउँदै आएका व्याकरण शिक्षणका समग्र कार्यकलापहरूको तथ्य र प्रतिक्रियालाई तालिका १४ मा देखाइएको छ :

## तालिका १४

## समग्रमा व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरू

| क्र. स. | कार्यकलापहरू | सामान्यतया गरिन्छ | सामान्यतया गरिदैन |
|---|---|---|---|
| क. | विद्यार्थीहरू स्वयम्लाई प्रत्येक व्याकरणतत्त्वका उदाहरणहरू खोज्न र भन्न लगाउने । | ८८.२% | ११.८% |
| ख. | प्रत्येक व्याकरणका तत्त्वहरूमा विद्यार्थीहरूलाई प्रसस्त अभ्यास गराउने । | ९२.६% | ७.४% |
| ग. | व्याकरणका तत्त्वहरूको परिचय, परिभाषा, नियम, संरचना, उदाहरण विद्यार्थीहरूलाई नै भन्न र लेख्न लगाउने । | ८०% | २०% |
| घ. | व्याकरण शिक्षणका क्रममा विद्यार्थीहरूसँग छलफल र अन्तरक्रिया गर्ने । | ९०% | १०% |
| ङ. | शिक्षकले विद्यार्थीहरूको लेखनको शुद्धिकरण गरिदिने । | ८५.१५% | १४.८५% |
| च. | व्याकरण तत्त्वहरूको प्रयोग गरी विद्यार्थीहरूलाई अलग-अलग अनुच्छेद, संवाद तथा कुनै चर्चित व्यक्तिको जीवनी तयार गर्न लगाउने । | ७६.६६% | २३.३४% |
| छ. | व्याकरण शिक्षणका क्रममा व्याकरणका तत्त्वहरूसँग सम्बन्धित सम्पूर्ण समस्याको समाधान शिक्षक आफैंले गरिदिने । | २०% | ८०% |
| ज. | व्याकरण शिक्षणलाई प्रभावकारी बनाउन तथा भाषिक सीप विकास गर्न शिक्षकले कक्षाको भाषिक वातावरण हेरी विद्यार्थी केन्द्रित क्रियाकलापहरू सञ्चालन गर्ने । | ८४% | १६% |

तालिका १४ अनुसार ८८.२% शिक्षकहरूले समग्र व्याकरण शिक्षणका कार्यकलापहरू मध्ये विद्यार्थीहरू स्वयम्लाई प्रत्येक व्याकरण तत्त्वका उदाहरण खोज्न र भन्न लगाउने कार्यकलाप सामान्यतया गरिन्छ भन्ने पक्षमा र ११.८% शिक्षकहरूले यो कार्यकलापलाई

सामान्यतया अवलम्वन नगरेको पाइयो । प्रत्येक व्याकरणका तत्त्वहरूमा विद्यार्थीहरूलाई प्रसस्त अभ्यास गराउने पक्षमा ९२.६% शिक्षकहरू रहेको पाइयो भने ७.४% ले यो कार्यकलापलाई सामान्यतया उपयोगमा नल्याएको पाइयो । ८०% शिक्षकहरूले व्याकरणका तत्त्वहरूको परिचय, परिभाषा, नियम, संरचना र उदाहरण विद्यार्थीहरूलाई नै भन्न र लेख्न लगाउने सामान्यतया गरिन्छ र २०% शिक्षकहरूले सामान्यतया गरिदैन भन्ने प्रतिक्रिया दिएका छन् । व्याकरण शिक्षणका क्रममा विद्यार्थीहरूसँग छलफल र अन्तरक्रिया गरिन्छ भन्ने शिक्षकहरू ९०% र सामान्यतया गरिदैन भन्नेमा १०% रहेको पाइयो । ८५.१५% शिक्षकहरूले विद्यार्थीहरूको लेखनको शुद्धिकरण सामान्यतया गर्ने गरेको १४.८५% शिक्षकहरूले सामान्यतया नगर्ने गरेको पाइयो । ७६.६६% शिक्षकहरूले व्याकरण तत्त्वहरूको प्रयोग गरी विद्यार्थीहरूलाई अलग-अलग अनुच्छेद, संवाद तथा कुनै चर्चित व्यक्तिको जीवनी तयार गर्न सामान्यतया लगाउने गरेको, २३.३४% ले यो कार्यकलाप सामान्यतया नगर्ने गरेको पाइयो । व्याकरण शिक्षणका क्रममा व्याकरणका तत्त्वहरूसँग सम्बन्धित सम्पूर्ण समस्याको समाधान सामान्यतया गरिन्छ भन्नेमा २०% शिक्षकहरू पाइयो भने ८०% ले सामान्यतया गरिदैन भन्ने प्रतिक्रिया व्यक्त गरेको पाइयो । ८४% शिक्षकहरूले व्याकरण शिक्षणलाई प्रभावकारी बनाउन तथा भाषिक सीप विकास गर्न कक्षाको भाषिक वातावरण हेरी विद्यार्थी केन्द्रित कार्यकलापहरू सामान्यतया गरिन्छ भन्ने पक्षमा आफ्नो प्रतिक्रिया दिएको पाइयो भने १६% शिक्षकहरूले यो कार्यकलाप सामान्यतया प्रयोग नगरेको प्रतिक्रिया दिएका छन् ।

### ३.८.२ शिक्षण विधि

कक्षा दशमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावलीका आधारमा उनीहरूले शिक्षणका क्रममा शिक्षण सिकाइ कार्यकलापका साथै विविध शिक्षणविधिहरू अपनाएको पाइयो । यसै सन्दर्भमा शिक्षकहरूले भरेका प्रश्नावलीबाट प्राप्त शिक्षण विधि सम्बन्धी तथ्य तथा प्रतिक्रियालाई तल तालिका १५ मा देखाइएको छ ।

## तालिका १५

## शिक्षण विधि

| क.स. | शिक्षण विधि | शिक्षक प्रतिक्रिया | | जम्मा |
|---|---|---|---|---|
| | | प्रयोग गर्ने | प्रयोग नगर्ने | |
| क. | आगमन विधि | ८०% | २०% | १००% |
| ख. | निगमन विधि | ३०% | ७०% | १००% |
| ग. | भाषा संसर्गविधि | २०% | ८०% | १००% |
| घ. | भाषा पाठ्य पुस्तक विधि | ३०% | ७०% | १००% |
| ङ | अन्य विधि | ५०% | ५०% | १००% |

तालिका १५ अनुसार ८०% शिक्षकहरूले आगमन विधिको उपयोग गरेको र २०% शिक्षकहरूले उक्त विधिको प्रयोग नगरेको पाइयो । त्यसैगरी ३०% शिक्षकले निगमन विधि प्रयोग गरेको पाइयो भने ७०% शिक्षकले यो विधिलाई उपयोग नगरेको पाइयो । २०% शिक्षकले भाषा संसर्ग विधिको उपयोग गरेको ८०% शिक्षकले यो विधिको उपयोग नगर्ने गरेको पाइयो । ३०% शिक्षकहरूले भाषा पाठ्यपुस्तक विधि प्रयोग गरेको र ७०% शिक्षकहरूले यो विधिको उपयोग नगरेको पाइयो । यसैगरी अन्य विधिहरू जस्तैः खेलविधि, खोजविधि आदिको व्याकरण शिक्षणमा ५०% शिक्षकहरूद्वारा प्रयोग गरेको पाइयो भने ५०% शिक्षकहरूले अन्य विधिहरूको उपयोग नगरी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरेको पाइयो ।

### ३.८.३ प्रश्नावलीबाट प्राप्त तथ्यहरूको सार

इलाम जिल्ला भित्रका नमुना छनौटमा परेका दशवटा (सरकारी तथा निजी) विद्यालयमा कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षाण गर्ने १० जना शिक्षकहरूले भरेको प्रश्नावली र यसबाट प्राप्त भएको तथ्याङ्कको अध्ययनको आधारमा ७०% शिक्षकहरू तालिम प्राप्त र ३०% शिक्षहरू तालिम अप्राप्त रहेको पाइयो । जसअनुसार सरकारी विद्यालयका सत्प्रतिशत शिक्षकहरूले तालिम प्राप्त गरेका अवस्था र निजी विद्यालयका ६०% शिक्षकहरू तालिम प्राप्त ४०% शिक्षकहरूले तालिम प्राप्त नगरेको अवस्था रहेको पाइयो । व्याकरण शिक्षणमा

पाठयोजना अपरिहार्य रहेको र पाठयोजनाको निर्माण गरेर शिक्षण गरेमा शिक्षणकार्य नियमित, व्यवस्थित र योजनावद्ध हुने कुरामा सबै शिक्षकहरू सर्वसम्मत रहेको पाइयो । अधिकांश शिक्षकहरूले वार्षिक शैक्षणिक योजना तथा दैनिक पाठयोजना नबनाइ शिक्षण गरेमा पनि पाठ्यक्रम तथा शिक्षक निर्देशिकालाई प्रयोगमा ल्याउने कुरा प्रतिक्रियामा जनाएको पाइयो । प्रायजसो शिक्षकहरूले दैनिक प्रयोगका शैक्षिक सामग्रीको साथै गोजी तालिका, शब्द-अर्थपत्ती, सन्दर्भ पाठ्यपुस्तक तथा वाक्यपत्ति समेत प्रयोग गर्ने गरेको पाइयो । यसैगरी अधिकांश शिक्षकहरूले विद्यार्थी केन्द्रित शिक्षणविधि, विद्यार्थीहरूको बढी सहभागिता हुने कक्षा कार्यकलापको प्रयोग गर्ने गरेको, विद्यार्थीहरूलाई श्रुतिलेखन गराई त्यसको शुद्धीकरण गर्ने गरेको, व्याकरण शिक्षणमा कक्षामा छलफल तथा अन्तरक्रिया गर्ने गरेको प्रतिक्रिया प्राप्त भएको छ । यसरी यस अध्ययनमा संलग्न ८०% शिक्षकहरूले कक्षा १० मा व्याकरण शिक्षण गर्दा आगमन विधिको प्रयोग गर्ने गरेको पाइयो भने ३०% शिक्षकहरूद्वारा निगमन विधिको अवलम्वन गर्दै रहेको पाइयो । भाषिक सीपहरूको विकाससँगै व्याकरण शिक्षणलाई सैद्धान्तिक नबनाई प्रयोगपरक ढङ्गले शिक्षण गर्नुपर्ने कार्यमूलक व्याकरणको अधिक प्रयोग गर्नुपर्ने कुरामा अधिकांश शिक्षकहरूको सकारात्मक प्रतिक्रिया पाइयो भने व्याकरण शिक्षणमा खोजविधि र खेलविधिको पनि प्रयोग गर्नुपर्ने तालिम प्राप्त केही शिक्षकहरूको प्रतिक्रिया प्राप्त भएको पाइयो ।

## अध्याय :चार

# कक्षा अवलोकनबाट प्राप्त तथ्यहरूको व्याख्या तथा विश्लेषण

## ४.१ परिचय

यस अध्यायमा अवलोकित कक्षा शिक्षणका विभिन्न पक्षहरूको व्याख्या तथा विश्लेषण गरिएको छ । अवलोकन गरिएका कक्षा दशका १० ओटा विद्यालयहरूका १० जना शिक्षकहरूका कक्षा अवलोकन गरी त्यसबाट प्राप्त तथ्यहरूको आधारमा शिक्षणका क्रममा शिक्षकहरूले प्रयोग गरेका शिक्षणका विविध पक्षहरूलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

## ४.२ कक्षा अवलोकनको व्याख्या तथा विश्लेषण

### ४.२.१ सिकाइ वातावरण

कक्षा दशमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले शिक्षण गर्दाको अवस्थामा देखिएको कक्षा कोठा भित्रको वातावरणलाई तल तालिका १६ मा देखाइएको छ :

**तालिका १६**

**कक्षा कोठाको विद्यार्थी सिकाइ वातावरण**

| | सिकाइ वातावरण | छ | छैन |
|---|---|---|---|
| (क) | कक्षा कोठामा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त | ५०% | ५०% |
| (ख) | कक्षामा कमजोर विद्यार्थीहरूलाई उचित ध्यान दिइएको | ८०% | २०% |
| (ग) | कक्षा कोठाका भित्ताहरूमा शैक्षिक सामग्री राखिएको | ६०% | ४०% |
| (घ) | कक्षा कोठामा प्रकाशको उचित व्यवस्था | ७०% | ३०% |
| (ङ) | शिक्षणका क्रममा विद्यार्थी शिक्षक बीच अन्तरक्रिया गरिएको । | ३०% | ७०% |
| (च) | कक्षा कोठामा बाह्य वातावरणको प्रत्यक्ष प्रभाव | २०% | ८०% |

तालिका १६ अनुसार ५०% विद्यालयमा कक्षामा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त र ५०% विद्यालयमा कक्षामा विद्यार्थीहरूको बसाइ व्यवस्था अनुपयुक्त रहेको पाइयो । ८०% विद्यालयका कक्षाहरूमा कमजोर विद्यार्थीहरूलाई उचित ध्यान दिएर शिक्षण गरेको पाइयो भने २०% विद्यालयमा उक्त तथ्य पाइएन । ६०% विद्यालयका कक्षाकोठाहरूमा शैक्षिक सामग्री राखेको पाइएन । ७०% विद्यालयका कक्षा कोठामा उपयुक्त प्रकाशको व्यवस्था रहेको र ३०% मा अनुपयुक्त रहेको पाइयो । शिक्षणका क्रममा ३०% विद्यालयमा शिक्षक र विद्यार्थी बीच विषयवस्तुसँग सम्बन्धित भइ अन्तरक्रिया भएको र ७०% विद्यालयहरूमा शिक्षक विद्यार्थी बीच अन्तरक्रिया भएको पाइएन । त्यसैगरी २०% विद्यालयका कक्षाकोठामा बाह्य वातावरणको प्रत्यक्ष प्रभाव रहेको र ८०% विद्यालयका कक्षा कोठामा बाह्य वातावरणको प्रभाव नरहेको पाइयो ।

### ४.२.२ शिक्षकको व्यक्तित्व

कक्षा दशमा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकको व्यक्तित्व कस्तो रह्यो भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका १७ मा देखाइएको छ :

**तालिका १७**

**शिक्षकको व्यक्तित्व**

| | शिक्षकको व्यक्तित्व | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| (क) | सरसफाइ | ९०% | १०% | ०% |
| (ख) | स्पष्टवक्ता | ५०% | ५०% | ०% |
| (ग) | आत्माविश्वास | ८०% | २०% | ०% |
| (घ) | भाषिक स्पष्टता | ८०% | २०% | ०% |
| (ङ) | मिलनसारिता | ८०% | २०% | ०% |
| (च) | सहयोगी र व्यावहारिक | ९०% | १०% | ०% |

तालिका १७ अनुसार सरसफाईमा ९०% स्पष्टवक्तामा ५०% आत्माविश्वासमा ८०% भाषिक स्पष्टतामा ८०% मिलनसारितामा ८०% र सहयोगी र व्यवहारिकमा ९०% उत्तम रहेको

पाइयो । यसरी हेर्दा अधिकांश शिक्षकको व्यक्तित्व उत्तम र न्यून सङ्ख्याका शिक्षकको व्यक्तित्व मध्यम रहेको पाइयो ।

### ४.२.३. कक्षाको सुरुवात

कक्षा दशमा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकहरद्वारा कसरी कक्षा सुरुवात गरियो भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका १८मा देखाइएको छ :

**तालिका १८**

**कक्षा सुरुवात**

| | कक्षाको सुरुवात | छ | छैन |
|---|---|---|---|
| (क) | पाठसँग सम्बन्धित भई रमाइलो ढङ्गबाट कक्षा सुरु गरिएको | ८०% | २०% |
| (ख) | शिक्षक कक्षामा प्रवेश गर्दा हँसिलो र मिलनसार व्यवहारका साथ प्रवेश गरेको | ९०% | १०% |
| (ग) | पूर्वपाठमा आधारित भई कक्षा सुरुवात गरिएको | ६०% | ४०% |
| (घ) | पाठको उद्देश्य अनुरूप शिक्षण गरिएको | १००% | ०% |
| (ङ) | पाठ शिक्षणको उद्देश्य विद्यार्थीहरूलाई बताईएको | ३०% | ७०% |
| (च) | वैयक्तिक क्षमताअनुसार विद्यार्थीहरूलाई सिक्ने वातावरणको सिर्जना गरिएको | ८०% | २०% |
| (छ) | विद्यार्थीहरूको इच्छा, चाहाना, रूचि, क्षमता, आवश्यकता र विशेषतागँग मिल्ने शिक्षणविधि तथा कार्यकलापको प्रयोग गरिएको | ८०% | २०% |
| (ज) | छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग भएको | ४०% | ६०% |

तलिका १८ अनुसार ८०% शिक्षकले पाठसँग सम्बन्धित भइ रमाइलो ढङ्गबाट कक्षाको सुरुवात गरेको, ९०% शिक्षक हँसिलो मुद्रामा कक्षामा प्रवेश गरेको, ६०% शिक्षकले पूर्वपाठमा आधारित भई शिक्षण सुरुवात गरेको, सत्प्रतिशत शिक्षकले पाठको उद्देश्य अनुरूप शिक्षण गरेको ३०% शिक्षकले विद्यार्थीहरूलाई पाठको उद्देश्य बताएको, ८०% शिक्षकले विद्यार्थीको वैयक्तिक क्षमता बुझ्ेर शिक्षण गरेको, ८०% शिक्षकले विद्यार्थीहरूको रूचि, चाहना, आवश्यकता तथा विशेषतासँग मिल्ने विधि तथा कार्यकलापको उपयोग गरी

शिक्षण गरेको पाइयो । यसैगरी ४०% शिक्षकहरूले कक्षामा छलफल तथा प्रश्नोत्तर विधिको प्रयोग गरेको र अन्य शिक्षकहरूले उक्त क्रियाकलाप गरेको पाइएन ।

### ४.२.४ शिक्षणीय पाठको प्रस्तुतीकरण

कक्षा दशमा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकहरूद्वारा कसरी पाठको प्रस्तुतीकरण गरियो भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका १९ मा देखाइएको छ :

**तालिका १९**

**शिक्षणीय पाठको प्रस्तुतीकरण**

| | पाठको प्रस्तुतीकरण | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| (क) | विषयवस्तुको ज्ञान | ९०% | १०% | ०% |
| (ख) | पाठको क्रमबद्ध शिक्षण | ४०% | ६०% | ०% |
| (ग) | पाठको उपयुक्त प्रस्तुतीकरण | ५०% | ५०% | ०% |
| (घ) | विषयवस्तुको स्पष्टता | ७०% | ३०% | ०% |
| (ङ) | उद्देश्य अनुसारको उपयुक्त उदाहरणको प्रस्तुतीकरण | ४०% | ६०% | ०% |
| च | आवश्यक शैक्षिक सामग्रीको प्रयोग | ६०% | ४०% | ०% |

तालिका १९ अनुसार ९०% शिक्षकमा विषयवस्तुको ज्ञान उत्तम र १०% शिक्षकमा मध्यम रहेको, ४०% शिक्षकको शिक्षण क्रमबद्ध र उत्तम, ६०% शिक्षकको शिक्षण मध्यम, ५०% शिक्षकले पाठको उत्तम प्रस्तुतीकरण, ५०% शिक्षकले पाठको मध्यम प्रस्तुतीकरण गरेको पाइयो । ७०% शिक्षकहरूको विषयवस्तुको स्पष्टता उत्तम ३०% शिक्षकको मध्यम रहेको र उदाहरणको उपयुक्त प्रस्तुतीकरणमा ४०% शिक्षकहरूले उत्तम स्तरको उपयुक्त प्रस्तुतीकरण गरेको देखियो भने ६०% शिक्षकद्वारा मध्यम स्तरको उदाहरणको उपयुक्त प्रस्तुतीकरण गरेको पाइयो ।

### ४.२.५ शिक्षण विधि

कक्षा दशमा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकहरूद्वारा कुन-कुन विधिको उपयोग गरी शिक्षण गरियो भन्ने कुराको अवलोकन गरी प्राप्त भएको तथ्यलाई तल तालिका २० मा देखाइएको छ :

**तालिका २०**

**शिक्षण विधि**

| | शिक्षण विधि | कक्षा अवलोकनको स्थिति |
|---|---|---|
| (क) | आगमन विधि | ४०% |
| (ख) | निगमन विधि | ३०% |
| (ग) | भाषासंसर्ग विधिं | ०% |
| (घ) | भाषापाठ्यपुस्तक | २०% |
| (ङ) | अन्य विधिहरू | १०% |

तालिका २० अनुसार ४०% शिक्षकले आगमन विधि ३०% शिक्षकले निगमन विधि र २०% शिक्षकले भाषापाठ्यपुस्तक विधि प्रयोग गरेको पाइयो । १०% शिक्षकहरूले अन्य विधिहरू ( खोज, खेल) प्रयोग गरेको पाइयो तर कुनैपनि शिक्षकले भाषासंसर्ग विधिको प्रयोग गरेको पाइएन । आगमन विधिको प्रयोग गरी शिक्षण गरिएकाकक्षाहरूमा पाठ्यांशका थोरै अंशमात्र शिक्षण गर्न सकियो । निगमन विधिअनुसार शिक्षण गरिएका कक्षाहरूमा विद्यार्थीहरूको सहभागिता कम भएको र शिक्षक केन्द्रित शिक्षण भएको पाइयो । आगमन विधि र भाषापाठ्यपुस्तक विधिअनुसार शिक्षण गरिएका कक्षाहरू बढि प्रभावकारी देखिए तापनि समग्रमा कक्षामा प्रयोग गरिएका विधिहरू पूर्ण रूपमा प्रभावकारी हुन नसकेको पाइयो ।

### ४.२.६ विद्यार्थी मूल्याङ्कन

कक्षा दशमा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकहरूद्वारा कसरी विद्यार्थी मूल्याङ्कन गरियो भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका २१ देखाइएको छ :

### तालिक २१

### विद्यार्थी मूल्याङकन

| | विद्यार्थी मूल्याङ्कन | प्रशस्त | ज्यादै कम | छैन |
|---|---|---|---|---|
| (क) | शिक्षणका त्रममा बीचबीचमा विद्यार्थीहरूलाई प्रश्न गरिएको | ६०% | ४०% | ०% |
| (ख) | मूल्याङ्कनमा सबै विद्यार्थीहरूलाई बराबर सहभागी गराइएको | ३०% | ५०% | २०% |
| (ग) | पाठको उद्देश्य अनुसार मूल्याङ्कन गरिएको | ७०% | ३०% | ०% |
| (घ) | कक्षा कार्य गराइएको | ३०% | ४०% | ३०% |
| (ङ) | प्रत्येक प्रश्नोत्तर पछि विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गरिएको | ६०% | ३०% | १०% |

तालिका २१ अनुसार ६०% शिक्षकद्वारा शिक्षणका क्रममा बीच-बीचमा विद्यार्थीहरूलाई प्रसस्त प्रश्न गरिएको, ४०% शिक्षकद्वारा ज्यादै कम प्रश्न गरिएको, ३०% शिक्षकद्वारा विद्यार्थीहरूलाई मूल्याङ्कनमा प्रसस्त सहभागी गराइएको, ५०% शिक्षकद्वारा ज्यादै कम सहभागी गराइएको र २०% शिक्षकद्वारा विद्यार्थीहरूलाई सहभागी नै नगराएको पाइयो । त्यसैगरी ७०% शिक्षकद्वारा पाठको उद्देश्य अनुरूप नै विद्यार्थी मूल्याङ्कन गरिएको र ३०% शिक्षकद्वारा ज्यादै कम मूल्याङ्कन गरिएको, ३०% शिक्षकद्वारा प्रसस्त कक्षा कार्य गराइएको, ४०% शिक्षकद्वारा ज्यादै कम कक्षाकार्य गराइएको र ३०% शिक्षकद्वारा कक्षा कार्य नै नगराइएको पाइयो । ६०% शिक्षकद्वारा प्रश्नोत्तर पछि विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान प्रसस्त गरिएको, ३०% शिक्षकद्वारा ज्यादैकम पृष्ठपोषण प्रदान गरिएको र १०% शिक्षकद्वारा विद्यार्थीहरूलाई पृष्ठपोषण नै प्रदान नगरिएको पाइयो ।

### ४.२.७ पाठयोजना निर्माण

कक्षा १० मा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकहरूद्वारा पाठ्योजना निर्माण गरिएको छ या छैन भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका २२ मा देखाइएको छ :

### तालिका २२

### दैनिक पाठयोजना निर्माण

| | दैनिक पाठयोजनाको प्रकृति | छ | छैन |
|---|---|---|---|
| (क) | लिखित पाठयोजना निर्माण गरिएको | ०% | १००% |
| (ख) | बुँदामात्र टिपोट गरिएको | २०% | ८०% |
| (ग) | शिक्षक निर्देशिकाको प्रयोग गरिएको | ३०% | ७०% |
| (घ) | शिक्षकले मानसिक रूपमा मात्र योजना बनाएको | ९०% | १०% |

तालिका २२अनुसार कक्षा अवलोकनको क्रममा कुनै पनि शिक्षकले लिखित योजना निर्माण गरेको पाइएन । नमुना छनौटमा परेका १० वटा विद्यालयका १०जना व्याकरण शिक्षण गर्ने शिक्षकले नै मानसिक रूपमा मात्र योजना निर्माण गरेको पाइयो । २०% शिक्षकहरूले बुँदाटिपोट मात्र गरेको, ३०% शिक्षकले शिक्षणका क्रममा शिक्षक निर्देशिकाको प्रयोग गरेका पाइयो । यसैगरी ९०% शिक्षकहरूले कक्षा शिक्षणको लागि मानसिक रूपमा मात्र योजना बनाउने गरेको पाइयो ।

### ४.२.८ गृहकार्य

कक्षा दशमा व्याकरण शिक्षण गर्ने क्रममा शिक्षकहरूद्वारा विद्यार्थीहरूलाई कसरी गृहकार्य दिइयो भन्ने कुराको कक्षा अवलोकन गरी त्यसबाट प्राप्त भएको तथ्यलाई तल तालिका २३ मा देखाइएको छ :

### तालिका २३

### गृहकार्यको प्रकृति

| | गृहकार्यको प्रकृति | कक्षा अवलोकनको स्थिति |
|---|---|---|
| (क) | पढेर आउने | १०% |
| (ख) | प्रश्नको उत्तर लेखेर ल्याउने | ६०% |
| (ग) | विद्यार्थीहरूले उदाहरण आफै खोजेर ल्याउने | १०% |
| (घ) | पाठमा दिइएको अभ्यास गरेर ल्याउने | २०% |

तालिका २३ अनुसार विद्यार्थीहरूलाई गृहकार्य दिने शिक्षकहरूमध्ये १०% शिक्षकले पढेर आउने भनेको, ६०% शिक्षकले प्रश्नको उत्तर लेखेर ल्याउन लगाएको, १०% शिक्षकले विद्यार्थीहरूले उदाहरण आफैं खोजेर ल्याउन र २०% शिक्षकले पाठमा दिइएका अभ्यास गरेर ल्याउनु पर्ने प्रकृतिका गृहकार्य दिएको पाइयो ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कअनुसार विद्यार्थीहरूलाई गृहकार्य दिने शिक्षकहरूमध्ये ६०% शिक्षकले गृहकार्य सङ्कलन गर्ने र जाँच्ने, ४०% शिक्षकले विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गर्ने गरेको र ७०% शिक्षकले गृहकार्य नगर्ने विद्यार्थीहरूलाई सचेत गराउने गरेको पाइयो । ३०% शिक्षकले उक्त कार्यकलाप गरेको पाइएन ।

### ४.२.९ व्याकरण शिक्षणको प्रभावकारीता

इलाम जिल्लाका नमुना छनौटमा परेका १० वटा निजी तथा सरकारी विद्यालयमा कक्षा १० मा नेपाली भाषा तथा व्याकारण शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकन गरी प्राप्त तथ्याङ्क अनुसार अधिकांश शिक्षकहरूले पाठसँग सम्बन्धित सान्दर्भिक शैक्षिक सामग्रीको उपयोग गरेको पाइएन । केही शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग गरेको पाइयो । शिक्षण गर्दा विद्यार्थीहरू सिर्जनात्मक क्षमता बढाउने किसिमका कार्यकलापहरू थोरै शिक्षकले मात्र गरेको पाइयो । शिक्षणका क्रममा विद्यार्थीको सक्रिय सहभागीता कम हुनुका साथै स्तरीय एवं वालमैत्री शिक्षण क्रियाकलापको अभाव देखियो । समग्रमा भन्नुपर्दा पाठका विद्याहरूको उपयोग गर्दै व्याकरण शिक्षणको प्रभावकारीता आंशिक रूपमा मात्र सफल रहेको पाइयो ।

## ४.३ कक्षामा उपयोग गरिएका विधि तथा यिनीहरूको मूल्याङ्कन

कक्षा दशमा व्याकरण शिक्षणगर्ने शिक्षकहरूको कक्षा अवलोकन गर्दा थोरै शिक्षकले मात्र आगमन विधिको उपयोग गरी शिक्षण गरेको पाइयो । आगमन विधिको उपयोग गरी शिक्षण गर्दा सिकाइ बढी प्रभावकारी र विद्यार्थीकेन्द्रित भएको पाइयो । शिक्षकले विद्यार्थीहरूलाई उदाहरण दिन लगाउने, अभ्यास गराउने र नियम तथा परिभाषा बताउन लगाउने गरेको पाइयो । यस विधिद्वारा शिक्षण गर्दा कक्षा रोचक, छलफल र अन्तरक्रिया केन्द्रित भइ सिकाइ प्रभाकारी भएको तर थोरै मात्र पाठ्यांश शिक्षण गर्न सकिएको पाइयो । यसरी हेर्दा आगमन विधिको उपयोग गरी व्याकरण शिक्षण गर्दा तोकिएको समयभार अपुग हुने देखिन्छ ।

कक्षा अवलोकनको तथ्याङ्क हेर्दा कक्षा १० मा व्याकरण शिक्षण गर्ने नमुना छनोटमा परेका १० जना शिक्षकहरूमध्ये ३०% शिक्षकले निगमन विधि उपयोग गरी शिक्षण गरेको पाइयो । यस विधिबाट शिक्षण गर्दा कक्षा कार्यकलापमा शिक्षक मात्र सक्रिय, रहने व्याकरणका नियम, परिभाषा र संरचना शिक्षक आफैंले बताइदिने गरेको पाइयो । यस विधिअनुसार शिक्षण गर्दा कक्षा रोचक र सिकाइ प्रभावकारी हुन नसकेको पाइयो । निगमन विधिको उपयोग गरी शिक्षण गरिएका कक्षाहरूमा शिक्षण पश्चात विद्यार्थी मुल्याङ्कन गर्दा विद्यार्थीहरूले अपेक्षित उद्देश्य हासिल हुने गरी प्रश्नको उत्तर दिन नसकेको पाइयो । अतः शिक्षणका क्रममा निगमन विधि उपयोगी र प्रभावकारी हुन नसकेको पाइयो ।

कक्षा अवलोकनका क्रममा शिक्षकले भाषा पाठ्यपुस्तक विधिको पनि उपयोग गरेको पाइयो । २०% शिक्षकले उपयोग गरेको यो विधि शिक्षणका क्रममा उपयोगी देखियो । पाठ्यपुस्तकमा दिइएका उदाहरण, नियम, परिभाषा र संरचना विद्यार्थीहरूलाई पढ्न, भन्न र लेख्न लगाउने गरेको पाइयो । शिक्षकले पनि व्याकरणका नियम, परिभाषा र उदाहरण बताइदिने, पाठ्यपुस्तकमा भएका अभ्यासहरू विद्यार्थीहरूलाई गर्न लगाउने जस्ता कार्यकलापहरू बढी उपयोगी रहेको पाइयो । पाठ्यपुस्तक विधिबाट व्याकरण शिक्षण गर्दा यसले शिक्षणको लागि मार्गनिर्देशकको काम गरेको पाइयो ।

### ४.३.१ सारांश

नमूना छनौटमा परेका इलाम जिल्लाका ५ सरकारी तथा ५ निजी विद्यालयहरू गरी जम्मा १० वटा विद्यालयमा अवलोकन गरिएका कक्षा कोठाहरूको सिकाइ वातावरण र उक्त अवलोकित कक्षामा शिक्षण गर्ने शिक्षकहरूको व्यक्तित्व समग्रमा राम्रो पाइयो । व्याकरण शिक्षणका क्रममा शिक्षकको सक्रियता नै विद्यार्थीको तुलनामा बढीरहेको पाइयो । धेरैजसो शिक्षकहरूबाट कक्षाको प्रारम्भ रमाइलो ढङ्गले गरेको, पाठको उद्देश्य विद्यार्थीलाई बताइएको पाइयो । अधिकांश शिक्षकहरूमा विषयवस्तुको पर्याप्त ज्ञान भएको पाइए तापनि पाठको क्रमबद्ध प्रस्तुतीकरणको उपयुक्ततामा भने केही कमजोरी देखियो । आगमन, निगमन र भाषा पाठ्यपुस्तक विधिको प्रयोग गरेर शिक्षण गरेको पाइयो । धेरै शिक्षकहरूले पाठको उद्देश्य अनुसार मूल्याङ्कन गरी विद्यार्थीहरूलाई पृष्ठपोषण दिइएको पाइयो । अवलोकित कक्षाका सबै शिक्षकहरूले लिखित पाठयोजना निर्माण गरेको पाइएन । मानसिक रूपमा योजना बनाएको र केहिलेकाहीँ शिक्षक निर्देशिकाको प्रयोग गरेको पाइयो । धेरैजसो शिक्षकहरूले गृहकार्यका रूपमा प्रश्नको उत्तर लेखेर ल्याउन विद्यार्थीहरूलाई निर्देशन गरेको

पाइयो । यसर्थ यस अवलोकनबाट उद्देश्य अनुसार शिक्षण सिकाइ हुनु ज्यादै सकारात्मक पक्ष लिइएको छ भने व्याकरण जस्ता विषयहरूमा आगमन विधिलाई अझ व्यापक गरिनु पर्ने खोजविधि तथा खेलविधिको प्रयोग गरी कक्षाकार्यकलापलाई वालमैत्री बनाउन सके अझ प्रभावकारी हुने देखिन्छ ।

# अध्याय : पाँच

# तुलनात्मक विश्लेषण

## ५.१ संक्षिप्त परिचय

यस अध्यायमा नमुना छनोटमा परेका इलाम जिल्लाका १० वटा विद्यालयका १० जना नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावली र यसबाट प्रप्त भएको तथ्यगत विवरण र शिक्षणका क्रममा गरिएको कक्षा अवलोकनबाट प्राप्त तथ्यबीच तुलना गर्ने सरकारी एवं निजी विद्यालयका शिक्षकहरूले अपनाएका शिक्षण विधि तथा कक्षा कार्यकलाप तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले अपनाएका शिक्षण विधि तथा कार्यकलापहरू बीच तुलना गरी त्यसबाट प्राप्त भएका तथ्यहरूको व्याख्या तथा विश्लेषण गरिएको छ ।

## ५.२ तुलनात्मक विश्लेषण

### ५.२.१ शैक्षिक सामग्रीको प्रयोग

शिक्षण सिकाइलाई सरल,सहज,प्रभावकारी र रोचक बनाउन शैक्षिक सामग्रीको महत्त्वपूर्ण भूमिका रहन्छ । शैक्षिक सामग्रीको सही प्रयोगबाट कक्षा शिक्षण कार्यकलापमा क्रमवद्धता र सहजता आउँछ । एक असल तथा तालिम प्राप्त शिक्षकमा शैक्षिक सामग्री निर्माण,सङ्कलन र विषयवस्तुको सन्दर्भ अनुसार प्रयोग गर्ने क्षमता अवस्य हुनुपर्छ । यस अध्ययनमा प्रश्नावलीको माध्यमबाट सर्वेक्षण गरिएका ७०% शिक्षकहरूले दैनिक प्रयोगमा आउने शैक्षिक सामग्रीहरू चक,डस्टर,पाटी र पाठ्यपुस्तक बाहेक अन्य शैक्षिक सामग्रीहरू शब्दपत्ती,अर्थपत्ती, वाक्यपत्ती, गोजी तालिका विभिन्न कार्डहरू, फलाटिन पाटी, शिक्षक निर्देशिका तथा सन्दर्भ पाठ्यपुस्तकहरूको प्रयोग नेपाली भाषा तथा व्याकरण शिक्षणको क्रममा गर्ने कुरा बताए पनि कक्षा अवलोकनका क्रममा दैनिक उपयोगमा आउने शैक्षिक सामग्री बाहेक अन्य कुनै पनि सामग्रीको उपयोग गरेको पाइएन ।अतः व्याकरण शिक्षणका क्रममा विषयवस्तु अनुरूपका शैक्षिक सामग्रीहरूको आवश्यकता अनुसार उपयोग हुनु जरुरी देखिन्छ ।

### ५.२.२ शिक्षण विधि

शिक्षकहरूलाई सोधिएको प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त भएको शिक्षण विधि सम्बन्धी तथ्यलाई तालिका २४ मा देखाइएको छ :

**तालिका २४**

**शिक्षण विधिको प्रयोग**

| क्र.सं. | शिक्षण विधि | शिक्षक प्रतिक्रिया | कक्षा अवलोकन | कैफियत |
|---|---|---|---|---|
| क. | आगमन | ८०% | ४०% | |
| ख. | निगमन | ३०% | ३०% | |
| ग. | भाषासंसर्ग विधि | २०% | ०% | |
| घ. | भाषा पाठ्यपुस्तक विधि | ३०% | २०% | |
| ङ. | अन्य विधिहरू - (खोज विधि, खेल विधि) | ५०% | १०% | |

प्रस्तुत गरिएको तालिका २४ अनुसार ८०% शिक्षकहरूले आगमन विधिको प्रयोगबाट शिक्षण गर्ने कुरा बताएका थिए तर कक्षा अवलोकन गर्दा केवल ४०% शिक्षकहरूले मात्र यो विधिको प्रयोग गरेर शिक्षण कार्यकलाप सञ्चालन गरेको पाइयो । अध्ययन अनुसन्धानको कार्यमा संलग्न भएका सबै शिक्षकहरूले निगमन विधिको प्रयोग शिक्षण गर्दा नगरेको प्रतिक्रिया दिएका थिए भने कक्षा अवलोकन गर्दा ३०% शिक्षकहरूले निगमन विधिको प्रयोग गरेको पाइयो । यसैगरी भाषा संसर्ग विधिको प्रयोग कक्षा अवलोकन गर्दा गरेको पाइएन । ३०% शिक्षकहरूले कक्षामा शिक्षण गर्दा भाषा पाठ्यपुस्तक विधिको प्रयोग गर्ने प्रतिक्रिया दिएका थिए भने कक्षा अवलोकनका क्रममा २०% शिक्षकहरूले मात्र भाषा पाठ्यपुस्तक विधिको प्रयोग शिक्षणमा गरेको पाइयो । यसैगरी अन्य विधिहरू जस्तै - व्याकरण शिक्षणका लागि उपयोग गर्न सकिने खोज विधि, खेल विधिलाई नेपाली भाषा तथा व्याकरण शिक्षणमा बढी भन्दा बढी प्रयोग हुनुपर्नेमा कक्षा अवलोकनको क्रममा यी विधिहरू ज्यादै कम मात्रामा १०% शिक्षकहरूले कक्षा शिक्षणमा प्रयोग गरेको पाइयो । नेपाली भाषा तथा व्याकरण शिक्षण कार्यकलाप सञ्चालन गर्दा कक्षालाई विद्यार्थीहरुको रूचि, चाहना अनुसार सञ्चालन गर्नु जरुरी छ भने शिक्षण कार्यकलापहरू वर्तमान सन्दर्भमा वालमैत्री हुनु जरुरी छ जसको

लागि भाषिक सीप विकास सँगसँगै व्याकरणिक खेलहरू खेलाएर कार्यकलापलाई समय सान्दर्भिक बनाउनु पर्ने देखिन्छ ।

## ५.३ कक्षा अवलोकनबाट प्राप्त तथ्यका आधारमा सरकारी तथा निजी विद्यालयहरूको तुलना

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने नमुना छनौटमा परेका इलाम जिल्लाका दश वटा विद्यालयहरू मध्ये पाँच सरकारी (सामुदायिक) र पाँच निजी (संस्थागत) विद्यालयहरूका जम्मा १० जना शिक्षकहरूले शिक्षणको क्रममा प्रयोग भएका शिक्षणका विभिन्न पक्षहरूको कक्षा अवलोकन गरी यसबाट प्राप्त भएका तथ्यहरूको तुलनात्मक अध्ययनलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ५.३.१ शैक्षणिक योजना

शिक्षण सिकाइ कार्यकलापका अध्यापन योजना शिक्षकलाई पथप्रदर्शन गर्ने महत्त्वपूर्ण माध्यम हो । शिक्षण कार्यको सफलता, असफलता र प्रभावकारिता आदि कुरा अध्यापन योजनामा नै भर पर्दछ । शैक्षणिक योजनाका आधारमा शिक्षण सिकाइ कार्यकलाप सञ्चालन गर्नु भनेको अव्यवस्थित तथा अनिश्चित स्थितिबाट सुव्यवस्थित तथा निश्चित गोरेटो तिर शिक्षणलाई दिशानिर्देश गर्नु हो । यस अध्ययनमा संलग्न सरकारी तथा निजी विद्यालयमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूद्वारा कस्तो किसिमको योजना निर्माण गरी कक्षा शिक्षण गरियो भन्ने कुराको कक्षा अवलोकन गरी यसबाट प्राप्त भएको तथ्यलाई तुलनात्मक रूपमा तालिका २५ मा देखाइएको छ :

**तालिका २५**

**शैक्षणिक योजनाको किसिम**

| क्र.सं. | पाठयोजनाको प्रकृति | सरकारी विद्यालय | निजी विद्यालय |
|---|---|---|---|
| (क) | लिखित पाठयोजना बनाइएको छ । | ०% | ०% |
| (ख) | बुँदामात्र टिपोट गरिएको छ । | १०% | २०% |
| (ग) | शिक्षक निर्देशिकाको उपयोग गरिएको छ । | २०% | ०% |
| (घ) | शिक्षकले मानसिक रूपमा अलिखित योजना बनाएको छ । | ७०% | ८०% |

प्रस्तुत तालिका अनुसार लिखित पाठयोजनाको निर्माण सरकारी तथा निजी विद्यालयका शिक्षकहरूले गरेको पाइएन । यसैगरी निजी विद्यालयमा शिक्षण गर्ने २०% शिक्षकहरूले बुँदामात्र टिपोट गर्ने गरेको जसको तुलनामा सरकारी विद्यालयमा शिक्षण गर्ने १०% शिक्षकहरूले मात्र बुँदाटिपोट गरी शिक्षण गर्ने गरेको पाइयो । विशेष गरेर सरकारी विद्यालयका २०% शिक्षकहरूले शिक्षण गर्दा शिक्षक निर्देशिकाको प्रयोग गरेको अवस्था कक्षा अवलोकनमा पाइयो भने निजी विद्यालयका शिक्षकहरूले भने प्रयोग गरेको पाइएन । यसैगरी ७०% सरकारी विद्यालयका र ८०% निजी विद्यालयका शिक्षकहरूले कुनै लिखित योजना नबनाई आफूहरू मानसिक रूपमा मात्र तयार भएर शिक्षण गर्ने प्रतिक्रिया व्यक्त गरेका छन् ।

### ५.३.२ सिकाइ वातावरण

अध्ययन अध्यापनलाई प्रभावकारी बनाउन वातावरणीय पक्ष महत्त्वपूर्ण हुन्छ । उचित खालको वातावरण नभएमा सिकाइको प्रभावकारिता नहुने, अभिभावकको लगानी र विद्यार्थीको समय तथा मिहेनत त्यतिकै खेर जान्छ । शिक्षण सिकाइ वातावरणभित्र शिक्षण योजना, कक्षाकोठाको बसाइ व्यवस्थापन, शैक्षिक सामग्रीको उचित व्यवस्थापन, सहज शिक्षण क्रियाकलाप, समूहकार्य, अन्तरक्रिया, पृष्ठपोषण, प्रोत्साहन र परियोजना कार्य आदिको भूमिका महत्त्वपूर्ण हुनजान्छ । यीनै कुरालाई मध्यनजर गरी इलाम जिल्लाका नमुना छनौटमा परेका सरकारी र निजी विद्यालयहरूमा कक्षा शिक्षणका क्रममा सिकाइ वातावरण कस्तो रहयो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तल तालिका २६ मा देखाइएको छ :

**तालिका २६**

**सिकाइ वातावरण**

| क्र. स. | सिकाइ वातावरण | सरकारी विद्यालय | | निजी विद्यालय | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| क. | कक्षा कोठामा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त | ५०% | ५०% | ६०% | ४०% |
| ख. | कक्षामा कमजोर विद्यार्थीहरूलाई उचित ध्यान दिइएको | ७०% | ३०% | १००% | ०% |
| ग. | कक्षाकोठाका भित्ताहरूमा शैक्षिक सामग्री सजाएर राखिएको | ४०% | ६०% | ५०% | ५०% |
| घ. | कक्षाकोठामा प्रकाशको उचित व्यवस्था | ८०% | २०% | ६०% | ४०% |
| ङ. | शिक्षणका क्रममा विद्यार्थी शिक्षक बीच अन्तरक्रिया गरिएको | ८०% | २०% | ५०% | ५०% |
| च. | कक्षाकोठामा बाह्य वातावरणको प्रत्यक्ष प्रभाव | ६०% | ४०% | ८०% | २०% |

प्रस्तुत तालिका अनुसार ५०% सरकारी विद्यालयहरूमा कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त भएको र ५०% सरकारी विद्यालयमा विद्यार्थीको बसाइ व्यवस्था उपयुक्त नभएको पाइयो भने ६०% निजी विद्यालयका कक्षाकोठामा  विद्यार्थीहरूको बसाइ व्यवस्था उपयुक्त भएको पाइयो । ७०% सरकारी विद्यालयका शिक्षकहरूले शिक्षण गर्दा कक्षामा कमजोर विद्यार्थीहरूलाई उचित ध्यान पुऱ्याएको पाइयो र निजी विद्यालयमा शिक्षण गर्ने सत्प्रतिशत शिक्षकले कमजोर विद्यार्थीलाई उचित ध्यान दिएर शिक्षण गरेको पाइयो । यसैगरी सरकारी विद्यालयमा ४०% ले कक्षाकोठाका  भित्तामा शैक्षिक सामग्री सजाएर राखेको, ५०% निजी विद्यालयका कक्षाकोठामा शैक्षिक सामग्री भित्तामा सजाएको अवस्था अवलोकनको क्रममा देखियो । ८०% सरकारी विद्यालयका कक्षाकोठामा प्रकाशको उचित व्यवस्था भएको, निजी विद्यालयहरूमा ६०% मात्र कक्षा कोठामा उपयुक्त प्रकाश व्यवस्था भएको पाइयो । सरकारी विद्यालयका ८०% शिक्षकहरूले शिक्षणका क्रममा विद्यार्थी शिक्षक बीच प्रसस्त अन्तरक्रिया गरेको पाइयो भने निजी विद्यालयका ५०% शिक्षकहरूले मात्र शिक्षणका क्रममा अन्तरक्रिया गरेको अवस्था कक्षा अवलोकनबाट स्पष्ट भयो । यसरी कक्षकोठामा वाह्य वातवरणको सरकारी विद्यालयमा ६०% प्रत्यक्ष प्रभाव परेको, निजी विद्यालयहरूका कक्षाकोठाहरूमा अझ बढी ८०% वाह्य वातावरणको प्रभाव परेको अवस्था कक्षा अवलोकन गर्दा प्रष्ट रूपमा पाइयो ।

### ५.३.३ कक्षाको सुरुवात

सरकारी र निजी विद्यालयहरूमा कक्षा शिक्षण गर्दा शिक्षकहरूद्वारा कसरी कक्षा सुरुवात गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तुलनात्मक रूपमा तालिका २७ मा देखाइएको छ :

**तलिका २७**

**कक्षाको सुरुवात**

| क्र. सं. | सिकाइ वातावरण | सरकारी विद्यालय | | निजी विद्यालय | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| क. | कक्षाको प्रारम्भमा रमाइलो ढङ्गले विद्यार्थीलाई ध्यानाकर्षण गरेको | ८०% | २०% | ६०% | ४०% |
| ख. | शिक्षक कक्षामा हँसिलो चेहरा र मिलनसार व्यवहारका साथ प्रवेश गरेको | ९०% | १०% | ८०% | २०% |
| ग. | अघिल्लो पाठको स्मरण गराउँदै कक्षा सुरुवात गरिएको | ६०% | ४०% | ८०% | २०% |
| घ. | पाठको उद्देश्य अनुरूप शिक्षण गरिएको | १००% | ०% | १००% | ०% |
| ङ. | पाठ शिक्षणको उद्देश्य विद्यार्थीलाई बताइएको | ३०% | ७०% | २०% | ८०% |
| च. | व्यक्तिगत क्षमता अनुसार विद्यार्थीलाई सिक्ने वातावरण सिर्जना गरिएको | ६०% | ४०% | ८०% | २०% |
| छ. | विद्यार्थीको इच्छा, रूचि, चाहना, क्षमता र आवश्यकता अनुसारको शिक्षण विधि तथा क्रियालाप सञ्चालन गरिएको । | ६०% | ४०% | ६०% | ४०% |

प्रस्तुत तालिका अनुसार सरकारी विद्यालयका ८०% शिक्षकहरूले कक्षाको प्रारम्भमा रमाइलो ढङ्गले विद्यार्थीहरूलाई ध्यानाकर्षण गर्ने गरेको, निजी विद्यालयका ६०% शिक्षकहरूले मात्र यसरी कक्षामा शिक्षणको सुरुवात गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ९०% शिक्षकहरूले कक्षामा हँसिलो चेहरा र मिलनसार व्यवहार प्रस्तुत गरेको पाइयो भने निजी विद्यालयका ८०% शिक्षकहरूले मात्र उक्त व्यवहार गरेको पाइयो । सरकारी विद्यालयका ६०% शिक्षकहरूले अघिल्लो पाठको स्मरण गराउँदै कक्षा शुरुवात गरेको अवस्था पाइयो भने निजी विद्यालयका ४०% शिक्षकहरूले मात्र पूर्वपाठको स्मरण गराएर मात्र कक्षा शुरुवात गरेको पाइयो । सरकारी तथा निजी विद्यालयका सत्प्रतिशत शिक्षकहरूले पाठको उद्देश्य अनुसार शिक्षण गरेको कुरा कक्षा अवलोकनले स्पष्ट देखाएको छ । सरकारी विद्यालयका ३०% र निजी विद्यालयका २०% शिक्षकहरूले मात्र विद्यार्थीहरूलाई पाठ शिक्षणको उद्देश्य बताएको पाइयो । व्यक्तिगत क्षमता अनुसार विद्यार्थीलाई सिक्ने वातावरणको सिर्जना सरकारी विद्यालयमा ६०% र निजी विद्यालयहरूमा

८०% रहेको पाइयो । निजी तथा सरकारी दुबै प्रकारका विद्यालयहरूमा ६०% विद्यार्थीको इच्छा, रुची, चाहना, क्षमता र आवश्यक्ता अनुसारको शिक्षण विधि तथा क्रियाकलाप सञ्चालन गरेको कुरा कक्षा अवलोकनद्वारा पुष्टि भएको छ ।

### ५.३.४ पाठको प्रस्तुतीकरण

सरकारी तथा निजी विद्यालयहरूमा कक्षा शिक्षण गर्दा शिक्षकहरूद्वारा पाठको प्रस्तुती कसरी गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तुलनात्मक रूपमा तालिका २८ मा देखाइएको छ :

**तालिका २८**

**पाठको प्रस्तुतीकरण**

| क्र. स. | पाठको प्रस्तुतीकरण | सरकारी विद्यालय | | निजी विद्यालय | |
|---|---|---|---|---|---|
| | | उत्तम | मध्यम | उत्तम | मध्यम |
| (क) | विषयवस्तुको ज्ञान | ८०% | २०% | ८०% | २०% |
| (ख) | पाठको क्रमबद्ध शिक्षण | ५०% | ५०% | ४०% | ६०% |
| (ग) | पाठको उपयुक्त प्रस्तुतीकरण | ४०% | ६०% | ४०% | ६०% |
| (घ) | पाठको स्तरयुक्तता | ७०% | ३०% | ५०% | ५०% |
| (ङ) | उद्देश्य अनुसारको उदाहरणको प्रस्तुतीकरण | ४०% | ६०% | ६०% | ४०% |
| (च) | आवश्यक शैक्षिक सामग्रीको प्रयोग | ३०% | ७०% | २०% | ८०% |

तालिका २८ अनुसार सरकारी तथा निजी विद्यालयमा शिक्षण गर्ने ८०% शिक्षकहरूमा विषयवस्तुको ज्ञान पर्याप्त रहेको पाइयो । विषयवस्तुको ज्ञानमा उत्तम अवस्था रहे तापनि पाठको क्रमबद्ध शिक्षणमा सरकारी विद्यालय तर्फ ५०% र निजी विद्यालयतर्फका ४०% शिक्षकहरूको मात्र उत्तम अवस्था रहेको पाइयो । सरकारी तथा निजी विद्यालयहरूमा ४०% मात्र पाठको उपयुक्त प्रस्तुतीकरण गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ७०% शिक्षकहरूले पाठको स्तरयुक्ततालाई उत्तम ढङ्गले ध्यान दिएको पाइयो भने निजी

विद्यालयका ५०% शिक्षकले मात्र पाठको स्तरयुक्ततालाई उत्तम ढङ्गले ध्यान दिएको पाइयो । उद्देश्य अनुसारको उदाहरणको प्रस्तुतीकरणमा निजी विद्यालयका ६०% शिक्षकहरूले उत्तम प्रस्तुती गरेको पाइयो भने यस विषयमा सरकारी विद्यालया ४०% शिक्षकहरूको मात्र प्रस्तुती उत्तम पाइयो । यसैगरी पाठको प्रकृति तथा उद्देश्य अनुरूपका आवश्यक शैक्षिक सामग्रीको प्रयोगमा सरकारी विद्यालय तर्फका ३०% शिक्षकहरूले उत्तम रूपमा र निजी विद्यायका २०% शिक्षकहरूले मात्र आवश्यक शैक्षिक सामग्रीको प्रयोग गरेर पाठको प्रस्तुतीकरण गरेको पाइयो ।

### ५.३.५ गृहकार्य

सरकारी र निजी विद्यायहरूमा कक्षा शिक्षण गर्दा शिक्षकहरूद्वारा विद्यार्थीहरूलाई कस्तो किसिमको गृहकार्य दिइयो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तालिका २९ मा देखाइएको छ :

**तालिका २९**

**गृहकार्यको प्रकृति**

| क्र.स. | गृहकार्यको प्रकृति | सरकारी विद्यालय | निजी विद्यालय |
|---|---|---|---|
| (क) | पढेर आउने | २०% | २०% |
| (ख) | प्रश्नको उत्तर लेखेर ल्याउने | ५०% | २०% |
| (ग) | विद्यार्थीहरूले उदाहरण खोजेर ल्याउने | ०% | १०% |
| (घ) | पाठमा दिएको अभ्यास गरेर ल्याउने | ३०% | ५०% |

तालिकामा प्रस्तुत गरिए अनुसार सरकारी विद्यालयका २०% शिक्षकहरुले विद्यार्थीहरूलाई पढेर आउने प्रकृतिको गृहकार्य दिइएको पाइयो भने २०% नै निजी विद्यालयका शिक्षकहरूले यसै प्रकृतिको गृहकार्य दिने गरेको पाइयो । सरकारी विद्यालयमा शिक्षण गर्ने ५०% शिक्षकहरूले प्रश्नको उत्तर लेखेर ल्याउने प्रकृतिको गृहकार्य दिएको पाइयो भने निजी विद्यालयका २०% शिक्षकहरूले मात्र उक्त प्रकृतिको गृहकार्य दिएको पाइयो । यसैगरी निजी

विद्यालयमा काम गर्ने १०% शिक्षकहरूले उदाहरण खोजेर सिर्जनात्मक क्षमता बढाउने खालको गृहकार्य दिएको पाइयो भने सरकारी विद्यायका शिक्षककहरूले यस्तो प्रकारको गृहकार्य दिएको पाइएन । यसैगरी सरकारी विद्यालयका ३०% शिक्षककहरूले पाठमा दिइएको अभ्यास मात्र गरेर ल्याउने गृहाकार्य दिएको पाइयो भने निजी विद्यालयमा ५०% शिक्षककहरूले यस्तो प्रकृतिको गृहकार्य दिइएको पाइयो । यसरी समग्रमा भन्दा निजी विद्यालयको गृहकार्यको प्रकृतिलाई हेर्दा पढाइ तथा लेखाइ दुवै सीपको विकासमा जोड दिने खालको देखियो भने सरकारी विद्यालयमा पढाइ सीप भन्दा बढि लेखाइ सीपमा जोड दिइएको पाइयो ।

### ५.३.६ शिक्षण विधि

सरकारी र निजी विद्यालयहरूका कक्षामा शिक्षण गर्दा शिक्षकहरूद्वारा कस्ता विधिहरूको उपयोग गरियो भन्ने कुराको अवलोकन गरी प्राप्त तथ्यहरूलाई तालिका ३० मा देखाइएको छ :

**तालिका ३०**

**शिक्षण विधि**

| क्र. स. | शिक्षण विधि | सरकारी विद्यालय | निजी विद्यालय |
|---|---|---|---|
| (क) | आगमन विधि | ४०% | ४०% |
| (ख) | निगमन विधि | ४०% | ३०% |
| (ग) | भाषाससर्ग विधि | | |
| (घ) | भाषा पाठ्यपुस्तक विधि | १०% | ३०% |
| (ङ) | अन्य विधिहरू (खोजविधि, खेलविधि आदि) | १०% | |

प्रस्तुत गरिएको तालिका अनुसार सरकारी र निजी विद्यालयमा शिक्षण गर्ने ४०% शिक्षकहरूले मात्र आगमन विधिको प्रयोग गरी शिक्षण गरेको पाइयो । यसैगरी ४०% सरकारी र ३०% निजी विद्यालयका शिक्षकहरूले व्याकरण शिक्षणको पुरानो विधि निगमन विधिको प्रयोगबाट नै शिक्षण गरेको पाइयो । सरकारी तथा निजी दुवै क्षेत्रका विद्यालयका

शिक्षकहरूद्वारा भाषा सँसर्गविधिको भने प्रयोग गरेको पाइएन । यसरी सरकारी विद्यालयका १०% र निजी विद्यालयका ३०% शिक्षकहरूले भाषा पाठ्यपुस्तक विधिको उपयोग गरेको पाइयो भने सरकारी विद्यालयका १०% शिक्षकहरूले व्याकरण शिक्षणमा खोजी विधि तथा खेल विधिको प्रयोग गरेको अवस्था पाइयो । समग्रमा चर्चा गर्दा व्याकरण शिक्षण गर्ने अधिकांश सरकारी विद्यालय तथा केही निजी विद्यालयका शिक्षकहरूले परम्परागत निगमन विधिको प्रयोग गर्ने गरेको पाइयो । क्रमशः यो विधिलाई त्यागी आधुनिक विकिहरूको प्रयोग गर्दै नेपाली भाषा र व्याकरण शिक्षण गर्नु पर्ने अवस्था देखिन्छ ।

## ५.४. कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कका आधारमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकको तुलना

यस उप-खण्डमा नमुना छनौटमा परेका इलाम जिल्लाका ५ वटा सरकारी (सामुदायिका) र ५वटा निजी (संस्थागत) विद्यालयका कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूलाई समावेश गरिएको छ ।

अध्ययनमा संलग्न इलाम जिल्लाका कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने नमुना छनौटमा परेका १० जना शिक्षकहरू मध्ये ७०% तालिम प्राप्त छन् भने ३०% शिक्षकहरू तालिम अप्राप्त रहेका छन् । तालिम प्राप्त भन्नाले शिक्षाशास्त्र संकायबाट स्नातक तह उत्तीर्ण गरेका वा सो सरह तथा माथिल्लो योग्यता प्राप्त गरे एक वर्षे वि.एड २ वा ३ वर्षे वि.एड. उत्तीर्ण गरेका साथै अन्य संकायबाट स्नातक वा सो भन्दा माथील्लो योग्यता हाासिल गरी शिक्षा सम्बन्धी दश महिना तालिम प्राप्त मानिएको छ । यहाँ तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षामा शिक्षण गर्दा कक्षा अवलोकन गरी अवलोकनबाट प्राप्त तथ्यङ्कहरूको तुलनात्मक अध्ययन व्याख्या एवम् विश्लेषण प्रस्तुत गरिएको छ ।

### ५.४.१ कक्षा शिक्षणको सुरुवात

कक्षा दशमा नेपाली र व्याकरण शिक्षण गर्ने शिक्षकहरू मध्ये तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूद्वारा कक्षा सुरुवात कसरी गरियो गन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएका तथ्यहरूलाई तुलनात्मक रूपमा तल तालिका ३१ म देखाइएको छ ।

## तालिका ३१

## कक्षा शिक्षणको सुरुवात

| क्र.स. | सिकाइ वातावरण | तालिम प्राप्त | | तालिम अप्राप्त | |
|---|---|---|---|---|---|
| | | छ | छैन | छ | छैन |
| (क) | कक्षाको प्रारम्भमा रमाइलो ढङ्गले विद्यार्थीहरूलाई ध्यानाकर्षण गरिएको | ८३% | १७% | ७५% | २५% |
| (ख) | शिक्षक कक्षामा हँसिलो चेहरा र मिलनसार व्यवहारका साथ प्रवेश गरेको | ८३% | १७% | ७५% | २५% |
| (ग) | अघिल्लो पाठको स्परण गराउँदै कक्षा सुरुवात गरिएको | ७८% | २२% | ७०% | ३०% |
| (घ) | पाठको उद्देश्य अनुरूप शिक्षण गरिएको | १००% | ०% | १००% | ०% |
| (ङ) | पाठ शिक्षणको उद्देश्य विद्यार्थीहरूलाई बताइएको | ३४% | ६६% | २०% | ८०% |
| (च) | व्यक्तिगत क्षमता अनुसार विद्यार्थीलाई सिक्ने वातावरवण सिर्जना गरिएको | ८३% | १७% | ७५% | २५% |
| (छ) | विद्यार्थीको इच्छा, रूचि, चाहना, क्षमता र आवश्यकता अनुसारको शिक्षण | | | | |
| (ज) | विधि तथा क्रियाकलाप सञ्चालन गरिएको | ९०% | १०% | ७०% | ३०% |

प्रस्तुत तालिका ३१ अनुसार ८३% तालिम प्राप्त शिक्षकहरूले कक्षा शिक्षणको सुरुवात रमाइलो ढङ्गले विद्यार्थीहरूलाई विषयवस्तु प्रति ध्यान आकर्षण गराउने किसिमले कक्षामा शिक्षणको प्रारभ्भ गरेको पाइयो भने ७५% तालिमा अप्राप्त शिक्षकहरूले पनि यो भूमिकालाई निर्वाह गरेको अवस्था कक्षा अवलोकनबाट पाइयो । यसैगरी ८३% तालिम प्राप्त र ७५% तालिम अप्राप्त शिक्षकहरूद्वारा कक्षामा प्रवेश गर्दा हँसिलो चेहरा र मिलनसार व्यवहार अवलम्बन गरेको पाइयो । लिखित पाठ्योजना निर्माण नगरे तापनि ७८% प्रतिशत सुरु गरेको प्रतिशत तालिम प्राप्त शिक्षाकहरूद्वारा पाठको उद्देश्य अनुरूप शिक्षण गरेको पाइयो भने यी दुवै सिकाइ वातावरणमा तालिम अप्राप्त शिक्षकहरूको ७०% र सत्प्रतिशत नै रहेको अवस्था कक्षा अवलोकनले देखाएको छ । यति हुँदाहुदै पनि पाठशिक्षणको उद्देश्य

विद्यार्थीहरूलाई बताउने कार्यमा ३४% तालिम प्राप्त शिक्षकहरू मात्र संलग्न रहेको र २०% मात्र तालिम अप्राप्त शिक्षकहरू संलग्न रहेको पाइयो । यसरी नै ९०% तालिम प्राप्त शिक्षकहरूले विद्यार्थीहरूको इच्छा, रुची, चाहना, क्षमता र आवश्यकता अनुसार शिक्षण सिकाइको वातावरण सिर्जना गरेको पाइयो भने ७०% तालिम अप्राप्त शिक्षकहरूले उक्त किसिमको शिक्षण सिकाइ वातावरण सिर्जना गरेको पाइयो । यसैगरी ८३% तालिम प्राप्त शिक्षकहरूले विद्यार्थीहरूको व्यक्तिगत क्षमता अनुसार सिक्ने वातावरण सिर्जना गरेको पाइयो भने ७५% तालिम अप्राप्त शिक्षकहरूले विद्यार्थीहरूको व्यक्तिगत क्षमता अनुसार सिक्ने वातावरणको सिर्जना गरेको पाइयो । समग्रमा अध्ययन गर्दा तालिम प्राप्त शिक्षकहरूद्वारा निर्माण गरिएको शिक्षण सिकाइ, वातावरवण र तालिम अप्राप्त शिक्षकहरूद्वारा निर्माण गरिएको शिक्षण सिकाइ वातावरणमा ज्यादै ठूलो भिन्नता नरहेको र प्रभावकारी रूपमा उपयुक्त शिक्षणका क्रियाकलापहरू प्रयोग गरी कक्षामा शक्षण सिकाइको सुरुवात गरेको पाइयो ।

### ५.४.२ शैक्षणिक योजना

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरू मध्ये तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूद्वारा कक्षा शिक्षण गर्दा कस्तो शिक्षण योजना निर्माण गरी शिक्षण गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएको तथ्यलाई तुलनात्मक रूपमा तल तालिका ३२ मा देखइएको छ :

**तालिका ३२**

**पाठ्योजनाको प्रकार**

| क्र.स. | दैनिक पाठयोजना | तालिम प्राप्त | तालिम अप्राप्त |
|---|---|---|---|
| (क) | पाठयोजना निर्माण लिखित रूपमा गरिएको छ । | ०% | ०% |
| (ख) | बुँदाटिपोट मात्र गरिएको छ । | १०% | २०% |
| (ग) | शिक्षक निर्देशिकाको प्रयोग गरिएको छ । | २०% | ०% |
| (घ) | लिखित योजना नभएपनि मानसिक रूपमा योजना बनाएक छ । | ७०% | ८०% |

यसरी प्रस्तुत तालिका ३२ अनुसार तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले कक्षामा शिक्षण गर्दा लिखित रूपमा पाठयोजनाको निर्माण गरिएको पाइएन । अनुसन्धानमा संलग्न शिक्षकहरू मध्ये १०% तालिम प्राप्त र २०% तालिम अप्राप्त शिक्षकहरूले शिक्षण गरीने विषयवस्तुलाई बुँदा टिपोट मात्र गरेर शिक्षण गरेको पाइयो । यसैगरी २०% तालिम प्राप्त शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग गरेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग गरेको पाइएन । ७०% तालिम प्राप्त र ८०% तालिम अप्राप्त शिक्षकहरूले शिक्षण गरिने विषयवस्तुको लिखित योजना नबनाए तापनि मानसिक रूपमा तयार भएको पाइयो ।

**५.४.३ निजी तथा सरकारी विद्यालयका तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूद्वारा नेपाली भाषा तथा व्याकरण शिक्षणको क्रममा के-कस्ता विधिहरूको उपयोग गरियो भन्ने कुराको कक्षा अवलोकन गरी प्राप्त भएका तथ्यहरूलाई तुलनात्मक रूपमा तल तालिका ३३ मा देखाइएको छ :**

**तालिका ३३**

**शिक्षण विधि**

| क्र.स. | शिक्षण विधि | तालिम प्राप्त | तालिम अप्राप्त |
|---|---|---|---|
| (क) | आगमन विधि | ६०% | २०% |
| (ख) | निगमन विधि | २०% | ५०% |
| (ग) | भाषा संसर्ग विधि | ०% | ०% |
| (घ) | भाषा पाठयपुस्तक विधि | १०% | ३०% |
| (ङ) | अन्य विधिहरू (खोज विधि ,खेल विधि) | १०% | ०% |

प्रस्तुत गरिएको तालिका ३३ अनुसार तालिम प्राप्त शिक्षकहरू मध्ये ६०% शिक्षकहरूले आगमन विधि २०% ले निगमन विधि १०% ले भाषा पाठयपुस्तक विधि र तालिम प्राप्त १०% शिक्षकहरूले व्याकरण शिक्षण गर्दा अन्य विधिहरू जस्तै खोज विधि, खेल विधिको समेत प्रयोग गरेको पाइयो भने तालिम अप्राप्त शिक्षकहरू मध्ये २०% ले मात्र आगमन विधिको प्रयोग गरेको, ५०% ले निगमन विधि र ३०% ले भाषा पाठ्यपुस्तक विधिको प्रयोग गरेको पाइयो । तालिम प्राप्त र अप्राप्त दुवै प्रकारका शिक्षकले भाषा संसर्ग विधिको प्रयोग गरेको पाइएन साथै अन्य विधिहरू (खोजविधि, खेलविधि) आदिको प्रयोग तालिम अप्राप्त शिक्षकले नगरेको र तालिम प्राप्तले मात्र उक्त विधिहरूको प्रयोग गरेको पाइयो ।

### ५.४.४ अन्य

कक्षा अवलोकनबाट प्राप्त तथ्य अनुसार विद्यार्थीहरूको मूल्याङ्कन गर्ने क्रममा अधिकांश तालिम प्राप्त शिक्षकले शिक्षणका क्रममा विद्यार्थीहरूलाई बीच बीचमा प्रश्न सोध्ने कक्षा कार्यकलापमा विद्यार्थीहरूलाई बराबर सहभागी गराउने कक्षा कार्यगराउने तथा प्रश्नोत्तर पछि विद्यार्थीहरूलाई पृष्ठपोषण गर्ने गरेको पाइयो भने थोरैजसो तालिम अप्राप्त शिक्षकले मात्र उक्त कार्य गर्ने गरेका पाइयो । त्यसैगरी अधिकांश तालिम प्राप्त शिक्षकले विद्यार्थीहरूलाई सिर्जनात्मक ज्ञान बढाउने र उदाहरण आफैं खोजेर ल्याउने किसिमका गृहकार्य दिएको पाइयो भने तालिम अप्राप्त शिक्षकले पाठमा दिएका अभ्यास मात्र गरेर ल्याउने किसिमका गृहकार्य दिने गरेको पाइयो ।

### ५.४.५ सारांश

कक्षा अवलोकनबाट प्राप्त तथ्यलाई हेर्दा अनुसनधानमा संलग्न विद्यालयका अधिकांश शिक्षकहरूले कक्षामा शिक्षण गर्दा दैनिक प्रयोगका सामग्री बाहेक अन्य थप सन्दर्भ सामग्रीहरूको प्रयोग गरेको पाइएन । धेरै शिक्षकहरूले शिक्षण गर्दा आगमन र भाषा पाठ्यपुस्तक विधिको प्रयोग प्रसस्त गर्ने गरेको प्रतिक्रिया व्यक्त गरे तापनि कक्षा अवलोकनमा निगमन विधिको प्रसस्त प्रयोग भएको पाइयो । सरकारी तथा निजी विद्यालयमा काम गर्ने साथै तालिम प्राप्त शिक्षकहरू हुन् वा तालिम अप्राप्त शिक्षकहरू हुन् कसैले पनि लिखित रूपमा पाठयोजना निर्माण गरेर शिक्षण गरेको पाइएन । सबैको एउटै धारणा मानसिक रूपमा तयारी गरेर शिक्षण गर्ने भन्ने पाइयो । केही तालिम प्राप्त विशेष गरेर सरकारी विद्यालयका शिक्षकहरूले शिक्षक निर्देशिकाको प्रयोग गरेको कक्षा अवलोकनमा समेत स्पष्ट देखियो भने निजी विद्यालयका विशेष गरेर तालिम अप्राप्त केही शिक्षकहरूले बुँदाटिपोट गरी शिक्षण गर्ने गरेको पाइयो । सरकारी विद्यालय र निजी विद्यालयका विद्यार्थीहरूको बसाइ व्यवस्थााई हेर्दा निजी विद्यायको केही कमजोर रहेको पाइयो । सरकारी तथा निजी विद्यालयहरूमा शिक्षण गर्ने अधिकांश शिक्षकहरूले पाठसँग सम्बन्धित भएर रमाइलो ढङ्गले कक्षामा प्रस्तुत भएको, सबै शिक्षकहरूले पाठको उद्देश्य अनुसार शिक्षण गरेको अवस्था रहे तापनि पाठको उद्देश्य विद्यार्थीहरूलाई बताउने गरेको पाइएन । निजी तथा सरकारी विद्यालयका धेरैजसो शिक्षकहरूमा विषयवस्तुको ज्ञान भए तापनि पाठको क्रमबद्ध प्रस्तुतीकरण भएको भने पाइएन । गृहकार्यको अवस्थालाई हेर्दा निजी विद्यायको पढाइ तथा लेखाइ सीप विकासमा जोड दिने खालको देखियो भने सरकारी

विद्यालयमा पढाइलाई भन्दा लेखाइलाई जोड दिने खालको पाइयो । शिक्षण विधिको प्रयोग सम्बन्धमा तुलना गर्दा विशेष गरेर तालिम प्राप्त शिक्षककहरूले आगमन, छलफल, अन्तरक्रिया, तथा खोज एवम् खेल विधिको समेत प्रयोग गर्ने गरेको पाइयो । निजी विद्यायहरूमा यस्ता विधिहरूको प्रयोग बढी भएको पाइयो । शिक्षक प्रतिक्रियामा आगमन विधिको प्रयोगमा जोड दिने भनिए तापनि कार्यन्वयन गर्दा निगमन विधिलाई अझै पनि प्रसस्त प्रयोग गर्ने गरेको कक्षा अवलोकनले यस अध्ययनमा स्पष्ट पारेको छ ।

कक्षा अवलोकनबाट प्राप्त तथ्यका आधारमा तालिम प्राप्त वा तालिम अप्राप्त दवै प्रकारका शिक्षककहरूमा शैक्षणिक योजना निर्माण अन्तर्गत पाठयोजना लिखित रूपमा निर्माण नगरेको अवस्था पाइयो भने तुलनात्मक रूपमा तालिम प्राप्त शिक्षककहरूमा शिक्षक निर्देशिकाको प्रयोग गर्ने गरेको आगमन विधि, खोज विधि, खेलविधिहरूको प्रयोग कक्षामा शिक्षणको क्रममा कहिलेकाहीँ गर्ने गरेको पाइयो । नेपाली भाषा तथा व्यारकण शिक्षण गर्ने सबै शिक्षककहरूले दैनिक प्रयोगका शैक्षिक उपयोगका सामग्रीको मात्र धेरैजसो उपयोग गर्ने गरेको पाइयो । दैनिक उपयोगका सामग्रीहरू बाहेक अन्य कुनै पनि शैक्षिक सामग्रीहरूको उपयोग प्रभावकारी रूपमा गरेको पाइएन । समग्रमा व्यारकण शिक्षण तथा भाषिक सीप विकास हुने कार्यकलापहरू धेरै प्रभावकारी रहेको पाइएन । अझ प्रभावकारी रूपमा शिक्षण गर्न व्यारकण शिक्षणलाई व्यवस्थित गर्न भाषिक सीप विकासलाई प्रभावकारी बनाउन आधुनिक शिक्षण विधि तथा प्रविधिहरूको प्रयोगमा एवम् विद्युतीय उपकरणहरू तथा वालकेन्द्रित शिक्षण कार्यकलापमा जोड दिनु पर्ने देखिन्छ । वालमैत्री शिक्षण कार्यकलापको अवस्था निजी तथा सरकारी विद्यालयहरूमा कम मात्रामा रहेको पाइयो । यसर्थ नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकले आधुनिक शैक्षणिक विधि तथा प्रविधि एवम् भाषिक सीप परीक्षण गर्ने किसिमका मूल्याङ्कनका साधनहङ्गको प्रयोग गर्नु पर्ने,  सिकारुमा भएका विभिन्न बौद्धिक क्षमता अनुकूल शिक्षण कार्यकलाप सञ्चालन गर्न सकेमा अझ प्रभावकारी हुने देखिन्छ ।

## अध्याय :छ

# निष्कर्ष तथा सुझावहरू

## ६.१ निष्कर्ष

प्रस्तुत शोध कार्यका लागि इलाम जिल्लाका नमुना छनौटमा परेका १० वटा विद्यालयहरू मध्ये ५ वटा सरकारी (सामुदायिक) विद्यालयहरू र ५ वटा निजी (संस्थागत) विद्यालयहरूका कक्षा १० मा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने १० जना शिक्षकहरूलाई नमुना जनसङ्ख्याका रूपमा लिइएको छ । यस अध्ययनलाई पूरा गर्नका लागि उक्त १० वटा विद्यालयमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने १० जना शिक्षकले भरेको प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त यथार्थ विवरणलाई फारामको माध्यमबाट शोध सामग्रीका रूपमा प्रयोग गरियो । यस अध्ययनमा नमुना छनौटमा परेका विद्यालयका शिक्षकलाई प्रश्नावली भराउने र शोधकर्ता आफैं उपस्थित भई कक्षा अवलोकन गर्ने कार्य सम्पन्न गरियो । प्रश्नावलीबाट तथा कक्षा अवलोकन गरी प्राप्त भएका तथ्यहरूलाई तालिकाबद्ध गरी प्रतिशतका आधारमा उक्त तथ्यहरूको व्याख्या विश्लेषण तथा तुलना सहित निष्कर्ष प्रस्तुत गरिएको छ ।

### ६. १.१ व्याकरण शिक्षण सम्बन्धी शिक्षकहरूबाट प्राप्त प्रतिक्रियाको निष्कर्ष

कक्षा दशमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने १० जना शिक्षकलाई भराइएको प्रश्नावली अनुसार अधिकांश शिक्षकले आफूले पढाउने बिषयको बार्षिक कार्ययोजना निर्माण गर्ने कुरा बताए भने अधिकांशले नै दैनिक पाठयोजना निर्माण गरेर शिक्षण गरिने कुरा अगाडि सारेका छन् । दैनिक पाठयोजनाको निर्माणबाट शिक्षण कार्य नियमित, व्यवस्थित र योजनाबद्ध हुन्छ भन्ने कुरामा सम्पूर्ण शिक्षकहरूको मत रहेको पाइयो । कक्षा शिक्षणका क्रममा धेरैजसो शिक्षकले दैनिक प्रयोगमा आउने शैक्षिक सामग्री पाठ्यपुस्तक, चक, डस्टर, कालो/सेतो पाटी बाहेक शब्द-वाक्यपत्ती, गोजी तालिका, फलाटिन पाटी, सन्दर्भ पाठ्यपुस्तक, चार्टहरू, चित्र, तस्वीर एवं अन्य श्रव्य दृश्य सामग्रीहरू समेत उपयोग गर्ने गरेको पाइयो । सरकारी तथा निजी विद्यालयका अधिकांश शिक्षकहरूले विद्यार्थीहरूलाई व्याकरणतत्त्वको परिचय, परिभाषा, नियम, संरचना विद्यार्थीहरूलाई नै भन्न लगाउने अलग-अलग व्याकरणतत्त्वको प्रयोग गरी विद्यार्थीहरूलाई अनुच्छेद लेखन अभ्यास गराउने जस्ता कार्यकलापहरू सञ्चालन गरेको पाइयो जसबाट विद्यार्थीहरूको लेखनमा शुद्धीकरण तथा सुधार भएको भन्ने प्रतिक्रिया समेत पाइयो ।

अध्ययनमा संलग्न आधाभन्दा बढी शिक्षकहरूले व्याकरण शिक्षण गर्दा आगमन विधिको प्रयोग गर्ने प्रतिक्रिया पाइयो भने ज्यादै कम शिक्षकहरूले मात्र निगमन विधिको उपयोग गरी शिक्षण गर्ने गरेको पाइयो । धेरैजसो शिक्षकहरूले आगमन बाहेक भाषा पाठ्पुस्तक विधिको माध्यमबाट शिक्षण गरिने प्रतिक्रिया दिए भने केही शिक्षहरूले भाषासंसर्ग विधिको प्रयोगबाट शिक्षण गर्ने कुरा बताए । ज्यादै कम शिक्षकहरूले व्यारणका कुनै-कुनै कक्षाकार्यकलाप सञ्चालन गर्दा व्याकरणिक खेल खेलाउने, खेल विधिको प्रयोग गर्ने तथा खोज विधिलाई समेत  कहिलेकाहीँ उपयोग गर्ने गरेको प्रतिक्रिया दिएका छन् । यसरी अध्ययनको क्रममा व्याकरण शिक्षणमा प्रभावकारिता ल्याउन आगमन विधिको प्रयोग गरिनु पर्ने, पाठसँग सम्बन्धित शैक्षिक सामग्रीको उपयोग गर्नुपर्ने, विद्यर्थीको लेखनको शुद्धीकरण गरिनु पर्ने, पाठ्यपुस्तक बाहेक शिक्षक निर्देशिका लगायत अन्य सन्दर्भ सामग्रीको प्रयोग गर्ने र विद्यार्थीहरूलाई पनि प्रयोग गर्न लगाउनु पर्ने जस्ता प्रतिक्रियाहरू शिक्षकहरूबाट प्राप्त भएको पाइयो ।

### ६.१.२ कक्षा अवलोकनबाट प्राप्त तथ्यहरू

कक्षा अवलोकन अनुसार अधिकांश विद्यालयहरूमा विद्यार्थीहरूको बसाइ व्यवस्था र शैक्षिक वातावरण उपयुक्त रहेको पाइयो । प्राय: विद्यालयहरूमा कमजोर विद्यार्थीलाई उचित ध्यान दिए पनि शिक्षक र विद्यार्थी बीचमा भने प्रसास्त अन्तरक्रिया भएको पाइएन । धेरैजसो विद्यालयहरूमा प्रकाशको उचित व्यवस्था हुनुका साथै कक्षाकोठामा वाह्य वातावरणको प्रभाव नरहेको अवस्था पाइयो । कक्षा शिक्षणका क्रममा धेरै शिक्षकको व्यक्तित्व उत्तम हुनुका साथै शिक्षणका क्रममा मिलनसार व्यवहार प्रस्तुत गरेको, केही शिक्षकहरूले मात्र पूर्वपाठमा आधारित भएर कक्षा शिक्षण गरेको पाइयो भने धेरै शिक्षकहरू पूर्वपाठमा आधारित नभई शिक्षणमा केन्द्रित रहेको पाइयो । प्राय सबै शिक्षकहरूले पाठको उद्देश्य बमोजिम शिक्षण गरे पनि आफूले पढाउने पाठको उद्देश्य विद्यार्थीहरूलाई नबताएको पाइयो । अधिकांश शिक्षकले विद्यार्थीको वैयक्तिक क्षमता अनुसार सिक्ने वातावरण सिर्जना गरेको र विद्यार्थीको रुची क्षमता र आवश्यकतासँग मिल्ने शिक्षणविधि तथा क्रियाकलापको उपयोग गरेको पाइयो ।

कक्षा अवलोकनको क्रममा देखिएका विवरणहरूको आधारमा अधिकांश शिक्षकहरूमा पर्याप्त विषयवस्तुको ज्ञान भए तापनि कमै मात्र शिक्षकले पाठको क्रमबद्ध प्रस्तुतीकरण गर्न सकेको साथै उदाहरणको उपयुक्तता पनि मध्यमस्तरको मात्र रहेको पाइयो । व्याकरण शिक्षणमा

प्रयोग गरिने आधुनिक विधिहरू जस्तै : आगमन विधि, भाषा, पाठ्यपुस्तक विधि, खोजविधि, जस्ता विधिहरू आधुनिक र बढी प्रभावकारी मानिए पनि अधिकांश शिक्षकहरूले पुरानो निगमन विधिकै प्रयोगबाट शिक्षण गर्ने गरेको पाइयो भने केही शिक्षकहरूले मात्र आगमन र भाषा पाठ्यपुस्तक विधिको प्रयोग गरेको पाइयो । शिक्षण क्रियाकलाप पश्चात् सबै शिक्षकहरूबाट मूल्याङ्कन कार्यलाई जोड दिए तापनि धेरैजसो शिक्षकले मूल्याङ्कनमा प्रायः सबै विद्यार्थीलाई समेट्ने प्रयास गरेको तथा पाठको उद्देश्य अनुसार मूल्याङकन गरेको पाइयो । अधिकांश शिक्षकहरूद्वारा प्रश्नोत्तर पछि विद्यार्थीहरूलाई पृष्ठपोषण प्रदान गरिएको, केही शिक्षकहरूले कक्षा कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गरेको पाइयो ।

समग्रमा हेर्दा अध्ययनमा संलग्न शिक्षकहरू कसैले पनि लिखितरूपमा पाठयोजनाको निर्माण गरेको पाइएन । अधिकांश शिक्षकहरूले पूर्व तयारीको रूपमा लिखित पाठयोजना नबनाए तापनि मानसिक रूपमा तयार रहेको तथा शिक्षण अनुभवका आधारमा शिक्षण कार्यकलाप सञ्चालन गरेको कुरा अवलोकनबाट स्पष्ट भएको छ । गृहकार्यको सन्दर्भमा अधिकांश शिक्षकहरूको तौड तरिका एकै प्रकारको रहेको पाइयो । कक्षा क्रियाकलाप पश्चात् गृहकार्यको रूपमा पाठमा दिइएको अभ्यास र प्रश्नोत्तर लेखेर ल्याउन लगाएको पाइयो । सरकारी विद्यालयमा भन्दा निजी विद्यालयमा विद्यार्थी संख्या कम भएकोले गृहकार्य जाँच्ने कार्यमा निजी विद्यालयमा कार्यरत शिक्षकहरूको बढी सकृयता पाइयो भने सरकारी विद्यालयमा कार्यरत शिक्षकहरूमध्ये धरैजसोले गृहकार्य जाँच्ने र नगर्ने विद्यार्थीहरूलाई सचेत गराउने गरेको पाइयो । अधिकांश शिक्षकहरूले पाठसँग सम्बन्धित र सान्दर्भिक शैक्षिक सामग्रीको उपयोग गरेको पाइएन । शिक्षक निर्देशिका तथा आवश्यक सन्दर्भ सामग्रीको प्रयोग ज्यादै कम शिक्षकहरूले मात्र गरेको पाइयो । यसरी कक्षा अवलोकनका आधारमा कक्षा-१० मा व्याकरण शिक्षण गर्ने अधिकांश शिक्षकहरूले उपयुक्त शिक्षण विधिको प्रयोग गरेर विद्यार्थीहरूको सिर्जनात्मक क्षमता बढाउने क्रियाकलाप गर्ने प्रयास गरे तापनि विद्यार्थी केन्द्रित विधिको कम प्रयोग भएको कारणले विद्यार्थी भन्दा कक्षा कार्यकलापमा शिक्षकको सक्रियता बढी रहेको पाइयो ।

### ६.१.३ प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्यको तुलनात्मक निष्कर्ष

कक्षा दशमा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावली अनुसार अधिकांश शिक्षकहरूले आफूले पढाउने विषयको दैनिक पाठयोजना र धेरैजसोले वार्षिक शैक्षणिक योजना निर्माण गर्ने गरेको प्रतिक्रिया दिए पनि कक्षा अवलोकनको क्रममा केही शिक्षकले

मात्र वार्षिक शैक्षणिक योजना निर्माण गरेको बाहेक कुनै पनि शिक्षकले लिखित पाठयोजना लगायत अन्य कुनै पनि योजन निर्माण गरेको पाइएन । प्रश्नावली अनुसार धेरैजसो शिक्षकले शिक्षण गर्दा दैनिक उपयोगमा आउने शैक्षिक सामग्रीहरू चक, डस्टर, कालो/सेतो पाटी, वोर्डमार्कर, पाठ्यपुस्तक बाहेक अन्य सन्दर्भ सामग्री, फलाटिन पाटी, शब्द-वाक्यपत्ती, गोजी तालिका, चार्ट तस्वीर, क्यासेट प्लेयर, जस्ता शैक्षिक सामग्रीको प्रयोग गरिन्छ भनी प्रतिक्रिया दिएतापनि कक्षा अवलोकन गर्दा दैनिक प्रयोगका सामग्री बाहेक अन्य कुनै शैक्षिक सामग्रीको प्रयोग गरेको पाइएन ।

अध्ययनमा संलग्न धेरैजसो शिक्षकले नेपाली व्याकरणको शिक्षण गर्दा आगमन तथा भाषा पाठयपुस्तक विधिको प्रयोग गर्ने गरेको र निगमन विधिको प्रयोग नगरेको प्रतिक्रिया दिएको भएता पनि कक्षा अवलोकनका क्रममा धेरै शिक्षकहरूले निगमन विधिको प्रयोग बढी भन्दा बढी गरेको पाइयो । कक्षाकार्यकलापलाई व्यवस्थित एवं प्रभावकारी बनाइ व्याकरण शिक्षणमा आधुनिक विधि तथा प्रविधिहरूको उपयोग गरिनु पर्ने, उद्देश्य अनुरूपका शैक्षिक सामग्रीहरू उपयोग गरिनु पर्ने, विद्यार्थीहरुको लेखनलाई शुद्ध र परिष्कृत गरिनु पर्ने, पाठ्यपुस्तकमा मात्र सिमित रहने बानीलाई  न्युनीकरण गर्दै अन्य सन्दर्भसामग्रीको प्रयोगलाई व्यापक बनाउनु पर्ने, निगमन विधिलाई क्रमशः कम भन्दा कम प्रयोग गर्दै आगमन विधिको प्रयोग तर्फ बढी जोड दिई व्याकरण शिक्षण गर्नु पर्ने जस्ता कुराहरू प्रत्यक्ष कक्षा अवलोकनको क्रममा देखापरेका शिक्षण सिकाई कार्यकलापका व्यवहारिक पक्षहरू हुन् । प्रशनावलीमा यी उल्लेख भएका सन्दर्भमा केही शिक्षकहरूका सकारात्मक प्रतिक्रिया प्राप्त भए तापनि व्यवहारमा भने धेरै अन्तर रहेको पाइयो ।

### ६.१.४ सरकारी र निजी विद्यालयका तथ्यहरूको तुलनात्मक निष्कर्ष

कक्षा अवलोकन अनुसार निजी तथा सरकारी विद्यालयमा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने कुनै पनि शिक्षकले लिखित पाठयोजना तथा शैक्षणिक योजना निर्माण गरेको पाइएन । अधिकांश सरकारी तथा निजी विद्यालयका शिक्षकहरूले कक्षा शिक्षणका क्रममा कुनै लिखित पाठयोजना नबनाई आफूहरू मानसिक रूपमा मात्र तयार भइ शिक्षण गर्ने र थोरबहुत रूपमा शिक्षक निर्देशिकाको प्रयोग गर्ने गरेको प्रतिक्रिया दिएका छन् । करिब आधाजसो सरकारी विद्यालयको शिक्षण सिकाइ वातवरण उपयुक्त रहेको, विद्यार्थीको बसाइ व्यवस्थापन राम्रो  रहेको पाइयो भने तुलनात्मक रूपमा सरकारी विद्यालयमा भन्दा निजी विद्यालयमा वाह्य वातावरणको प्रभाव बढी रहेको र धेरै कक्षाकोठामा प्रकाशको उपयुक्त व्यवस्था

नभएको पाइयो । सरकारी तथा निजी दुवै विद्यालयहरूमा कक्षा शुरुवात पूर्वपाठमा आधारित शिक्षण क्रियाकलाप, पाठको उद्देश्य अनुसार शिक्षण, विद्यार्थीको व्यक्तिगत क्षमता अनुसार सिक्ने वातावरणको सिर्जना जस्ता क्रियाकलापमा समानता नै पाइयो ।

शिक्षण सिकाइ क्रियाकलापको सन्दर्भमा पाठको प्रस्तुतीकरण गर्ने क्रममा शिक्षकहरूमा विषयवस्तुको ज्ञान, पाठको क्रमबद्ध शिक्षण, विषय वस्तुको पर्याप्तता र उदाहरणको उपयुक्तता जस्ता विभिन्न पक्षहरूमा निजी तथा सरकारी विद्यालयका शिक्षकहरूमा तुलनातमक रूपमा खासै ठुलो अन्तर पाइएन । गृहकार्यको प्रकृतिलाई हेर्दा निजी विद्यालयमा पढ्इ तथा लेखाइ सीपको विकासमा जोड दिने खालको र सरकारी विद्यालयमा पढाइमा भन्दा बढी लेखाइ सीपमा जोड दिएको पाइयो । निजी विद्यालयको तुलनामा सरकारी विद्यालयमा निगमन विधिको प्रयोग बढी गरेको पाइयो । निजी विद्यालयहरूमा भाषा पाठ्यपुस्तक विधिको प्रयोग तुलनात्मक रूपमा बढी गरेको पाइयो भने आगमन विधिमा भने समानता रहेको पाइयो । समग्रमा कक्षा कार्यकलाप, शिक्षण विधि, मूल्याङ्कन प्रकृया, पाठको प्रस्तुतीकरण जस्ता पक्षहरूमा सरकारी तथा निजी विद्यालयहरूमा समान अवस्था नै रहेको पाइयो ।

### ६.१.५ सरकारी तथा निजी विद्यालयका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूका बीचको तथ्यको तुलनात्मक निष्कर्ष

यस अध्ययनमा संलग्न शिक्षकहरूमध्ये ७० प्रतिशत शिक्षकहरू तालिम प्राप्त र ३० प्रतिशत शिक्षकहरू तालिम अप्राप्त रहेका छन् । कक्षा शिक्षण क्रियाकलापका क्रममा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूबीच त्यस्तो ठूलो तुनात्मक भिन्नता नपाइए तापनि धेरैजसो तालिम प्राप्त, अप्राप्त शिक्षकहरूले कक्षा शिक्षणको सुरुवात उपयुक्त र विद्यार्थी केन्द्रित क्रियाकलापबाट सञ्चालन गरेको पाइयो । केही तालिम प्राप्त शिक्षकले व्याकरणतत्त्वका उदाहरणहरू विद्यार्थीलाई भन्न र खोज्न लगाउने, व्याकरणतत्त्वमा अभ्यास गराउने, विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिने र व्याकरणतत्त्वको प्रयोग गरी अलग-अलग अनुच्छेद लेख्न, लगाउने विद्यार्थीहरूलाई व्याकरणतत्त्वको परिचय, परिभाषा, नियम संरचना बताउन लगाउने गरेको साथै अधिकांश शिक्षकले कक्षा शिक्षणका क्रममा विद्यार्थीसँग छलफल गर्ने गरेको तथा शिक्षणका क्रममा व्याकरणतत्त्व सम्बन्धी आएका सम्पूर्ण समस्याहरूको समाधान शिक्षक आफैंले गरिदिने गरेको पाइयो भने थोरै संख्याका तालिम अप्राप्त शिक्षकले विद्यार्थीलाई व्याकरणतत्त्वका विविध पक्षमा अभ्यास गराउने, कक्षामा

छलफल गर्ने, विद्यार्थीले गरेको लेखनको शुद्धीकरण गरिदिने र शिक्षणका क्रममा आएका व्याकरण सम्बन्धी सम्पूर्ण समस्याको समाधान आफैंले गरिदिने गरेको पाइयो । अध्ययनमा संलग्न शिक्षकहरूमध्ये धेरैजसो तालिम अप्राप्त शिक्षकहरूले शिक्षण गर्दा निगमन विधिको प्रयोग गरेको पाइयो भने तालिम प्राप्त शिक्षकहरू धेरैजसोले आगमन विधिलाई प्रमुख विधि मानेर शिक्षण गरेको पाइयो । यसरी समग्रमा भन्नु पर्दा कक्षा शिक्षणको सुरुवात तालिमअप्राप्त शिक्षकले उपयुक्त ढङ्गबाट गरेपनि कक्षाकार्यकलापका क्रममा तालिम प्राप्त शिक्षकले नै बढी प्रभावकारी तरिका अपनाएको पाइयो ।

## ६.२ सुझावहरू

प्रस्तुत शोध अध्ययनकालगि नमुना छनोटमा परेका कक्षा १० मा नेपाली भाषा र व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भरेको प्रश्नावली र शोधकर्ता आफैं विद्यालयमा उपस्थित भइ कक्षा अवलोकन फाराम भरी त्यसबाट प्राप्त भएको निष्कर्षका आधारमा निम्न लिखित सुझावहरू प्रस्तुत गरिएकोछ :

- माध्यमिक तहको पाठ्यक्रमले नेपाली भाषा पाठ्यपुस्तकमा विशेष गरी व्याकरणको सैद्धान्तिक भन्दा प्रायोगिक पक्षमा जोडदिएको हुँदा आगमनात्मक पद्धतिद्वारा विद्यार्थीलाई भाषिक सीप शिक्षण गर्ने उद्देश्यले अभ्यास खण्डमा दिइएका निर्देशनहरूलाई अनिवार्य रूपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।
- शैक्षिक क्रियाकलापको सन्दर्भमा अध्यापन कार्य योजनाबद्ध हुनु ज्यादै राम्रो मानिन्छ । व्याकरण शिक्षणलाई प्रभावकारी बनाउनका लागि योजनाबद्ध शिक्षण र सिकाइ वातावरणको आवश्यकता पर्दछ । योजनाबद्ध शिक्षणका लागि शैक्षणिक योजनाको निर्माण गरी विद्यार्थीको स्तर, क्षमता र आवश्यकता अनुसारको सिकाइ वातावरण निर्माण गर्नुपर्ने देखिन्छ ।
- त्रुटिको निराकरण गर्नु पनि व्याकरण शिक्षणको उद्देश्य रहेकोले व्याकरण शिक्षणका क्रममा पर्याप्त अभ्यासहरू गराउनु पर्ने देखिन्छ ।
- पाठको उद्देश्य पूरा गर्ने किसिमका सान्दर्भिक र स्तरीय शैक्षिक सामग्रीको प्रयोग गर्नाले सिकाइलाई बढी सरल, सहज, प्रभावकारी र दिगो बनाउँछ । जसको लागि उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गरी व्याकरण शिक्षण गर्नुपर्ने देखिन्छ ।

- शिक्षणलाई प्रभावकारी बनाउनका लागि कक्षाकोठाको वातवरणले महत्त्वपूर्ण भूमिका खेल्ने हुनाले कक्षा कोठाका भित्ताहरूमा व्याकरण शिक्षण गर्न उपयुक्त हुने किसिमका शैक्षिक सामग्रीहरू सजाएर राख्नु पर्ने देखिन्छ ।
- शिक्षक र विद्यार्थीबीच प्रसस्त छलफल, प्रश्नोत्तर र अन्तरक्रिया गर्ने गरी व्याकरण शिक्षणका क्रियाकलाप सञ्चालन गर्नुपर्ने भएकोले बसाइ वातावरण सहज एवम् उपयुक्त हुनुपर्ने देखिन्छ ।
- व्याकरण शिक्षण गर्दा विद्यार्थी केन्द्रित विधि तथा क्रियाकलापको उपयोग गरी विद्यार्थीहरूलाई नै बढी सक्रिय गराएर व्याकरणतत्त्वका विविध पक्षमा प्रसस्त अभ्यास गराउनु पर्ने देखिन्छ ।
- विद्यार्थीहरूको रुची, चाहना, इच्छा, क्षमता तथा विशेषताका आधारमा समूह विभाजन गरी सहज शिक्षण सिकाइ वातावरणको सिर्जना गर्नुपर्ने देखिन्छ ।
- व्याकरण शिक्षणलाई अझ प्रभावकारी बनाउन समय समयमा व्याकरणिक खेल विधिको प्रयोग गरी शिक्षण गर्नुपर्ने देखिन्छ ।
- व्याकरण शिक्षण गर्दा कक्षामा विभिन्न भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरू हुने हुँदा नेपाली भाषा तथा व्याकरण क्षेत्रका उनिहरूले त्रुटि गर्न सक्ने सम्भावित क्षेत्रहरूको निर्क्योल गरी क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- व्याकरण शिक्षणलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार श्रव्य, दृश्य सामग्रीहरूको प्रयोगमा जोड दिनुपर्ने देखिन्छ ।
- विद्यार्थीहरूलाई सकेसम्म बढी भन्दा बढी भाषिक व्यवहारमा सक्रिय बनाउने किसिमका क्रियाकलाप तथा अभ्यासात्मक कार्यहरूमा सरिक गराउनु पर्ने देखिन्छ ।
- सरकारी तथा निजी दुबै प्रकारका विद्यालयका शिक्षकहरूले विद्यार्थीको स्तर अनुकूलका व्याकरणका प्रतियोगितात्मक क्रियाकलापहरू सञ्चालन गर्नुपर्ने आवश्यकता देखिन्छ ।
- सरकारी तथा निजी दुबै प्रकारका विद्यालयका शिक्षकहरूले प्रभावकारी रूपमा व्याकरण शिक्षणका क्रियाकलापहरू सञ्चालन गरी शिक्षण उपलब्धिको प्राप्तिका लागि निर्माणात्मक र निर्णायात्मक दुबै प्रकारका मूल्याङ्कन पद्धतिको उपयोग गर्नुपर्ने देखिन्छ ।

- निजी तथा सरकारी दुबै प्रकारका विद्यालयका शिक्षकहरूले नेपाली भाषा एवम् व्याकरण शिक्षणलाई कक्षा क्रियाकलापमा प्रभावकारी रूपले सञ्चालन गर्न शिक्षकले निरन्तर रूपमा विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरी शिक्षण सिकाइलाई प्रभावकारी बनाउन विशिष्टीकरण तालिका अनुरूपका प्रश्न निर्माण गर्ने, उत्तर कुञ्जिका निर्माण गरी उत्तरपुस्तिका परीक्षण गर्ने र विद्यार्थीलाई निरन्तर पृष्ठपोषण गर्नुपर्ने आश्यकता देखिन्छ ।
- व्याकरण शिक्षण गर्दा भाषा पाठ्यपुस्तक तथा बढी भन्दा बढी आगमन विधिको प्रयोग गर्नु आवश्यकता देखिन्छ ।
- व्याकरण शिक्षणलाई प्रभावकारी रूपमा शिक्षण गर्ने क्रममा शिक्षक वर्गको भनाइ र गराइमा तालमेल नदेखिएकोले आफूले दिएका सुझावहरूलाई आफैबाट कार्यान्वयन गराउँदै लैजानु पर्ने आवश्यकता देखिन्छ ।
- व्याकरण शिक्षणको अध्ययनसँग सम्बन्धित कतिपय विषयमा सरकारी तथा निजी विद्यालयका शिक्षकहरूले पूर्ण रूपमा जिम्मेवारी बहन गरी शिक्षण गर्नुपर्ने र यसको लागि सम्बन्धित क्षेत्र तथा निकायबाट समय-समयमा विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षण कार्य गरी सुधारको लागि आवश्यक सहयोग, सुझाव, सल्लाह तथा पृष्ठपोषण प्रदान गर्नुपर्ने देखिन्छ ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०६१), **नेपाली भाषा शिक्षण,** काठमाडौ : विद्यार्थी पुस्तक भण्डार

..........................(२०६२), **सामाजिक र प्रायोगिक भाषा विज्ञान** ,काठमाडौं : रत्न पुस्तक भण्डार ।

............................२०६३), **भाषा शिक्षण :केही परिप्रेक्ष्य तथा पद्धति,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

..........................(२०५८), **समसामयिक नेपाली व्याकरण** ,काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी,हेमाङ्गराज र बद्रीविशाल भट्टराई (सम्पा.) (२०६१)**, प्रयोगात्मक नेपाली शव्दकोश**, काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि.।

घिमिरे ,कृष्णप्रसाद (२०५५), **निम्न माध्यमिक तहका नेपाली भाषा पुस्तकमा प्रयुक्त व्याकरण नमुना अभ्यासहरूको अध्ययन,** काठमाडौं : शिक्षाशाास्त्र, अप्रकाशित शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

गिरी ,तिलकदेव (२०५८), **वर्तमान माध्यमिक तहका नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट व्याकरण विधाको विश्लेषणात्मक अध्ययन,** काठमाडौं : शिक्षाशास्त्र,अप्रकाशित शोधपत्र नेपाली शिक्षा विभाग त्रि.वि. कीर्तिपुर ।

ढकाल ,शान्तिप्रसाद (२०६४), **नेपाली भाषाशिक्षण परिचय र प्रयोग**, काठमाडौं : मनकामना वुक्स एन्ड स्टेसनरी ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दहाल (२०६३) ,**नेपाली भाषाशिक्षण** , काठमाडौं : एम.के. पब्लिसर्स एन्ड डिष्ट्रिब्युटर्स ।

थापा,गीरमान (२०५६), **कक्षा नौमा नेपाली भाषा शिक्षण गर्दा अपनाइएका शिक्षण सिकाइ क्रियाकलापको अध्ययन,** काठमाडौं : अप्रकाशित स्नातकोत्तर शोधपत्र महेन्द्ररत्न ताहाचल ।

थापा, सुशीला (२०५९),**कक्षा १० मा अध्ययनरत विद्यालर्थीहरूमा लेख्यचिह्न प्रयोग क्षमताको अध्ययन,** काठमाडौं : शिक्षाशास्त्र, अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र (प्रथम सं.२०६४) ,**माध्यमिक शिक्षा पाठ्यक्रम,** नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,सानोठिमी ,भक्तपुर ।

पौडेल, नेत्रप्रसाद र गणेशप्रसाद खनाल (दो.सं.२०६१), **नवीन नेपाली व्याकरण,** काठमाडौं : पैरवी प्रकाशन ।

भण्डारी, पारसमणि (२०६३), **स्नातकोत्तर नेपाली शिक्षण शोधविवरण**, काठमाडौं : न्यु हिरा बुक्स ।

भण्डारी, पारसमणि (२०६८), **भाषिक अनुसन्धान विधि,** काठमाडौं : पिनाकल पब्लिकेसन ।

लम्साल,रामचन्द्र (२०६३), **नेपाली भाषाको माकीकरणमा व्याकरणको योगदान,** 'संयोजन अङ्क १,' काठमाडौं : महेन्द्ररत्न क्याम्पस,ताहचल।

लामिछाने, यादव प्रकाश (२०६४),**नेपाली भाषाशिक्षण परिचय,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

.......................,(२०६५), **नेपाली भाषा र व्याकरण,** काठमाडौं : सनलाइट  पव्लिकेशन ।

शर्मा,केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०),**नेपाली भाषा र साहित्य शिक्षण**,काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

सामूहिक लेखन (२०६३),**नेपाली भाषाशिक्षण-सक्षमतामा आधारित निम्नमाध्यमिक तथा माध्यमिक शिक्षक तालिम**, भक्तपुर : नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,शैक्षिक जनशक्ति विकास केन्द्र ।

सुवेदी ,सीता (२०५९),**कक्षा-९मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन**, काठमाडौं : शिक्षाशास्त्र, अप्रकाशित शोधपत्र नेपाली भाषा शिक्षा विभाग त्रि.वि., कीर्तिपुर ।

## परिशिष्ट-'अ'

## अध्ययनका लागि नमुना छनोटमा परेका विद्यालयहरू

| क्रं. सं. | विद्यालयको नाम | ठेगाना | किसिम | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा |
| १ | श्री आदर्श उ.मा.वि .इलाम | इलाम बजार | सरकारी | ७२ | ९५ | १६७ |
| २ | श्री भगवती मा.वि.गोलाखर्क | गोलाखर्क, | सरकारी | २६ | ३५ | ६१ |
| ३ | श्री अमर उ.मा.वि.बरबोटे | इलाम | सरकारी | ४२ | ५३ | ९५ |
| ४ | श्री नेपालटार उ.मा.वि.नेपालटार | बरवोटे, इलाम | सरकारी | २७ | ४२ | ६९ |
| ५ | श्री जीतपुर उ.मा.वि.जीतपुर | साँखेजुङ्ग, | सरकारी | ४५ | ५६ | १०१ |
| ६ | श्री ज्योतिसदन वोर्डिङ्ग स्कुल | इलाम | निजी | २२ | १८ | ४० |
| ७ | श्री हेरिटेज नेशनल एकाडेमी | जीतपुर, इलाम | निजी | १५ | १० | २५ |
| ८ | श्री माउण्टमेचि वोर्डिङ्ग स्कुल | इलाम बजार | निजी | १४ | ९ | २३ |
| ९ | श्री ग्रीनभ्याली एकाडेमी | इलाम बजार | निजी | २३ | १५ | ३८ |
| १० | श्री इलाम विद्या मन्दिर | इलाम बजार | निजी | २४ | १८ | ४२ |
| | | इलाम बजार | | | | |
| | | इलाम बजार | | | | |

## परिशिष्ट-'आ'

त्रि.वि.शिक्षाशास्त्र अन्तर्गत श्री सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर मोरङ्गको स्नातकोत्तर तहको नेपाली भाषा शिक्षा विभागमा प्रस्तुत गरिने शोधपत्रको आंशिक आवश्यक्ता पूर्तिका लागि प्रस्तुत -

**प्रश्नावली**

**(शोध पत्रमा शिक्षकको नाम उल्लेख गरिने छैन)**

शिक्षकको नाम : मिति :

विद्यालयको नाम र ठेगाना :

शैक्षिक योग्यता : अध्यापन गर्ने विषय :

शिक्षकको मातृभाषा : लिङ्ग :

शिक्षण गर्दै गरेको कक्षा : शिक्षकले अध्ययन गरेको संकाय :

विद्यार्थी सङ्ख्या : छात्र : छात्रा : शिक्षा /मानविकी

१. तपाई कक्षामा व्याकरण शिक्षण गर्नु पूर्व पाठ्योजना बनाउनु हुन्छ ?

(क) बनाउँछु (ख) बनाउदिन

२. यदि पाठयोजना बनाउनु हुन्छ भने त्यसबाट प्राप्त भएका सकारात्मक पक्षहरू कुन हदसम्म अनुभव गर्नु भएको छ ?

| क्रं. सं. | सकारात्मक पक्षहरू | अति धेरै | धेरै |
|---|---|---|---|
| क. | पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्य समयभित्र पूरा हुन्छन्। | | |
| ख. | शिक्षण कार्य, नियमित, योजनाबद्ध र प्रभावकारी हुन्छ। | | |
| ग. | शिक्षकलाई सही मार्ग निर्देश गर्छ। | | |
| घ. | पठ्यक्रमको मर्म अनुसार क्रियाकलाप सञ्चालन हुन्छ। | | |
| ङ. | अन्य | | |

३. यदि व्याकरण शिक्षण गर्न पाठयोजना बनाउने गर्नु भएको छैन भने किन ?

**क**. आवश्यक नठानेर **ख**. वेफुर्सदको कारणले

**ग**. बनाउने तरिका थाहा नभएर

४. कक्षा-१० मा व्याकरण शिक्षण गर्नुको मुख्य उद्देश्य के हुन सक्छ ?

**क**. भाषिक सीप विकास गर्न **ख**. व्याकरणका आधारभूत नियम पालन गर्नका लागि

**ग**. विधाका पाठहरूको प्रकृतिअनुसारका व्याकरण तत्त्वको पहिचान र तिनको उपयुक्त प्रयोग गर्ने क्षमता विकासका लागि,

५. आफुले पढाउने विषयमा वार्षिक शैक्षणिक योजना बनाउने गर्नु भएको छ ?

**क**. छ **ख**. छैन

६. यदि वार्षिक शैक्षणिक योजना बनाउनु भएको छ भने त्यसबाट के कस्ता फाइदाहरू हुन सक्छन् ? (मुख्य-मुख्य फाइदाहरूको बुँदागत उल्लेख गर्नुहोस्)

**क**.

**ख**.

**ग**.

**घ**.

**ङ**.

..........................................................................................................

७. दैनिक पाठयोजना र वार्षिक शैक्षणिक योजना बाहेक अन्य कुनै प्रकारका शैक्षणिक योजना बनाउने गर्नु भएको छ ?

**क**. गरेको छ । **ख**. गरेको छैन

८. व्याकरण शिक्षण गर्दा दैनिक उपयोगमा आउने शैक्षिक सामग्री बाहेकका अन्य शैक्षिक सामग्री पनि प्रयोग गर्नु हुन्छ ?

**क**. प्रयोग गर्ने गरेको छ । **ख**. प्रयोग गर्ने गरेको छैन ।

९. यदि प्रयोग गर्नु भएको छ भने ती के के हुन ?

क.

ख.

ग.

घ.

ङ.

१०. यदि अन्य शैक्षिक सामग्रीको प्रयोग गर्नु हुन्न भने किन ?

**क.** समय अभाव भएर **ख.** शैक्षिक सामग्रीको उपयोगिता थाहा नभएर

**ग.** सामग्री निर्माण सम्बन्धी सीप नभएर **घ.** आवश्यक नभएर ।

११. कक्षा १० मा व्याकरण शिक्षण गर्दा कुन-कुन विधि बढी मात्रामा उपयोग गर्नु हुन्छ ?

**क.** निगमन विधि **ख.** आगमन विधि

**ग.** भाषा पाठ्यपुस्तक विधि **घ.** भाषा संसर्ग विधि

**ङ.** खोज विधि **च.** खेल विधि **छ.** अन्य विधि ।

१२. कक्षा १० मा शब्दवर्ग शिक्षण गर्दा के कस्ता क्रियाकलापहरू सञ्चालन गर्दै, गराउदै आउनु भएको छ ?

| क्र. स. | क्रियाकलापहरू | अति धेरै | धेरै | कम | ज्यादै कम |
|---|---|---|---|---|---|
| (क) | शव्दवर्गको वर्गीकरण र परिभाषा शिक्षकले वताइदिने । | | | | |
| (ख) | शव्दवर्गका प्रशस्त उदाहरणहरू विद्यार्थी स्वयम्लाई भन्न लगाउने । | | | | |
| (ग) | शव्दवर्गको वर्गीकरण गरी परिभाषा पनि विद्यार्थीहरूलाई भन्न लगाउने । | | | | |
| (घ) | उदाहरण वा अनुच्छेद पढ्न दिएर त्यसमा भएका सवै वर्गका शव्दहरू रेखाङ्कित गरी छुट्याउन विद्यार्थीहरूलाइ नै लगाउने । | | | | |
| (ङ) | शिक्षक आफैंले सबै समस्याहरू समाधान गरिदिने । | | | | |

शव्दवर्ग शिक्षणलाई कक्षामा अझ बढी प्रभावकारी बनाउन के कसरी शिक्षण गरेमा राम्रो हुन सक्ला ?

..............................................................................

१३. पद सङ्गति शिक्षण गर्दा के कस्ता शिक्षण सिकाइ क्रियाकलापहरू गर्दै, गराउँदै आउनुभएको छ ?

| क्र. स. | क्रियाकलापहरू | धेरै जसो | कहिले काहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|---|
| (क) | लिङ्ग, वचन, पुरुष, आदर, नमिलेका वाक्यहरू शिक्षकले श्याम/सेतो पाटीमा लेखि दिएर विद्यार्थीहरूलाई ती वाक्य मिलाउन लगाउने । | | | | |
| (ख) | विद्यार्थीहरूलाई पदसङ्गति नमिलेका र अभ्यासमा दिइएका वाक्यहरूमा प्रशस्त अभ्यास गराउने । | | | | |
| (ग) | पदसङ्गति मिलेका र नमिलेका वाक्यहरू मिसाएर दिने र विद्यार्थीहरूलाई छुट्याउन लगाउने । | | | | |
| (घ) | पदसङ्गति के हो विद्यार्थीलाई नै भन्न लगाउने । | | | | |
| (ङ) | लिङ्ग, वचन, पुरुष, आदर मिलाएर विद्यार्थीहरूलाई कुनै विशिष्ट व्यक्तित्वको बारेमा अनुच्छेदहरू लेख्न लगाउने । | | | | |
| (च) | शिक्षक आफैंले पदसङ्गतिको परिभाषा र यसका नियम वताइदिने । | | | | |

व्याकरण शिक्षणमा प्रभावकारिता ल्याउन पदसङ्गति शिक्षण अझ राम्ररी के कसरी गर्न सकिन्छ .? ..................................................

१४. व्याकरण शिक्षणको क्रममा धातु शिक्षण गर्न र मूल धातु, नाम धातु तथा प्रेरणार्थक धातु छुट्याउन के कस्ता क्रियाकलापहरू गराउदै आउनुभएको छ ?

| क.स. | क्रियाकलापहरू | धेरैजसो | कहिलेकाहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|---|
| (क) | क्रियापदहरू दिएर विद्यार्थीहरूलाई नै धातु पत्ता लगाउन लगाउने । | | | | |
| (ख) | कालो/सेतो पाटीमा विभिन्न क्रियाहरू लेखि दिएर विद्यार्थीहरूलाई मूल धातु, नाम धातु र प्रेरणार्थक धातु छुट्याउन लगाउने । | | | | |
| (ग) | कुनै पाठको अनुच्छेदमा प्रयोग भएका क्रियापदहरूका धातु र प्रत्यय विद्यार्थीहरूलाई छट्याउन लगाउने । | | | | |
| (घ) | मूल धातु, नाम धातु र प्रेरणार्थक धातुका वीचको भिन्नतालाई शिक्षक स्वयम्ले उदाहरूण समेत दिएर प्रष्टसँग बताई दिने । | | | | |

मूल धातु,नामधातु र प्रेरणार्थक धातु शिक्षण गर्दा कसरी गरिएमा व्याकरण शिक्षणमा प्रभावकारिता आउन सक्छ ?.......................

१५ . कक्षा दशमा वाक्य परिवर्तन अन्तर्गत काल र पक्ष शिक्षण गर्दा के कस्ता क्रियाकलापहरू गर्दै, गराउँदै आउनुभएको छ ?

| क्रियाकलापहरू | धेरै जसो | कहिले काहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|
| (क) विद्यार्थीहरूलाई सबै काल र पक्ष जनाउने विभिन्न वाक्यहरू दिने र निर्देशनका आधारमा तिनीहरूको परिवर्तन गर्न लगाउने । | | | | |
| (ख) विद्यार्थीहरूबाटै काल र पक्षका नियम खोज्न लगाउने । | | | | |
| (ग) विद्यार्थीहरूलाई सबै काल र पक्षहरूका क्रियापदको प्रयोग गरी १।१वटा अनुच्छेद लेख्न लगाउने । | | | | |
| (घ) शिक्षक स्वयम्ले सबै काल तथा पक्षका उदाहरणहरू पाटीमा लेखिदिने र सबै काल, पक्षको परिभाषा, नियम र संरचना बताइदिने । | | | | |

कक्षा १० मा वाक्य परिवर्तन अन्तर्गत काल र पक्ष शिक्षण गर्दा कसरी गरिएमा व्याकरण शिक्षणमा प्रभावकारिता आउन सक्छ ?....................

१६.  कक्षा १० मा वाच्य परिवर्तन अन्तर्गत कतृवाच्य, कर्मवाच्य र भाववाच्य शिक्षण गर्दा कक्षामा के कस्ता शिक्षण क्रियाकलापहरूको प्रयोग गर्दै आउनु भएको छ ?

| क्रियाकलापहरू | धेरै जसो | कहिले काहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|
| (क) कतृवाच्य, कर्मवाच्य र भाववाच्यका वाक्यहरू अलग-अलग रूपमा समावेश गरी तालिका बनाएर शिक्षकले देखाइ दिने र विद्यार्थीहरूलाई नै छुट्याउन लगाउने । | | | | |
| (ख) दिइएको निर्देशनका आधारमा विद्यार्थीहरूलाई नै वाच्य परिवर्तन गर्न लगाउने । | | | | |
| (ग) उदाहरण सहित कतृवाच्य, कर्मवाच्य र भाववाच्य वीचको अन्तर सम्बन्धको बारेमा शिक्षक स्वयम्ले बताएर प्रष्ट पारी दिने । | | | | |
| (घ) शिक्षक स्वयम्ले वाच्य परिवर्तन सम्बन्धी नियम बताइ दिने । | | | | |
| (ङ) कुनै पाठ वा अनुच्छेदबाट फरक-फरक वाच्य जनाउने क्रियापदहरू विद्यार्थीहरूलाई टिपोट गर्न लगाउने । | | | | |

के कसरी शिक्षण गरिएको खण्डमा वाच्य परिवर्तनको बारेमा विद्यार्थीहरूले उपयुक्त अवधारणा विकास गर्न सक्छन् ?..........................

१७. भाव, प्रेरणार्थक र करण,अकरणका आधारमा वाक्य परिवर्तन सम्बन्धी शिक्षण गर्दा के कस्ता क्रियाकलापहरू सञ्चालन गर्दै आउनुभएको छ?

| क्रियाकलापहरू | धेरै जसो | कहिले काहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|
| (क) दिइएको निर्देशनका आधारमा विभिन्न प्रकारका वाक्यहरू दिएर विद्यार्थीहरूलाई वाक्य परिवर्तन गर्न लगाउने । | | | | |
| (ख) विद्यार्थीहरूलाई भाव,प्रेरणार्थक,करण,अकरण आदि वाक्य परिवर्तन गर्ने तरिका र नियम एवं उदाहरण भन्न लगाउने । | | | | |
| (ग) वाक्य परिवर्तन सम्बन्धी नियमहरू शिक्षक स्वयम्ले उदाहरण समेत बताइदिने । | | | | |
| (घ) विभिन्न प्रकारका वाक्यहरू सङ्कलन गरी तालिका निर्माण गरेर शिक्षक स्वयम्ले वाक्य परिवर्तन गरेर देखाइदिने । | | | | |

भाव प्रेरणार्थक र करण-अकरणका आधारमा वाक्य परिवर्तन सम्बन्धी शिक्षणलाई अझ बढी प्रभावकारी रूपमा शिक्षण गर्न अरु के गर्नु पर्ला ?

..........................................................................................................

.........

१८. कारक र विभक्तिको पहिचान र प्रयोग सम्बन्धी शिक्षण सञ्चालन गर्दा विद्यार्थीहरूमा उपयुक्त अवधारणा विकास गर्न के कस्ता क्रियाकलापहरू गर्नु उचित ठान्नु हुन्छ ?

| क्रियाकलापहरू | धेरै जसो | कहिले काहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|
| (क) सबै प्रकारका कारक र त्यस अनुसारका विभक्ति चिह्नको प्रयोग गर्दा तालिका बनाई विद्यार्थीलाई कारक र विभक्ति छुट्याउन लगाउने । | | | | |
| (ख) सबै प्रकारका कारकको प्रशस्त उदाहरण दिने र विद्यार्थीहरूलाई त्यस्तै उदाहरण खोजेर लेख्न लगाउने । | | | | |
| (ग) कारक र विभक्तिमा भएको भिन्नता विद्यार्थीहरूलाई खोज्न लगाउने । | | | | |
| (घ) सबैप्रकारका कारक र विभक्तिको प्रयोग गर्दै कुनै विषय शीर्षकमा अनुच्छेद लेख्न लगाउने । | | | | |
| (ङ) कारक र विभक्ति सम्बन्धी सम्पूर्ण समस्याहरूको समाधान शिक्षक आफैंले गरी दिने | | | | |
| (च) कारक र विभक्तिको परीभाषा एवम् तिनीहरूमा भएको भिन्नतालाई शिक्षक स्वयम्ले बताइदिने । | | | | |

कक्षा १० मा व्याकरण शिक्षण अन्तर्गत कारक र विभक्ति शिक्षण के कसरी गरेमा अझ बढी प्रभावकारी हुनसक्छ ?

.........................................................................................................

..........

१९. कक्षा-१०मा वाक्यका प्रकारको पहिचान र प्रयोग एवं वाक्य संश्लेषण सम्बन्धी ज्ञानको अभिबृद्धिका लगि के कस्ता क्रियाकलापहरू गर्दै गराउदै आउनु भएको छ ?

| क्रियाकलापहरू | धेरै जसो | कहिले काहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|
| (क) विभिन्न प्रकारका वाक्यहरूको तालिका बनाई शिक्षकले कक्षामा प्रस्तुत गर्ने र विद्यार्थीहरूलाई सरल, संयुक्त र मिश्र वाक्य छुट्याउन लगाउने । | | | | |
| (ख) कुनै अनुच्छेद दिएर विद्यार्थीहरूलाई सरल, संयुक्त र मिश्र वाक्य छुट्याउन लगाउने । | | | | |
| (ग) दिइएको निर्देशनका आधारमा विद्यार्थीहरूलाई नै वाक्य परिवर्तन एवं वाक्य संश्लेषण गर्न लगाउने । | | | | |
| (घ) सरल, मिश्र र संयुक्त वाक्य निर्माण एवं वाक्य संश्लेषण गर्ने नियम तथा तरिका शिक्षकले वताइ दिने र उदाहरण समेत देखाइदिने । | | | | |
| (ङ) धेरै वाक्यहरू दिएर वाक्य संश्लेषण गर्न लगाउने । | | | | |
| (च) सरल,मिश्र र संयुक्त तीनै किसिमका वाक्यहरू प्रयोग गरी विद्यार्थीहरूलाई कुनै विषय वस्तुमा अनुच्छेद लेख्न लगाउने । | | | | |

वाक्यका प्रकारको पहिचान र प्रयोग एवं वाक्य संश्लेषण सम्बन्धी शिक्षण के कसरी गरिएमा व्याकरण शिक्षण्मा अझ प्रभावकारिता आउन सक्छ ?

.....................................................................................................

२०. कक्षा १० मा व्याकरण शिक्षणको क्रममा शब्द निर्माण गर्दा विद्यार्थीमा उपयुक्त अवधारणा विकास गर्नका लागि के कस्ता क्रियाकलापहरू गर्दै, गराउँदै आउनु भएको छ ?

| क्रियाकलापहरू | धेरै जसो | कहिले काहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|
| (क) कुनै अनुच्छेद दिएर त्यस अनुच्छेदमा विद्यार्थीहरूलाई उपसर्ग, प्रत्यय र समास प्रक्रियाद्वारा बनेका शब्दहरू टिपोट गरी तिनको निर्माण प्रक्रिया देखाउन लगाउने । | | | | |
| (ख) प्रशस्त प्रत्यय,उपसर्ग तथा समस्त शब्दहरू दिएर विद्यार्थीहरूलाई शब्द निर्माण तथा समास भए विग्रह र विग्रह भए समास बनाउन लगाउने । | | | | |
| (ग) कालो/सेतो पाटीमा धेरै शब्दहरू लेखि दिएर विद्यार्थीहरूलाई ती शब्दहरूको मूल रूप पहिचान गरी त्यसबाट उपसर्ग वा प्रत्यय छुट्याउन लगाउने । | | | | |
| (घ) शिक्षक आफैंले कृदन्त, तद्धितान्त, व्युत्पन्न र समस्त शब्द बन्ने प्रक्रियाका बारेमा स्पष्ट बताइदिने । | | | | |
| (ङ) कृदन्त, तद्धितान्त, व्युत्पन्न र समास प्रक्रियाद्वारा बनेका समस्त शब्दहरूको तालिका निर्माण गरी शब्द निर्माण प्रक्रिया शिक्षक स्वयम्ले कक्षामा ल्याएर देखाइदिने । | | | | |

शब्द निर्माण प्रक्रिया शिक्षण गर्दा कसरी गरिएमा शिक्षणमा प्रभावकरिता आउन सक्ला ? ...............................................

२१. कक्षा १० मा व्याकरण शिक्षण अन्तर्गत वर्ण विन्यासको प्रयोग द्वारा विद्यार्थीहरूमा व्यवहारिक ज्ञान अभिबृद्धि गर्नका लगि के कस्ता क्रियाकलाप गर्दै, गराउदै आउनु भएको छ ?

| क्रियाकलापहरू | धेरै जसो | कहिले काहीँ | ज्यादै कम | गराएको छैन |
|---|---|---|---|---|
| (क) वर्ण विन्यास र यसको प्रयोग, आवश्यक्ता तथा नियम सम्बन्धमा कक्षामा विद्यार्थीसँग प्रश्नोत्तर गर्ने । | | | | |
| (ख) विद्यार्थीहरूलाई श्रुतिलेखन तथा अनुलेखन गराउने । | | | | |
| (ग) विद्यार्थीहरूलाई वर्ण विन्यासका दृष्टिले कठिन लागेका अनुच्छेद तथा पाठका अंश तोकी सार्न लगाउने । | | | | |
| (घ) पदयोग र पदवियोग, लेख्य चिह्नको सही प्रयोग, अशुद्धलाई शुद्ध गर्ने, शिरबिन्दु र चन्द्रबिन्दुको प्रयोग वारे कक्षामा छलफल गराउने । | | | | |
| (ङ) शिक्षक स्वयम्ले वर्ण विन्यास र यसको प्रयोग सम्बन्धी सम्पूर्ण नियमहरू बताइदिने । | | | | |
| (च) शिक्षक आफैंले वर्णविन्यास सम्बन्धी सम्पूर्ण समस्याहरूको समाधान गरिदिने । | | | | |

वर्ण विन्यास र यसको प्रयोग सम्बन्धी शिक्षणलाई अझ प्रभावकारी बनाउन अरु के कस्ता क्रियाकलापहरू अपनाउन सकिन्छ ?

.........................................................................................................

.........

## कक्षा अवलोकन फाराम

१. विद्यालयको नाम र ठेगाना: मिति :

२. कक्षा : १० विद्यार्थी सङ्ख्या :

३. विषय :नेपाली छात्र :

४. विधा : छात्रा :

५. पाठ : घण्टी :

६. पाठ्यवस्तु :

७. शैक्षिक योग्यता :

८. सङ्काय : शिक्षा/मानविकी

**१. कक्षामा शिक्षण सिकाइ वातावरण :-**

(क) कक्षामा विद्यार्थीको बसाइ व्यवस्थापन कस्तो छ ?

उत्तम मध्यम अनुपयुक्त

(ख) कक्षामा कमजोर तथा अपाङ्गता भएका विद्यार्थीहरूलाई उचित ध्यान दिइएको छ ?

छ छैन

(ग)कक्षा कोठा भित्र भित्तामा शैक्षिक सामग्री राखिएको छ ? छ छैन

(घ) कक्षाकोठा भित्र प्रकाशको व्यवस्था कस्तो छ ?

उपयुक्त मध्यम अनुपयुक्त

(ङ) शिक्षण सिकाइको क्रममा शिक्षक र विद्यार्थी बीच कस्तो अन्तरक्रिया हुन्छ ?

प्रशस्त हुन्छ ज्यदै कम हुन्छ हुँदैन

| २. शिक्षकको व्यक्तित्व | | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| क. | सरसफाइ | | | |
| ख. | स्पष्टवक्ता | | | |
| ग. | आत्मविश्वास | | | |
| घ. | भषिक शुद्धता | | | |
| ङ. | मिलनसारिता | | | |
| च. | सहयोगी भावना | | | |
| छ. | अन्य केही भए | | | |

| ३. कक्षाको सुरुवात | | छ | छैन |
|---|---|---|---|
| क. | कक्षाको प्रारम्भमा रमाइलो ढङ्गले विद्यार्थीलाई ध्यानाकर्षण गरिएको | | |
| ख. | शिक्षक कक्षामा हँसिलो चेहरा र मिलनसार व्यवहारका साथ प्रवेश गरेको | | |
| ग. | अघिल्लो पाठको स्मरण गराउदै कक्षा सुरुवात गरिएको | | |
| घ. | पाठको उद्देश्य अनुरूप शिक्षण गरिएको | | |
| ङ. | पाठ शिक्षणको उद्देश्य विद्यार्थीलाई बताइएको | | |
| च. | व्यक्तिगत क्षमता अनुसार विद्यार्थीलाई सिक्ने वातावरणको सिर्जना गरिएको | | |
| छ. | विद्यार्थीको इच्छा, रूचि ,चाहना, क्षमता र आवश्यक्ता अनुसारको शिक्षण विधि तथा क्रियाकलाप सञ्चालन गरिएको | | |

| ४. शिक्षणीय पाठको प्रस्तुतीकरण | | उत्तम | मध्यम | निम्न |
|---|---|---|---|---|
| क. | विषयवस्तुको ज्ञान | | | |
| ख. | पाठको क्रमवद्ध शिक्षण | | | |
| ग. | पाठको उपयुक्त प्रस्तुतीकरण | | | |
| घ. | पाठको स्तरयुक्तता | | | |
| ङ. | उद्देश्य अनुसारको उदाहरणको प्रस्तुतीकरण | | | |
| च. | आवश्यक शैक्षिक सामग्रीको प्रयोग | | | |

| ५. शिक्षण विधिको प्रयोग | | प्रशस्त प्रयोग भएको | कम प्रयोग भएको | प्रयोग नभएको |
|---|---|---|---|---|
| क. | निगमन विधि | | | |
| ख. | आगमन विधि | | | |
| ग. | भाषा संसर्ग विधि | | | |
| घ. | भाषा पाठ्यपुस्तक विधि | | | |
| ङ. | खोज विधि | | | |
| च. | खेल विधि | | | |
| छ. | अन्य भए | | | |

| ६. विद्यार्थी मूल्याङ्कन | | प्रशस्त | आंशिक | छैन |
|---|---|---|---|---|
| क. | शिक्षणका क्रममा बीच-बीचमा विद्यार्थीहरूलाई प्रश्न गरिएको | | | |
| ख. | पाठको उद्देश्य अनुरूप मूल्याङ्कन गरिएको | | | |
| ग. | मूल्याङ्कनमा सबै विद्यार्थीलाई बरावर सहभागिता गराइएको | | | |
| घ. | कक्षा कार्य गराइएको | | | |
| ङ | आवश्यक्ता अनुसार पृष्ठपोषण प्रदान गरिएको | | | |

७. शिक्षणको लागि दैनिक पाठयोजनाको निर्माण गरिएको छ ? छ          छैन

८. शिक्षकले कस्तो खालको योजना निर्माण गरेको छ ?

(क) दैनिक पाठयोजना

(ख) बुँदा टिपोट मात्र गरिएको

(ग) शिक्षक निर्देशिकाको उपयोग गरिएको

(घ) लिखित योजना नभए पनि मानसिक रूपमा तयार गरिएको

(ङ) अन्य केहि.......................................................

९. शिक्षणमा शिक्षकद्वारा योजनाको पालना राम्रो सँग गरिएको छ ? गरिएको

छ छैन

१०. कक्षाको अन्त्यमा गृहकार्य दिइएको छ? छ छैन

११. गृहकार्य दिएको भए कुन प्रकृतिको दिइएको

(क) पढेर आउने (ख) प्रश्नोत्तर गरेर ल्याउने

(ग) उदाहरण खोजेर सिर्जनात्मक बढाउने खालको

(घ) पाठमा दिइएको अभ्यास मात्र गरेर ल्याउने ।

१२) विद्यार्थीले गरेको गृहकार्य सङ्कलन गर्ने र परीक्षण गर्ने काम भएको छ ?

छ छैन

१३. गृहकार्य जाँचेर पृष्ठपोषण प्रदान गरिएको छ ?

छ छैन

१४. गृहकार्य नगर्ने विद्यार्थीलाई सचेत गराउने काम भएको छ ?

छ छैन

१५. कक्षामा उपयोग गरिएको विधि तथा क्रियाकलापको मूल्याङ्कन ...............................

.........................................................................

१६. कक्षामा शिक्षण सिकाइको क्रममा उपयोग गरिएको शैक्षिक सामग्रीको बारेमा

.......................................................................................................

..........

१७. व्याकरण शिक्षणको प्रभावकारिताको बारेमा

.......................................................